# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत अध्ययन ध्रुवचन्द्र गौतमद्वारा लिखित **अप्रिय** (२०६७) र **सातौँ ऋतु** (२०६८) उपन्यासमा निहित उत्तर आधुनिकताको विश्लेषणमा केन्द्रित छ । ध्रुवचन्द्र गौतम (२००० साल) आधुनिक नेपाली उपन्यास परम्परामा 'आख्यान पुरूष' का नामले परिचित छन् । उनले २०२४ सालमा 'अन्त्यपछि' उपन्यास लेखेर औपन्यासिक यात्रा सुरू गरेका हुन् । मूलतः प्रयोगवादी लेखनलाई आत्मसात् गरेका गौतमका पछिल्ला उपन्यास उत्तर आधुनिक चिन्तनमा आधारित छन् । उत्तर आधुनिकता परम्परागत साहित्य लेखनको विरोधमा आएको मान्यता हो । यसले साहित्यमा प्रचलित परम्परागत मानकलाई अतिक्रमण गर्दछ । सन् १९५० को दशकबाट सुरू भएको उत्तर आधुनिक चिन्तनले साहित्यका परम्परागत मान्यताहरूलाई भत्काउँदै त्यसका स्थानमा नवीन मान्यता प्रतिष्ठापित गरेको छ । यसले मूलतः साहित्यका वस्तु पक्ष र शिल्प पक्ष दुबै माथि अतिक्रमण गरेको छ । विधा भञ्जन, पुनर्लेखन, मानक र शिष्ट व्याकरणमाथि प्रहार जस्ता मूल विशेषताहरू उत्तर आधुनिक प्रवृत्तिमा रहेका छन् । गौतमका उपन्यासमा पनि परम्परागत उपन्यास लेखनको विरोध पाइन्छ । उनले उपन्यासको परम्परित भाषिक पक्षमा समेत अतिक्रमण गरेका छन् । इन्द्र बहादुर राईद्वारा लिखित *आज रमिता छ* (२०२१) उपन्यासको अनुकरण गर्दै त्यस भन्दा पृथक् रूपमा नवीन प्रयोगका साथ उपन्यास लेखनमा प्रवृत्त हुनु गौतमको विशेषता हो । 'अप्रिय' र 'सातौँ ऋतु' उपन्यास उत्तर आधुनिक चिन्तनबाट प्रभावित प्रयोगवादी उपन्यासहरू हुन् । यी उपन्यासमा परम्परा विरोधी उत्तर आधुनिक चिन्तन पाइन्छ । अतः प्रस्तुत अध्ययनमा उनका दुई उपन्यासमा निहित रहेको उत्तर आधुनिक पक्षलाई तुलनात्मक रूपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययन ध्रुवचन्द्र गौतमद्वारा लिखित **अप्रिय** र **सातौ ऋतु** उपन्यासमा निहित उत्तर आधुनिकताको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत अध्ययनमा यी दुई उपन्यासमा के कस्ता

प्रयोगधर्मी प्रयोगशील पक्षहरू उत्तर आधुनिक प्रभावमा आएका छन् भनी अध्ययन गर्ने कार्य भएको छ । उत्तर आधुनिक मान्यताका कसीमा उनका यी निर्धारित उपन्यासहरूको तुलनात्मक अध्ययन गर्नु प्रस्तुत शोधको समस्या कथन हो । निम्न लिखित शोध प्रश्नमा केन्द्रित रहेर प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन विश्लेषण तथा निष्कर्ष प्रस्तुत गरिएको छः

क. उत्तर आधुनिकताको सैद्धान्तिक आधार र विशेषताहरू के के हुन् ?

ख. उत्तर आधुनिक चिन्तनका दृष्टिले धुव्रचन्द्र गौतमपूर्वको नेपाली उपन्यास लेखन परम्परा के कस्तो छ ?

ग. उत्तर आधुनिक मान्यताका कसीमा *अप्रिय र सातौँ ऋतु* उपन्यासको तुलनात्मक विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनका उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन्:

क. उत्तर आधुनिक सिद्धान्तको सैद्धान्तिक आधार प्रस्तुत गर्दै यसका आधारभूत विशेषता प्रस्तुत गर्नु ।

ख. उत्तर आधुनिक चिन्तनका दृष्टिले धुव्रचन्द्र गौतम पूर्वको नेपाली उपन्यास परम्पराको रेखाङ्कन गर्नु र

ग. उत्तर आधुनिक मान्यताका दृष्टिले **अप्रिय र सातौँ ऋतु** उपन्यासको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उत्तर आधुनिकताका दृष्टिले ध्रुवचन्द्र गौतमका उपन्यासमा केन्द्रित भएर गरिएका तुलनात्मक अध्ययनहरू अत्यन्त न्यून छन् । त्यसमध्ये पनि *अप्रिय र सातौँ ऋतु* उपन्याससँग सम्बन्धित भएर गरिएका पूर्वकार्यहरू झनै कम छन् । अतः प्रस्तुत अध्ययनका लागि *अप्रिय र सातौँ ऋतु* उपन्याससँग सम्बन्धित भएर गरिएका कार्यहरूलाई तल उल्लेख गरिएको छ ।

## क.	सातौँ ऋतु उपन्याससँग सम्बद्ध पूर्वकार्यहरू

गणेश बहादुर प्रसाइँ (२०६८) ले सातौँ ऋतुको आवरण पृष्ठमा "ध्रुवचन्द्र गौतम नेपाली आख्यान साहित्यका शिखर व्यक्तित्व हुन् । उनको नवीन प्रयोगशीलताबाट उनको आख्यान लेखन निसृत छ । एकपछि अर्को गरी लेखनमा निरन्तरता दिनु ठूलो कुरा मात्र नभई लेखन शक्तिको ओज पनि हो भन्ने मान्नै पर्ने हुन्छ । त्यसै अनुरूप उनको प्रस्तुत *सातौँ ऋतु* उपन्यासले नेपाली उपन्यास जगत्को इतिहासमा एउटा नवीन फड्को मार्नुका साथै नेपाली साहित्य क्षेत्रकै उन्नतिका मार्गमा एउटा आयाम थप्ने छ" भनेका छन् । यस कथनबाट गौतमको सामान्य उपन्यासकारिताको सङ्केत भए तापनि उनको उपन्यास लेखनको समग्र प्रयोगशील प्रवृत्ति, उत्तर आधुनिक चिन्तनका दृष्टिले भने यो पूर्वकार्य मौन छ ।

साझा प्रकाशन (२०६८) ले प्रकाशकीयमा नेपाली आख्यान जगत्मा अतुलनीय योगदान पुऱ्याउँदै आएका शिखर व्यक्तित्व गौतमको बदलिँदो समाजको प्रतिनिधित्व गर्ने पुस्तकका रूपमा *सातौँ ऋतु*लाई लिइएको छ । यस कृतिले नेपाली साहित्य भण्डारमा अद्वितीय स्थान ओगट्ने अपेक्षा प्रस्तुत गरेको छ । प्रकाशकीयमा प्रस्तुत कृतिले परिवर्तित समाजको प्रतिनिधित्व गर्दै समय सापेक्ष कर्तव्यबोधमा सहयोग पुऱ्याउँछ भनी टिप्पणी गरेको पाइन्छ । यस कथ्यले गौतमको औपन्यासिक योगदानको सङ्केत गरेको छ ।

नागरिक न्यूज  (Tuesday 03 January 2012) ले पनि *सातौँ ऋतु* उपन्यासको चर्चा गरेको पाइन्छ । चर्चा गर्ने क्रममा समुन्नत समाज, परिस्कृत संस्कार पठन संस्कृतिको विकास सबैको हातमा किताब भन्ने नाराको चर्चा गर्दै त्यसमा गौतमको *सातौँ ऋतु* उपन्यासलाई पनि उल्लेख गरिएको छ । पठनीय र अधुनातन विचार बोकेको उपन्यासका रूपमा *सातौँ ऋतु* उपन्यासलाई लिइएको छ । यस पूर्वकार्यमा उपन्यासको सामान्य परिचय मात्र प्रस्तुत गरिएकाले त्यति उल्लेखनीय छैन ।

दीपेन्द्र लामाको **नागरिक न्यूज** (Tuesday, 06 January)  मा ध्रुवचन्द्रको *सातौँ ऋतु* उपन्यासको चर्चा गरेका छन् । चर्चा गर्ने क्रममा *सातौँ ऋतु* ले क्लाइमेट चेन्जबाट ग्रसित संसारलाई थप बेमौसमी बनाउने उल्लेख छ । तातो चिसोको उग्रताको ऋतुको लय

खलबलिएको आभास ध्रुवचन्द्रलाई भएको छ भनी उल्लेख गरिएको छ । यस पूर्वकार्यले ध्रुवचन्द्रको सातौँ ॠतु उपन्यासलाई फरक सन्दर्भ र कोणबाट हेर्ने प्रयत्न गरिएको कुराको पुष्टि गरेको छ ।

विक्ली नेपाली (२०२१-०२-१३) ले *सातौँ ॠतु* उपन्यासको चर्चा गर्दै यस उपन्यासले आम पाठक सासु नवीन बहस ल्याएको कुरा उल्लेख गरेको छ । सातौँ ॠतुले धेरै पाठकहरू बोल्न थालेको सन्दर्भ अगि सार्दै यो निमित्त नायक उपन्यास जस्तै लोकप्रिय हुन सक्ने भाव प्रस्तुत गरिएको छ । यस पूर्वकार्यमा सातौँ ॠतु उपन्यासको सतही चर्चा मात्र भएको छ ।

गोविन्द वर्तमानले नागरिक दैनिक (२०६९, वैशाख १) मा "एउटा अग्लो उपन्यास" शीर्षकको लेख प्रकाशित गरी सातौँ ॠतु उपन्यासको चर्चा गरेका छन् । यस उपन्यासको गम्भीर अध्ययन गरी सटीक रूपमा प्रकाशित भएको यस आलेखमा सातौँ ॠतु उपन्यासले स्थापित गरेको नवीन मूल्यको सङ्केत गरिएको छ । यस लेखमा यथार्थको भुसतिघ्रे पक्षलाई स्वैरकल्पनाको उपयोगद्वारा बयान गरिएको छ भनी उल्लेख गरिएको छ । यस पूर्वकार्यले सातौँ ॠतु उपन्यासले सङ्केत गर्न खोजेको नवीन विषयवस्तुका प्रतिपादन प्रस्तुत गरेको छ ।

न्यू विकीपिडिया (२०१२) मा सातौँ ॠतुको चर्चा भएको छ । ध्रुवचन्द्रलाई बलियो र दरिलो बनाउने उपन्यासको सूचीमा सातौँ ॠतु उपन्यासलाई समावेश गरिएको छ । यसमा सातौँ ॠतु उपन्यास हरेक कोणबाट नवीन र आधुनिक रहेको सूचना प्रस्तुत गरिएको छ ।

कान्तिपुर दैनिक (२०६९ जेठ ५) ले 'कोसेली' शीर्षकको विशेष खण्डमा सातौँ ॠतु उपन्यासको परिचयात्मक चर्चा गरेको छ । यसमा वर्षको अन्यतिर आएको ध्रुवचन्द्र गौतमको उपन्यास सातौँ ॠतुको महत्त्व प्रयोगशील र नवीन दृष्टिकोण सहितको विषयवस्तुको वरणलाई लिइएको छ ।

रञ्जना भट्टराई (२०७१) ले "सातौँ ॠतु उपन्यासको विधा तात्विक अध्ययन" शीर्षकमा स्नातकोत्तर तहमा शोधकार्य सम्पन्न गरेकी छन् । प्रस्तुत अध्ययनमा उपन्यासका विधातत्त्वका आधारमा सातौँ ॠतु उपन्यासको विश्लेषण गरिएको छ । यस अध्ययनले गौतमको यस उपन्यासलाई वस्तु विधान र शिल्प विधानका कोणबाट हेरी यी पक्षमा गरिएको

प्रयोगशीलतालाई विश्लेषण गरिएको छ । सातौँ ऋतु उपन्यास परम्परागत उपन्यास लेखन भन्दा फरक रहेको, विधातत्त्वको पूर्ण परिपालना नगरी अतिक्रमण गरिएको, भाषिक पक्षमाथि अतिक्रमण गरिएको आदि जस्ता प्रयोगशीलताका सन्दर्भबाट सातौँ ऋतु उपन्यासको विश्लेषण गरिएको छ ।

### ख. अप्रिय उपन्याससँग सम्बन्धित पूर्वकार्यहरू

गोविन्दराज भट्टराई (२०६८) ले अप्रिय उपन्यासको भूमिका लेख्ने क्रममा प्रस्तुत उपन्यासलाई विश्व स्तरको उपन्यास भनेका छन् । उनले विश्व स्तरका नेपाली उपन्यासको सूची तयार गर्नु भनियो भने म अप्रियदेखि आरम्भ गर्नेछु, भनेका छन् । उपन्यासलाई एक तहमा गम्भीर मनोवैज्ञानिक अर्थ भएको उपन्यासको रूपमा चिनाउँदै उनले उपन्यासले लेखकीय निरङ्कुशताको आदिम प्रकोपबाट मुक्तिको खोजी गरेको उल्लेख गरेका छन् । यथार्थ लाग्ने कलात्मक भ्रान्तिहरूले बुनिएको बिचित्रको र अद्भुत कल्पना शक्तिले बुनिएको उपन्यासको रूपमा चिनाउँदै भट्टराईले अप्रिय उपन्यासमा उत्तर आधुनिकतावादी दृष्टिकोणले हेर्दा महत्त्वपूर्ण छ भनिए पनि उक्त भूमिकामा उत्तर आधुनिकतावादी दृष्टिकोणबाट उपन्यासको चर्चा भने गरिएको छैन ।

अनुपमा रेग्मी (२०६८, साउन) ले मधुपर्कमा प्रकाशित “ध्रुवचन्द्रका उपन्यासमा वस्तुप्रयोग र अप्रिय उपन्यासको विशिष्टता” शीर्षकको लेखमा गौतमका उपन्यासमा प्रयोग हुने वस्तुहरूको वर्णन गरेकी छन् । उनले अप्रिय पूर्व प्रकाशित ध्रुवचन्द्रका उपन्यासमा जस्तै यस उपन्यासमा पनि त्यस्तै वस्तुहरू आएको उल्लेख गरेकी छन् । लेखकको मृत्यु भएर पाठकको उदय भइरहेको आजको युगलाई उपन्यासले टिपेको भन्दै उनले आफ्नो लेखमा उपन्यासका वस्तुगत विशिष्टताको चर्चा गरेको भेटिन्छ । शैलीगत प्रयोगका दृष्टिले प्रस्तुत अप्रिय उपन्यास अन्य उपन्यासभन्दा पृथक रहेको र यो प्रयोग उत्तर आधुनिकतावादको उपज मान्न सकिन्छ भने पनि उनले उत्तर आधुनिकतावादी मान्यताका आधारमा उपन्यासलाई केलाएको भने देखिँदैन ।

जीवनचन्द्र भण्डारी (२०६९) ले उत्तर आधुनिकतावादी दृष्टिले अप्रिय उपन्यासको अध्ययन शीर्षकमा स्नातकोत्तर तहमा शोधकार्य गरेका छन् । प्रस्तुत अध्ययनमा अप्रिय

उपन्यासलाई उत्तर आधुनिक मान्यताका आधारमा केलाउने काम गरेका छन् । उनले यस शोध पत्रमा अप्रिय उपन्यासमा पाइने उत्तर आधुनिकतावादी विशेषताहरूको यथासम्भव गहन, सूक्ष्म र विस्तृत अध्ययन विश्लेषण गरेका छन् । यसरी भर्खर नेपाली साहित्यमा उदाएको उत्तर आधुनिकतावादी दृष्टिकोणका आधारमा लेखिएको यस उपन्यासमा थेरथोर भए पनि उत्तर आधुनिकता पाइन्छ, भन्नु नै यसको निचोड हो । यति भएर पनि यस शोध पत्रमा अप्रिय र सातौँ ऋतु उपन्यासको तुलना उत्तर आधुनिकतावादी कोणबाट गरेको पाइँदैन ।

यसरी  ससर्ती हेर्दा गौतमका उक्त दुई उपन्यासको अलग अलग केही चर्चा भए पनि दुवै उपन्यासको उत्तर आधुनिकतावादी कोणबाट तुलनात्मक अध्ययन कतै भएको पाइँदैन । त्यसैले सो काम पहिलो पटक यस शोध कार्यमा गर्ने काम भएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

प्रस्तुत अध्ययन ध्रुवचन्द्र गौतमका *सातौँ ऋतु र अप्रिय* उपन्यासलाई उत्तर आधुनिक दृष्टिबाट विश्लेषण गर्ने पहिलो प्रयत्न हो । त्यसैले यो नै यसको खास औचित्य हो । यसले आधुनिक नेपाली उपन्यासहरू पनि उत्तर आधुनिक नवीन चिन्तनमा आधारित छन् भने कुरालाई पुष्टि गरेको छ । यसका साथै नेपाली शोध परम्परा र समालोचनामा उत्तर आधुनिक बहसको समेत सुरूवात भएको सङ्केत गरेको छ । हालसम्म नेपाली समालोचनामा उत्तर आधुनिकता जस्तो नवीन दृष्टिकोणलाई अँगालेर कृतिको विश्लेषण गर्ने सुदीर्घ परम्पराको विकास हुन सकेको छैन । प्रस्तुत अध्ययन कार्यले यस अभावलाई केही सहयोग गर्नेछ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत अध्ययन ध्रुवचन्द्र गौतमद्वारा लिखित 'अप्रिय' र 'सातौ ऋतु' उपन्यासमा निहित उत्तर आधुनिकता निरूपणमा मात्र केन्द्रित रहेको छ । उत्तर आधुनिकताले साहित्य लेखनमा ल्याएको नवप्रवृत्तिलाई विधातत्त्वसँग जोडी तिनको तुलनात्मक अध्ययन गर्नु प्रस्तुत अध्ययनको क्षेत्र हो भने अन्य सन्दर्भतिर नलाग्नु यसका सीमा हुन् ।

## १.७ शोध विधि

प्रस्तुत अध्ययनका लागि सामग्रीहरूको सङ्कलन पुस्तककालयीय विधिबाट गरिएको छ । यस अन्तर्गत उत्तर आधुनिकताको स्रैद्धान्तिक सन्दर्भ प्रतिपादन गरिएका कृतिहरू, धुव्रचन्द्रका अप्रिय र सातौँ ऋतु उपन्यासहरू र अन्य सान्दर्भिक नेपाली उपन्यासको विश्लेषण गरिएका कृतिहरू रहेका छन् । प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार साहित्य समालोचनामा प्रचलित उत्तर आधुनिकता रहेको छ । त्यसैले यो उत्तर आधुनिक समालोचनाका आधारभूत प्रस्थापनाहरूको उपयोग गरी निर्धारित औपन्यासिक कृतिहरूको विश्लेषणमा केन्द्रित छ । अतः यस अध्ययनको विधि विश्लेषणात्मक र तुलनात्मक रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई व्यवस्थित रूप प्रदान गर्न निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उत्तर आधुनिकतावादको आधारभूत मान्यता ।

तेस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमपूर्वको सातौँ ऋतुपूर्वको उत्तर आधुनिक उपन्यास लेखन परम्परा ।

चौथो परिच्छेद : अप्रिय र सातौँ ऋतु उपन्यासको उत्तर आधुनिकतावादी मान्यताका आधारमा तुलनात्मक अध्ययन ।

पाँचौँ परिच्छेद : उपसंहार

प्रस्तुत शोधका उक्त परिच्छदहरू आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा बाँडेर अध्ययन गरिएको छ ।

# दोस्रो परिच्छेद

# उत्तर आधुनिकतावादका आधारभूत मान्यता

## २.१ विषय प्रवेश

यस परिच्छेदमा उत्तर आधुनिकतावादको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस अन्तर्गत उत्तर आधुनिकताको सुरूवात, विशेषता, उत्तर आधुनिकताका मूलभूत मान्यता, कृति विश्लेषणका क्रममा उत्तर आधुनिकतावादले अपेक्षा गर्ने पक्षहरूको चर्चा गरिएको छ ।

## २.२. उत्तर आधुनिकतावादको पृष्ठभूमि

उत्तर आधुनिकतावाद अङ्ग्रेजी शब्द 'पोस्ट मोर्डनिज्म' को नेपाली रूपान्तरण हो । सन् १९३४ मा फ्रेडरिक डी. ओनियसले सर्वप्रथम उत्तर आधुनिकतावादको अङ्ग्रेजी शब्द 'पोस्ट मोर्डनिज्मको' प्रयोग गरे (शर्मा लुइँटेल, २०६३ : ३५२) । उत्तर आधुनिकता शब्द सर्वप्रथम वास्तुकलाका क्षेत्रमा प्रयोग भई त्यसपछि मात्र अन्य विविध क्षेत्रमा प्रयोग भएको पाइन्छ । विशेष गरेर दोस्रो विश्वयुद्धपूर्वका वास्तु कलाका नमुनाहरूलाई उत्तर आधुनिक वास्तुकला मानिन्छ (गौतम, २०६८ : २९५) । सन् १९३६ मा इन्स्च्यिुट नामक वास्तुकला सम्बन्धी अध्ययन संस्थानको सिकागोमा स्थापना भएपछि उत्तर आधुनिक वास्तुकलाको क्षेत्रमा विशेष चर्चा भयो । त्यसपछि अत्यन्त नवीन शैलीमा बनेका भवनहरूको निर्माण कलालाई उत्तर आधुनिक शैली भन्न थालियो । ग्रिक क्लासिकल वास्तु कला र रोमन वास्तु कलाका विरूद्धमा देखा परेको शैली नै उत्तर आधुनिक शैली हो ( द वर्ल्डबुक इन्साइल्कोपेडिया, १९९५ : ५३५) । वास्तुकलापछि उत्तर आधुनिक शैलीले व्यापकता प्राप्त गऱ्यो । यो सङ्गीत नृत्य, कला, साहित्य आदिमा पनि देखिँदै आयो । पछिल्लो समयमा दर्शन, कला, साहित्य, संस्कृति, समालोचना, समाज शास्त्र, उद्योग उत्पादन, निर्माण एवम् व्यवहारमा देखिन थालेका नौला लक्षण तथा शैली उत्तर आधुनिकताको परिधिमा पर्छन् (गौतम, २०६४ : २०) । वास्तुकलाका क्षेत्रबाट सुरू भएको उत्तर आधुनिकतावादले ज्ञान विज्ञानका विविध क्षेत्रमा प्रभाव पारेको देखिन्छ । यसको चिन्तन अमेरिका, फ्रान्स आदि मुलुकबाट विकसित भएको उत्तर आधुनिकतावादी चिन्तनले क्रमशः साहित्यलाई पनि प्रभाव पारेको पाइन्छ, (गौतम, २०६८ : २९५) । वास्तुकलाबाट सुरू भएर

साहित्यका क्षेत्रमा फैलिएको यस वादले अत्यन्त व्यापक विषय क्षेत्र ओगटेको छ । विशेष गरेर नृत्यकला, सङ्गीतकला, चित्रकला, मूर्तिकला, मानव शास्त्र, समाज शास्त्र, इतिहास, राजनीति शास्त्र, विज्ञान, दर्शन, मनोविज्ञान आदि क्षेत्रमा यसले आफ्नो वर्चस्व स्थापित गरेको छ । पछिल्लो चरणमा यस शब्दले हरेक क्षेत्रमा स्थापित मान्यता वा मानकको अतिक्रमणलाई बुझाउँछ, (गौतम, २०६८ : २९५) । उत्तर आधुनिकतावाद शब्दले दोस्रो विश्वयुद्धपछिको साहित्य र कलालाई बढी बुझाउँछ । हिटलरका नाजी पार्टीको एकतन्त्री शासन, नरसंहार, आणविक शस्त्रास्त्रको त्रास, प्राकृतिक वातावरणको चरम दोहन र विनाश, जनसङ्ख्याको तीव्र वृद्धि आदि कुराले स्थिति बिग्रँदै जाँदा त्यसले  मानव दृष्टिकोणमा परिवर्तन ल्यायो ।

यसैकारण त्यस समयदेखि चलचित्र, टेलिभिजन, पत्र पत्रिका, पप सङ्गीत आदिका माध्यमबाट आधुनिकतावादका कथित उच्च कलालाई विस्थापित तुल्याई साहित्यका पुराना शैली र परम्परा एवम् मान्यता तथा स्थापित केन्द्रलाई भत्काउन थालियो (अब्राम्स, १९९६ : २७७) । यही केन्द्र भङ्गको मान्यताबाट उत्तर आधुनिकतावादी साहित्यको जन्म भयो ।

## २.३ उत्तर आधुनिकतावादको परिचय

पाश्चात्य साहित्यमा संरचनावादोत्तर साहित्य चिन्तनका केन्द्रीयतामा सञ्चालित साहित्य मान्यतालाई पनि उत्तर आधुनिकतावाद भनिएको पाइन्छ । यस दृष्टिले उत्तर संरचनावाद, नारीवादी चिन्तन, पाठकीय अनुक्रियापरक समालोचना, उत्तर औपनिवेशिक समालोचनाका चिन्तन धाराहरू सबै उत्तर आधुनिकतावादबाट प्रभावित साहित्यिक समालोचनाहरू हुन् । आधुनिकतावादले संरचनामाथि विश्वास गर्दै कृतिको एउटा संरचनाको परिकल्पना गर्दछ भने उत्तर आधुनिकतावाद त्यसका विपरीत छ । उत्तर संरचनावादले कृतिका अनेकौं अर्थहरूको अनिश्चिततालाई विश्वास गर्ने हुँदा यी दुई बिचको समानता टड्कारो देखा पर्छ । आर्थिक र सांस्कृतिक अवस्थाका माध्यमबाट हेर्ने मार्क्सवादी समालोचकहरूका दृष्टिमा उत्तर आधुनिकता स्वयंमा समस्यामूलक देखा पर्दछ । यसले गर्दा मार्क्सवादी र गैर मार्क्सवादीका बिच उत्तर आधुनिकताका बारेमा बहस समेत चलेको छ, (गौतम, २०६४ : २१) । यो प्रसङ्गलाई हेर्दा उत्तर आधुनिकतावाद स्थापित शास्त्रीय मान्यता र सिद्धान्तको विपरित एउटा भाषिक खेलको सिद्धान्त जस्तो प्रतीत पनि हुन्छ । द्वितीय विश्व युद्धपछिको परिवर्तित

सन्दर्भमा चिन्तनका क्षेत्रमा देखा परेको उत्तर आधुनिकता विभिन्न क्षेत्रसँगै साहित्यिक क्षेत्रमा पनि प्रवेश गऱ्यो । यस कारण साहित्यमा पनि नौला नौला विषयहरूको समावेश भयो । यस क्रममा उपन्यास, अकथा, अकविता, अनायक, अनायिका, विसङ्गति, छन्द मुक्तता तथा प्रयोगहरूको विधा भञ्जकता, आदिका रूपमा अमूर्त एवम् नवीन प्रयोगहरूले महत्त्वपूर्ण स्थानहरू पाए (शर्मा र लुइँटेल, २०६३ : ३५५) । उत्तर आधुनिकतावादीहरूले विभिन्न विधाहरूमा लगातार मिश्रण गरि रहने हुनाले उनीहरू परम्परित ढङ्गमा छुट्याइए झैँ यसको वर्गीकरण गर्न कठिन हुने मान्छन् । उत्तर आधुनिकतावादीहरू केही पनि अन्तिम सत्य हुँदैन, त्यो आभास मात्र हुन्छ भन्ने मान्यता राख्छन् (अब्राम्स, १९९६ : २८०) । उत्तर आधुनिकतावादमा विषय र प्रयोगको अत्याधिक विविधता र नवीनता  यसको एउटा खास विशेषता नै हो । यस वादमा प्राचीन केन्द्रहरू भत्किएर नवीन किसिमका धेरै केन्द्रहरू बनेका छन् । विषयगत अनेक विविधता थपिएको छ । यस वादपूर्व केन्द्रका रूपमा रहेका पुरूष, गोरा, उच्चहरूलाई मात्र केन्द्र नमानी, नारी, समलिङ्गी, काला, दलित, अल्पसङ्ख्यकहरू पनि केन्द्र बनी एक केन्द्रताका सट्टा बहुकेन्द्रकताको स्थापना भएको छ (शर्मा र लुइँटेल, २०६३ : ३५५) । बहुकेन्द्रका कारण पहिले मान्यता नपाएका लघु, अल्प र अन्यले समेत मानवीय सम्मान प्राप्त गर्न थालेका छन् । यसरी उत्तर आधुनिकतावादले परम्परित तथा शक्तिशाली एक केन्द्रकताका ठाउँमा विविधता युक्त बहुकेन्द्रकलाई महत्त्व दिएको छ ।

उत्तर आधुनिकताले कुनै पनि विचार, धारणा र सिद्धान्तको पूर्णता र शाश्वतता ठान्दैन । समग्रतावादको विपक्षमा यो हुन्छ । आधुनिकतावादले स्थिर गरेको मूल्य मान्यता, तर्क आदिको ढाँचालाई यसले नकार्छ । परम्पराप्रतिको अस्वीकृत विमति र विद्रोहको स्वर आधुनिकतामा पनि थियो र यसमा पनि छ । मात्रात्मक दृष्टिले हेर्ने हो भने उत्तर आधुनिकतामा अझ बढी छ । आधुनिकताले भित्राएका परम्पराप्रतिको विद्रोह चेत, वर्तमान कालीन युग चेतना, वैयक्तिक स्वतन्त्रतामा वरण, स्वअस्तित्वको खोजी, नव नव शिल्प प्रविधिको आविष्कार, विषयभन्दा शिल्पप्रतिको जोड, अन्तराष्ट्रिय चेतना, विज्ञान र प्रविधिको विकासबाट निर्मित संस्कृतिको अनुसरण, परम्परित पाठकहरूलाई युगानुकूल सचेत तुल्याउने र चुनौतीबोध गराउने प्रयत्न जस्ता धेरै कुरा उत्तर आधुनिकतामा पनि रहेकै छन् तर तिनको प्रयोगको शैली, ढाँचा, ढङ्ग र मात्रामा भने प्रशस्त अन्तर भेटिन्छ, (पौडेल, २०६९ : २२) ।

उत्तर आधुनिकतावादले विवादित समेत हुनपरेको छ । उत्तर आधुनिकतावाद बढी विवादित हुने कारण यसको बुझाई र व्याख्यामा विविधता हुनु पनि हो (गौतम, २०६८ : २९७) । एकथरीले यसलाई उत्तर पुँजीवादी संस्कृतिको उपज ठानेर आलोचनात्मक किसिमले व्याख्या गरेका छन् भने अर्काथरीले यसलाई बहु सांस्कृतिकतातिर ढल्केको अवधारणा मानेर व्याख्या गरेका छन् । अझ विशेष रूपमा उत्तर आधुनिकतावादलाई स्टेनली फिस जस्ता विचारकहरूले बाम सांस्कृतिक सिद्धान्ततिर ढल्केको ठान्छन् भने फ्रेडरिक जेमसन जस्ता विचारकहरू यसलाई उत्तरवर्ती पुँजीवादको सांस्कृतिक तर्क मान्दछन् (शर्मा, २०५५ : १७) । त्यसकारण पनि उत्तर आधुनिकतावादलाई सांस्कृतिक द्वन्द्वका रूपमा लिन सकिन्छ । वर्तमान मानवको जीवन बहु सांस्कृतिक छ । त्यसैले उसको दृष्टि पनि बहुलवादी छ । वर्तमान समस्यामा निश्चयात्मकता हराउँदै गएको छ । यही कारण हरेक कुरामा संशय छ । यही संशय र अनिश्चयात्मकताका कोणबाट उत्तर आधुनिकतावादको स्थापना हुन पुगेको हो । यही प्रक्रियामा पुरानो भन्दा भिन्न हुँदै जाने प्रक्रिया नै वास्तवमा उत्तर आधुनिकता हो (काइँला, २०६० : ४) ।

## २.४ उत्तर आधुनिकतावादका विशेषता

उत्तर आधुनिकता आधुनिकताबाट विच्छेदको प्रयत्न हो । उत्तर आधुनिकतालाई आधुनिकताको उत्कर्ष रूप पनि मानिन्छ । वास्तवमा उत्तर आधुनिकता आधुनिकताको विरोधमा आएको प्रवृत्ति हो । यसले आधुनिकतालाई समाप्त परिदिएको छ । यो आधुनिकताबाट विकसित छ । वास्तवमा उत्तर आधुनिकता आधुनिकता र नवीनपनको मिश्रण हो किनभने यसमा कतिपय नयाँ धारणा आएका छन् (शर्मा र लुइँटेल, २०६३ : ३५२) । यस सन्दर्भबाट के देखिन्छ भने उत्तर आधुनिकतालाई आधुनिकताको उत्कर्ष र चरम विन्दु मान्दा आधुनिकतालाई पनि पूर्व आधुनिक र उत्तर आधुनिक गरी विभाजन गर्न सकिन्छ । यदि उत्तर आधुनिकतालाई आधुनिकतासँगको विच्छिन्नता र विद्रोह मान्ने हो भने यो प्रवृत्ति विशेष हो । त्यसपछि निश्चित प्रवृत्ति र प्रभावलाई जनाउने वादका रूपमा समेत यसलाई लिन सकिन्छ (गौतम, २०६८ : २९८) । आधुनिकता निश्चित समय विन्दुदेखि सुरू भई निरन्तर चलिरहेको एउटा काल खण्ड हो । (मोहनराज शर्मा २०५५ : १७) का अनुसार आधुनिकता औद्योगीकरणको प्रक्रिया, विज्ञान र प्रविधिको विकास, सहरीकरणको प्रवृत्ति, राष्ट्रका रूपमा राज्यको स्थापना र पुँजीवादी विश्व

बजारको अभ्युदय आदिको परिणति हो भने उत्तर आधुनिकता स्वयम् आधुनिकताबाट विच्छेद वा विभङ्ग मानिन्छ । आधुनिकता एकत्ववादी धारणा हो । आधुनिकता स्थिरता, निश्चयात्मकता र निर्माणसँग सम्बद्ध रहन्छन् भने उत्तर आधुनिकतामा अस्थिरता, अनिश्चयात्मकता र विनिर्माण जस्ता विशेषता रहन्छन् । वास्तवमा भन्नु पर्दा आधुनिक र पूर्व आधुनिक एवम् प्राचीन लेखहरूले साहित्यमा जे जस्ता मूल्य र मानकहरू स्थापित गरेका थिए, तिनको विभञ्जन नै उत्तर आधुनिकता हो । आधुनिक र पूर्व आधुनिक समयमा स्थापना भएका केन्द्रहरू, निर्माण रूपको चेतना, रूप र गहिराइको खोजी एवम् मिथक आदिमा मौलिक उद्‌भवको चेतना आदि रहेका छन् (गौतम, २०६८ : २९९) । उत्तर आधुनिकतावादले यसरी स्थापित भएका उपउल्लेखित केन्द्रको प्रयोजनमा, कुनै औचित्य र आवश्यकता देख्दैन । केन्द्र भन्दा बाहिरै रहेर अकेन्द्री हुन मन पराउनु उत्तर आधुनिकतावादीहरूको विशेषता हो । आधुनिकतावादीहरूको कल्पना नक्षत्र र ग्रह झैं केन्द्रको वरिपरि घुमि रहन्छ तर उत्तर आधुनिकतावादीहरू चित्रकलामा पोतिएको रङ्लाई पनि संयोगका रूपमा, प्रतिरूपका रूपमा वा अकलाका रूपमा व्याख्या गरेर निर्णय गर्दछन् (पावेल, २००१ : १८) । उत्तर आधुनिकतावादका विशेषतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

### २.४.१ विकेन्द्रण

आधुनिकताले अत्याधिक महत्त्व दिएको केन्द्रीकृत लेखन विरोधमा उत्तर आधुनिकतावादले विकेन्द्रण वा केन्द्रभङ्गको धारणा ल्याएको छ । यसलाई उत्तर आधुनिकतावादीहरूले बढी जोड दिएको पाइन्छ (भट्टराई, २०६४ : ५६४) । यो आधुनिकतावादले स्थापना गरेको केन्द्रकको विरोधी धारणा हो । यस वादले केन्द्रलाई मान्दैन र केन्द्रको भञ्जनमा रमाउन चाहन्छ । केन्द्रलाई भत्काएर अनेक किसिमका नवीन उपकेन्द्रहरूको स्थापना गर्नु यस वादको रूचि हो (गौतम, २०६४ : २०) । समाज, ईश्वर, इतिहास, धर्म, दर्शन आदिलाई केन्द्रका रूपमा लिई त्यसको विघटनमा यस वादको मूल चासो रहेको छ । यो नवीन केन्द्रको माध्यमबाट केन्द्र भञ्जन तर्फ उन्मुख रहन्छ ।

### २.४.२ विनिर्माण

विनिर्माण परम्पराको भत्काइ हो । यस  वादले आधुनिकताले स्थापित गरेका अनेक मान्यतालाई भत्काएर त्यसको विनिर्मित स्वरूप निर्माण गर्दछ (गौतम, २०६४ : २७) । यसले पाठलाई पनि विनिर्माण गरी अर्थको अनन्ततालाई स्वीकार गर्छ । विनिर्माण उत्तर आधुनिकतावादले स्थापना गरेका केन्द्रीय मान्यता पनि हो । मूलतः डेरिडा र उनका अनुयायीले भाषा र अर्थका कोणबाट साहित्यिक विनिर्माण गरेको पाइन्छ । यही विनिर्माणबाटै उत्तर आधुनिकताको मुख्य विशेषता मानिने विधा भञ्जन, विधा मिश्रण, विधाहरूको परस्पर अन्तरण भएको पाइन्छ । यस मान्यताले पाठको मौलिक स्वरूपलाई अन्त्य गरिदिएको छ (गौतम, २०६४ : २८) ।

### २.४.३ बहुलता

उत्तर आधुनिकताले एकत्वको विरोध गर्दछ । यसका सट्टा बहुलवादी मान्यतालाई स्वीकार गर्दछ । कुनै एउटा मात्र विचार, दर्शन, चिन्तन आदिले वैचारिक सामन्त वा अधिनायकत्वको स्थापना गर्ने हुँदा आधुनिकताको एकत्ववादसँग यसको असहमति रहेको छ । यसले समावेशी र समाहित चिन्तनमा जोड दिन्छ (भटराई, २०६४ : ५३४) । बहुलताको स्वीकार अन्तर्गत आधुनिकता केन्द्रमा राखेर अस्वीकार गरेका केन्द्रहरूलाई स्वीकार गर्नु हो ।

### २.४.४ इतिहासको अन्त्य

उत्तर आधुनिकताले समयको अविच्छिन्न मान्यतालाई अस्वीकार गर्दछ । मार्क्सवादी मान्यताले इतिहासको निरन्तरतामा जोड दिएको छ । यसले समाजको ऐतिहासिक विकास क्रमका आधारमा व्याख्या गरेको छ र हरेक पछिल्लो समय क्रम उन्नत र विकसित हुँदै गइरहेको छ भन्ने मान्यता राखेको छ । उत्तर आधुनिकतावादले समयको निरन्तरता र उक्त मार्क्सवादको विकासक्रमवादी मान्यतालाई भङ्ग गरी इतिहासको अन्त्यको घोषणा गरेको छ, ( गौतम, २०६४ : २६) । उत्तर आधुनिकताले सबै कुरा नयाँ र समग्र फेरिएको भन्दै इतिहास, विचार र समाज सितको सम्बन्ध विच्छेद गर्न उत्तरको अवधारणा अगि सार्दै सबै कुराको अन्त्य

भएको घोषणा गर्नु उत्तर आधुनिकता र उत्तर आधुनिकतावादको वैचारिक प्रस्थापना हो ( बराल, २०६३ : ३६) ।

### २.४.५ लेखकीय मृत्यु

उत्तर आधुनिकतावादको अर्को मान्यता लेखकीय मृत्यु पनि हो । यस मान्यताले लेखकलाई होइन पाठकलाई महत्त्व दिएको छ । आधुनिकवादले लेखक र उसको कृतिलाई प्रधान महत्त्व दिन्छ । यसका विपरीत यस वादले पाठसँगै लेखक मृत्युको घोषणा गर्छ । रोर्लाबार्थले कुनै पाठको सिर्जना गरि सकेपछि त्यस पाठमाथि पाठकको अधिकार हुन्छ भन्दै लेखकीय मृत्युको घोषणा गरी लेखकको स्थानापन्न भूमिका पाठकलाई दिएका छन् । यो पाठकीय अनुक्रियापरक समालोचनासँग सम्बन्धित छ (गौतम, २०६८ : ३०३) । यसले लेखकीय महत्त्वलाई क्षीण बनाएको छ भने पाठकीय महत्त्वलाई बढाइ दिएको छ । प्रत्येक पाठहरूमा रिक्त वा खाली ठाउँ रहेको हुन्छ । रिक्तहरूलाई भर्दा पाठकले त्यस्तो ठाउँहरूमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक मूल्य मान्यताहरूको आपूर्ति गरेर कृतिलाई अर्थवत्ता प्रदान गर्दछ (शर्मा र लुइँछेल, २०६३ : ३६५) । यसबाट उत्तर आधुनिकतावादले पाठलाई सर्वोपरि महत्त्व दिई लेखकीय अस्तित्वलाई अस्वीकार गरेको पाइन्छ ।

### २.४.६ मुक्त/खुला

उत्तर आधुनिकताले आधुनिकताको बन्द वा बद्धका विरोधमा मुक्तपनमा विश्वास राख्दछ । यस वादका अनुसार कृति/पाठ बद्ध वा बाँधिएको अर्थात् बन्द हुँदैनन् (गौतम, २०६८ : ३००) । यस्ता कृति वा पाठहरू मुक्त वा स्वतन्त्र हुन्छन् । मुक्त भनेको बन्धन रहितता हो ( शर्मा, २०५५ : १८) । यसबाट पाठमा अर्थको खुलापन हुन्छ र त्यो पाठ बहु अर्थक हुन्छ भन्ने हो । मुक्त वा खुला हुनु उत्तर आधुनिकतावादको प्रमुख विशेषता हो ।

### २.४.७ सतही

उत्तर आधुनिकतावाद गहन र गम्भीर लेखनका विपक्षमा उभिएको मान्यता हो । गहन र गम्भीर लेखन आधुनिकतावादका विशेषता हुन् । अतः उत्तर आधुनिकतावादले त्यस

किसिमको गम्भीर लेखनलाई परित्याग गरी सतही र बाह्य किसिमको परिधीय लेखनमा रूचि राख्छ । यो सतहीपन भनेको लेखन वा पाठको गुणात्मक मूल्यको न्यूनता होइन, सतहका तहगत विभिन्न स्वरूपको बोध हुनु हो (गौतम, २०६८ : ३०१) । यस वादले अर्थको बाह्य सतहलाई बुझेर मात्र अर्थको अनन्त शृङ्खलामा प्रवेश गर्न सकिन्छ भन्ने मान्यता राख्छ । त्यसैले यसले सतह हुँदै गहिराइमा प्रवेश गर्ने नवीन अवधारणा स्थापित गरेको छ ।

### २.४.८ सञ्चार

भुमण्डलीकरण उत्तर आधुनिकतावादको एउटा विशेषता मानिन्छ । भुमण्डलीकरणको मुख्य कारक तत्त्व भन्नु नै सञ्चार हो । सञ्चारले अहिले विश्वलाई नै साँघुरो बनाइदिएको छ । सञ्चारकै कारणले गर्दा न्युयोर्कमा भएको विवरण सजिलैसँग न्युरोडमा बसेर सुन्न र देख्न सकिने भएको छ । इन्टरनेटको विकासले साइबर संस्कृतिको विकास भयो । साइबर शब्दले कम्प्युटरद्वारा सञ्चालित साञ्चारिक सञ्जाललाई जनाउँदछ । यसका कारण सारा कुराहरू चल्ले ठाउँमा अदृष्य हुन्छ । त्यसलाई साइबर स्पेस भनिन्छ । साइबर संस्कृति यहि अदृश्य मात्र विचरण गर्ने मन भन्दा चाँडो पुग्ने दृश्यात्मक र श्रवणीय सङ्केतले र तिनीहरूको व्यापक प्रयोगले निर्मित छ, (भट्टराई, २०६४ : ७६) । आजको मान्छे सुचना सञ्चार वा साइबरमा रमाउन थालेको छ ।

### २.४.९ प्रतिआख्यानात्मकता

आधुनिकताको विरोधमा उत्तर आधुनिकतावादले प्रति आख्यानात्मकताको मान्यतालाई अङ्गीकार गरेको छ । यसले परम्परागत साहित्यमा निहित महाआख्यानात्मकतालाई अन्त्य गरिदिएको छ (शर्मा र लुइँटेल, २०६३ : ३५२) । उत्तर आधुनिकतावादीहरू महाआख्यानप्रति अविश्वास गर्छन् । अर्को अर्थमा भन्दा इतिहासको निरन्तरताको अन्त्य गर्छन् । यो मार्क्सवाद विरोधी धारणा पनि हो । यसैबाट मार्क्सवादी र उत्तर आधुनिकतावादीको चर्को टकराब पनि देखिन्छ (गौतम, २०६४ : २७) । महाआख्यानका विरोधमा उत्तर आधुनिकतावादले पराआख्यान, अधि आख्यान, हाइपर आख्यान जस्ता अवधारणा र मान्यताहरू स्थापित गरेको छ ।

### २.४.१० अनिश्चयात्मकता

उत्तर आधुनिकतावादको मुख्य विशेषता अनिश्चयात्मकता हो । यो आधुनिकताको विरोधमा आएको मान्यता हो । अनिश्चितले अर्थको अनन्तता र संशयलाई जनाउँछ (गौतम, २०६४ : २६) । यसमा साहित्यिक मान्यता र तिनको प्रवृत्तिको समेत अनिश्चितता हुन्छ । यसले पाठमा निहित अर्थहरूको अनन्त सम्भावनालाई समेत सङ्केत गर्दछ ।

### २.४.११ स्वच्छन्द

उत्तर आधुनिकतावादले आधुनिकताको अनुशासित र नियमित मान्यताका विरूद्धमा लेखन वा अर्थहरूको निर्धारण स्वतन्त्र वा स्वच्छन्द रूपमा हुनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ । वास्तवमा भन्दा उत्तर आधुनिकतावादले अराजक किसिमको स्वच्छन्द  लेखनलाई स्वीकार गर्दछ (गौतम, २०६४ : २७) । यसवादले मुक्त, अनिश्चयात्मक, क्षणिक, विनिर्माण युक्त र विशृङ्खलित मान्यताप्रति रूचि राख्ने हुँदा यो स्वच्छन्द र उन्मुक्त किसिमको हुन्छ । यो परम्पराबाट विभग्नताको खोजीको प्रयत्न पनि हो ।

### २.४.१२ भिन्नता

उत्तर आधुनिकतावादले हरेक पाठलाई ससाना टुक्रामा टुक्राएर अध्ययन गर्नु पर्छ भन्ने मान्यता अगि सारेको छ । वास्तवमा आधुनिकताले वस्तुको संश्लेषण वा एकत्वमा जोड दिने हुनाले यसकै विपक्षमा उत्तर आधुनिकताले भिन्नता वा फुटाउको मान्यता अगाडि सारेको छ । यो लघुत्तमवाद, अणुवाद र टुक्रेपनमा विश्वास राख्ने हुनाले खण्डिततासँग सम्बन्धित हुन्छ ( गौतम, २०६८ : ३०२) । यसले पाठको अर्थ, पाठ र अन्य पदार्थ सम्बन्धीको चिन्तनमा जोड्नुलाई होइन टुक्राउनुलाई महत्त्व दिन्छ । यसले महाआख्यानको अन्त्य गरेर टुक्रे आख्यानमा जोड दिएको पाइन्छ ।

### २.४.१३ आकस्मिकता

उत्तर आधुनिकताले स्थापित गरेको अर्को मान्यता आकस्मिकता पनि हो । यसले कुनै पनि सिर्जना वा मान्यताहरू योजनाबद्ध र सुनियोजित हुँदैनन् भन्ने मान्यता राख्छ । सिर्जना वा

समालोचना आकस्मिकताका प्रतिफलन् हुन् भनी आधुनिकतावादले लेखन वा समालोचनाका क्रममा स्थापित गरेको नियोजित वा नियमबद्ध लेखनलाई अस्वीकार गरि दिएको छ । यसको नियमितताका विरूद्धमा अनियमिततालाई स्थापित गरेको छ (गौतम, २०६८ : ३०२) । यो मान्यता आयोजित, नियोजित र नियमितताका प्रतिपक्षमा रहेको छ ।

### २.४.१४ क्षणिक

क्षणिकलाई तात्कालिकताका रूपमा पनि लिन सकिन्छ । आधुनिकतावादले सार्वभौम मान्यतालाई स्वीकार गर्दछ । तर उत्तर आधुनिकतावादले सार्वभौमका सट्टा तात्कालिकता वा क्षणिकतालाई स्वीकार गर्दछ । यसले मार्क्सवादी मान्यता र उसले स्थापित गरेका मानवको र उसको समाज विकास प्रक्रियालाई अन्त्य गरि दिएको छ । यसको सम्बन्ध इतिहासको विरोधसँग छ (गौतम, २०६८ : ३०१) । यस मान्यताले सर्वकालीन र विश्वजनीन सत्यलाई उपेक्षा गर्दै प्रत्यक्ष वा क्षणिक सत्यमा मात्र विश्वास गर्दछ ।

### २.४.१५ विशृङ्खलता

उत्तर आधुनिकतावादीहरू नियमको सुसङ्गता वा स्थापित क्रमबद्धता अस्वीकार गर्दछन् । उनीहरूको मुख्य अवधारणा नै कुनै पनि वस्तु अनुक्रमिक रूपमा सुशृङ्खलित हुँदैन । आधुनिकतावादले हरेक पदार्थलाई क्रमिक, श्रेणीबद्ध र शृङ्खलित मान्दछ । यसका विरोधमा आएको चिन्तननै पदार्थको विच्छिन्न वा विभग्नता हो (उप्रेती, २०६८ : २५) । यस मान्यताले कुनै पनि पाठको शृङ्खलित, नियमबद्ध, तार्किक र सुसङ्गठित पठन मात्र हुन्छ भन्ने कुरालाई अस्वीकार गरेको छ । यो क्रमभङ्ताको अवधारणा हो । यो महाआख्यानको अन्त्यको अवधारणा पनि हो ।

यस प्रकार आधुनिकतालाई उत्तर आधुनिकताका व्यतिरेकमा राखेर यसका विशेषताहरू निरूपण गर्न सकिन्छ । आधुनिकताभित्र उत्तर आधुनिकतावादी बहुल संस्कृतिको प्रभाव नपाइने भएकाले आधुनिक साहित्य सर्वथा एकोन्मुख हुन्छ । यो एउटै कथ्य केन्द्रका वरिपरि घुमि रहन्छ । यसका विपरीत उत्तर आधुनिक साहित्य बहुत्व र बहुलवादी चिन्तनबाट अभिप्रेरित छ । यसमा बहुलवादी विचार, धारणा, चिन्तन, संस्कृति आदिको मिश्रण पाइन्छ । आधुनिक

साहित्यलाई प्रविधि संस्कृतिले त्यति धेरै प्रभाव पारेको देखिँदैन भने उत्तर आधुनिक साहित्यलाई प्रविधि संस्कृति वा साइबर संस्कृतिले ठूलो प्रभाव पारेको देखिन्छ (गौतम, २०६८ : ३०५) । त्यस्तै नारी अस्तित्वको खोजी, अन्तर्विधात्मक प्रभाव आदि धेरै विशेषताहरू आधुनिक साहित्यमा भन्दा उत्तर आधुनिक साहित्यमा स्पष्ट देखिएको छ । तिनमा पनि साइबर संस्कृति आधुनिकता र उत्तर आधुनिकतलाई छुट्याउने अर्को आधार हो । समग्रमा भन्दा आधुनिकताले परम्परित मान्यतालाई पृष्ठपोषण गर्दछ भने उत्तर आधुनिकताले परम्परालाई भत्काउँछ । आधुनिकताले केन्द्रकका आडमा एकोन्मुखता वा एकत्वलाई प्रश्रय दिन्छ भने यसका विपरीत उत्तर आधुनिकताले बहुत्वलाई मान्यता दिन्छ ।

## २.५. उत्तर आधुनिकतावादका थप मान्यताहरू /विशेषताहरू

उत्तर आधुनिकतावाद बहुलवादी मान्यता भएका अनेक धारणाहरू यसभित्र समाहित भएका छन् । यस मान्यताभित्र मूलतः विनिर्माणवाद, नारीवाद, पर्यावरणवाद, नवमार्क्सवाद, नवमनोविश्लेषणवाद, आप्रवासवाद, पाठक प्रतिक्रिया सिद्धान्त, अभिघात, सीमान्तीय मान्यता, साइबर संस्कृति, पदार्थवाद, भूतछायावाद, परालैङ्गिक सिद्धान्त, समलिङ्गवाद, लैङ्गिक समालोचना, नवनीतिवाद, नवदार्शनिकतावाद, विधा भञ्जन र विधा मिश्रण, सांस्कृतिक समालोचना, अधिसाहित्यिकता, जनजातीवाद आदि यावत् पछिल्ला नवसिद्धान्तका मान्यता वा वादहरू अटाउँछन् (गौतम, २०६८ : ३०६) । उल्लेखित सबै मान्यताको समष्टि रूप नै बहुलवाद हो । त्यसैले यस वादले एकल चिन्तन वा प्रभुत्वलाई स्वीकार गर्दैन । उत्तर आधुनिकतावादमा अनेक किसिमका दृष्टिकोणहरू अन्तर्मिश्रित भएर आउँछन् । त्यसैले बहुलवादी मान्यता नै उत्तर आधुनिकतावादको मुख्य मान्यता हो ।

उत्तर आधुनिकतावादले परम्पराको विरोध गर्दछ । यसले पुराना मूल्य र मान्यतालाई भत्काउँछ । अतः यो वाद परम्परामा सुधार ल्याउने अभिप्रायबाट निर्देशित छ (शर्मा र लुइँटेल, २०६३ : ३५५) । यसले नवीनभन्दा नवीन प्रवृत्तिहरूलाई महत्त्व दिई नवप्रयोगमा रूचि राख्छ । यसले विधाहरूको फरकलाई समाप्त पारेर निर्बन्ध विधा विहीनताको अवस्थालाई स्वीकार गर्छ (भट्टराई, २०६४ : ५३५) । यसले मूलतः केन्द्रहरूको भञ्जन, वा केन्द्ररहितता र नवकेन्द्रको स्थापनामा जोड दिन्छ । यसवादले परम्परित सौन्दर्यशास्त्रीय चिन्तनलाई अस्वीकार गर्दै अर्थको

अनिश्चिततामा जोड दिन्छ । यसले वस्तुता, मूर्ततामा विश्वास नगरी पाठलाई अनिश्चित अर्थहरूका खेलका रूपमा स्वीकार गर्दछ (उप्रेती, २०६८ : ४८) । यसले पाठकलाई प्रधान ठानी यादृच्छिक अर्थहरूको प्रतिपादनमा जोड दिन्छ । यसले लेखनमा बाधा रहित स्वतन्त्रताको अनिवार्यतालाई स्वीकार गर्छ । यसले लेखकीय स्वतन्त्रताको समर्थन गर्दछ (शर्मा र लुइँटेल, २०६३ : ३५६) । यसले तथ्य कल्पना र स्वैर कल्पनाको मिश्रण गर्दछ । यसले उच्च संस्कृतिका ठाउँमा लोकप्रिय तथा सीमान्तकृत संस्कृतिलाई महत्त्व दिई 'पपुलर कल्चर' को अवधारणालाई अगि सार्छ । यसबाट पहिले प्रश्रय नपाएकाले प्रश्रय पाई नवकेन्द्रहरूको स्थापना हुन जान्छ । यसलाई नै बहुकेन्द्रकताको धारणा मान्न सकिन्छ (भट्टराई, २०६४ : ५६६) । यसले कृतिलाई पाठ र अन्तरपाठ मानी त्यसमाथि भाषिक र आर्थी नृत्यका साथै अर्थको अनन्तता र अनिश्चितता प्रकट गर्दछ । यसले एकातिर दार्शनिक मान्यताको प्रतिनिधित्व गर्छ भने अर्कोतिर सैद्धान्तिक मान्यताको समेत वरण गर्दछ । यसले शून्यवादी चिन्तनलाई कलाको रूप दिँदै कुनै पनि कृतिको प्रमाणिक अर्थको निषेध र इतिहास एवम् सामाजिक सन्दर्भको परित्याग गर्दछ । विनिर्माणमा जस्तै अनेक विधाहरूका बिच अन्तर्मिश्रण, विधा भञ्जन, विपठन र अन्तर्पठन तथा भाषिक खेल नै उत्तर आधुनिकतावादका मूल मान्यता हुन् (गौतम, २०६४ : २८) । यस वादमा गम्भीरता, गहिराई, बौद्धिकता आदिको बहिष्करण हुन्छ । यसका सट्टामा बाह्य र सतहीपनलाई मात्र जोड दिइन्छ । यस वादमा सङ्गतिपूर्ण लेखनको पूर्णतः अभाव हुन्छ । सुसङ्गति, निश्चितता, तार्किकताको विरोध यसमा हुन्छ । यस वादले उच्च संस्कृतिका व्यतिरेकमा सीमान्तकृत संस्कृतिको अवलम्बन गर्दछ । सीमान्तकृत वा किनारीकृत, उपेक्षित र तिरस्कृतहरूप्रति झुकाव र जनजातीय पक्षधरताको वकालत गर्दछ (गौतम, २०६८ : ३०६) । यसले अन्तर्पाठीयताको अवधारणालई स्वीकार गर्दै एउटा कृतिले कुनै न कुनै रूपमा अर्कोसँग सम्बद्ध रहन्छ भन्ने मान्यता अघि सार्छ । यो वादले प्राचीनतातर्फ फर्केर हेर्ने हुँदा इतिहास भित्र पुनः प्रवेश गर्ने प्रयास गर्छ । यसले प्राविधिक संस्कृतिको विकासका कारण विश्व मानव समुदाय वैयक्तिक पहुँचभित्र सीमित हुँदै गएकाले यसले ग्रामीणीकरणको सोचाइलाई आगि सारेको छ । रेडियो, टिभी, कम्प्युटरजस्ता सूचना र ज्ञानका सशक्त विद्युतीय साधनले साइबर संस्कृतिलाई जन्म दिएको छ । यसले विश्वका सबै थरी मानिसलाई एक सूत्रमा जोडेको छ भन्दै अबको युगलाई प्राविधिक संस्कृतिको साइबर युग भनेको छ (शर्मा र लुइँटेल, २०६३ : ३५६) ।

यिनै विभिन्न दर्शन, मान्यता र सिद्धान्तमा आधारित भएर उत्तर आधुनिकतावादले आफ्नो मान्यता स्थापित गरेको छ ।

## २.६ निष्कर्ष

उत्तर आधुनिकता आधुनिकता र पूर्व आधुनिक मान्यताका विरोधमा आएको मान्यता विशेष हो । यस वादलाई नकारात्मक बाहुल्य भएको सिद्धान्तका रूपमा पनि लिइन्छ । उत्तर आधुनिकतावादीहरू सत्यलाई सत्य होइन उपयोगी असत्य मान्दछन् (शर्मा र लुइँटेल, २०६३ : ३५७) । उनीहरूका अनुसार कुनै पनि सत्य स्थिर, निश्चित र शाश्वत हुँदैन । त्यो अन्य सन्दर्भमा भत्किन्छ र त्यसले रूप फेर्छ । त्यस्तै कुनै पनि सीमा स्थिर तथा निश्चित छैन । त्यो भत्किएर निर्मित भइ रहन्छ । त्यसैले विनिर्माण वादका प्रवर्तक ज्याक डेरिडाले जसलाई हामी वास्तविक भन्छौँ त्यो पनि वास्तवमा वास्तविक हुँदैन भनेका छन् (शर्मा र लुइँटेल, २०६३ : ३५७) । कुनै पनि विधा र विषयलाई निश्चित परिभाषा वा रूपमा बाँध्न सकिँदैन किनभने प्रत्येक वस्तुले आफ्नो वर्तमान रूप भत्काइ रहन्छ र त्यो नवीन र प्रयोगशील रूपमा प्रकट हुन्छ । उत्तर आधुनिकतावादीहरू कला, साहित्य, समाज, संस्कृति आदिलाई सीमाना भत्किरहने र रूपमा विनिर्माण भई रहने वस्तुका रूपमा स्वीकार गर्छन् । बहुलतावाद, बहुकेन्द्रवाद, नव अग्रसरता, प्रविधिक संस्कृति, सीमान्तकृत आदिलाई महत्त्व दिनु उत्तर आधुनिकतावादका सशक्त पक्षहरू हुन् । अपरिभाषिक संशायात्मक, अनिर्णित अस्पष्ट, अमूर्त, अराजक, स्वच्छन्द, विशृङ्खल आदि हुने यस वादका सीमा हुन् ।

## तेस्रो परिच्छेद

# ध्रुवचन्द्र गौतमको सातौँ ऋतु पूर्वको उत्तर आधुनिक उपन्यास लेखन परम्परा र उपन्यासकार गौतम

### ३.१ विषय प्रवेश

यस परिच्छेदमा धुव्रचन्द्र गौतमका अप्रिय र सातौँ ऋतु पूर्वको उत्तर आधुनिक नेपाली उपन्यास परम्पराको विकासक्रमको सङ्क्षिप्त चर्चा गरिएको छ । यस क्रममा वि.सं. २०४० सालपछिको उत्तर आधुनिक नेपाली उपन्यासहरूको ससर्ती चर्चा गरिएको छ ।

### ३.२ आधुनिक नेपाली उपन्यासको विकास यात्रा

नेपाली उपन्यास लेखनमा वि.सं. १९९१ सालको रूपमती उपन्यासलाई पहिलो आधुनिक उपन्यास मान्ने चलन छ । त्यसपछि अहिले सम्मको औपन्यासिक लेखनलाई तीन चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

क) प्रथम चरण (वि.सं. १९९१ देखि वि.सं. २०२० सम्म)

ख) द्वितीय चरण (वि.सं. २०२१ देखि वि.सं. २०३९ सम्म)

ग) तृतीय चरण (वि.सं. २०४० देखि आजसम्म)

प्रथम चरणमा मूलतः यथार्थवादी लेखनको विकास भएको पाइन्छ । यसमा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, ऐतिहासिक आलोचनात्मक यथार्थवादी, प्रकृतिवादी र मनोवैज्ञानिक धाराहरूको थालनी र विकास भएको पाइन्छ । त्यस्तै द्वितीय चरणमा अस्तितत्व तथा विसङ्गतिवादी, समाजवादी, प्रयोगवादी धाराहरूको थालनी र विकास भएको देखिन्छ । तृतीय चरणमा प्रयोगवादी धाराको लेखनले थप निरन्तरता पाउँदा यसमा उत्तर आधुनिक उपन्यासहरू लेखिन थालेका छन् । त्यसैले यहाँ वि.सं. २०४० देखि सातौँ ऋतु प्रकाशन भएको साल वि.सं.२०६८ सम्म देखिएका उत्तर आधुनिक उपन्यासहरूको सङ्क्षिप्त विकासक्रम प्रस्तुत गरिन्छ, किनभने यही पृष्ठभूमिमा गौतमका अप्रिय र सातौँ ऋतु उपन्यास प्रकाशित भएका हुन् ।

**ग) तृतीय चरण (वि.सं. २०४०-हालसम्म)**

आधुनिक नेपाली उपन्यासको इतिहासमा वि.सं. २०४० को दशकदेखि यथार्थको पुन सिर्जन एवम् युगीन चेतन तथा व्यङ्ग्य प्रधान उपन्यासहरू यथार्थ इतर शैलीमा देखिए, ( ढुङ्गाना, २०७३ : १८) । त्यही ४० को दशकभन्दा पछाडिका उपन्यासलाई नेपाली उपन्यासको समसामयिक धारा मान्न सकिन्छ । यस धाराको सुरूवात ध्रुवचन्द्र गौतमको श्याम व्यङ्ग्य, स्वैर कल्पना, आञ्चलिकता, कथ्य सघन शैलीको सघन संश्लेषणयुक्त अलिखित (२०४०) उपन्याससँगै भएको मानिन्छ, (पौडेल, २०६८ : ३२) । समसामयिक उपन्यासमा मानवीय कुण्ठा, निराशा, विकृति, विसङ्गति, मानवीय पीडाबाट आहतलाई प्रस्तुत गरिएको पाइन्छ । विभिन्न समयमा देखा पर्दै आएका राजनीतिक आन्दोलन, आन्दोलनले ल्याएको परिवर्तन, जनताका इच्छा, आकाङ्क्षा, राजनीतिक दलको आशावादी प्रवृत्ति, गरिबी, समाजका यौनजन्य विकृति, परम्पराप्रतिको मूल्य विघटन, अराजकता, अस्तव्यस्तता उपन्यासमा पाइन्छ, (पौडेल, २०६८ : ७) । यस्ता प्रवृत्तिहरू समसामयिक उपन्यासकारका उपन्यासमा पाइन्छन् ।

उत्तर आधुनिकतावादका महत्त्वपूर्ण उपकरणका रूपमा साइबर संस्कृतिको प्रयोग, पुनर्लेखन वा विनिर्माण, विधाहीनता, तथ्य र स्वैर कल्पना, अराजकता, नवकेन्द्रको स्थापना, बहुलता आदि मानिन्छन् । यिनै विशेषतासँग सम्बद्ध उपन्यासहरूको सामान्य चर्चा यस प्रकार गरिन्छ :

**क) पुनर्लेखन/पुन निर्माण**

उत्तर आधुनिक लेखनको अर्को प्रमुख प्रवृत्तिको रूपमा पुनर्लेखनलाई लिइन्छ । पुनर्लेखन भनेको एक किसिमको प्रतिस्थापन हो, (भट्टराई, २०६० : ६३) । एउटा कृतिबाट अन्य कृतिको पनि निर्माण गर्न सकिने मान्यता राखेर साहित्यमा पुनर्लेखनको विकास भएको पाइन्छ । नेपाली उपन्यासमा ध्रुवचन्द्र गौतमको अगनिदत्त + अग्निदत्त (२०५३), इन्दिरा प्रसाईको विश्वामित्र (२०५५), प्रदीप नेपालको एक्काइसौँ शताब्दीको सुम्निमा (२०५८) आदि पुनर्लेखन गरिएका कृति मानिन्छन् ।

## ख) साइबर संस्कृतिको प्रयोग

वर्तमान सन्दर्भमा संस्कृतिको अन्तराष्ट्रियकरण हुन थालेको पाइन्छ । सञ्चारका क्षेत्रमा भएका नयाँ नयाँ आविष्कारले विश्वलाई नै एउटा कोठामा सीमित बनाएको पाइन्छ । इन्टरनेटले पारेको प्रभाव विश्वका सबै मुलुकमा भेटिन्छ, (ढुङ्गाना, २०७३ : ८) । ज्ञान, विज्ञान, कला, साहित्यका क्षेत्रमा आएका नवीन चेतनासँग इलेक्ट्रोनिक प्रविधिले समाजलाई प्रभावित बनाउँदै लगेको पाइन्छ । यसले समाजलाई एक सूत्रमा बाँधेको छ । यस्ता प्राविधिक कुराहरूको प्रभाव नेपाली उपन्यासमा तिव्र रूपमा पर्दै गएको पाइन्छ । शोभा भट्टराईको अन्त्यहीन अन्त्य (२०५८), साइबर संस्कृतिलाई आधार मानी रचिएको उपन्यास हो, (भट्टराई, २०६० : ७१) । ध्रुवचन्द्र गौतमको दुविधा (२०५२), फूलको आतङ्क (२०५५), अप्रिय (२०६७), नारायण वाग्लेको पल्पसा क्याफे (२०६१) आदि प्रमुख मानिन्छन् ।

## ग) विधाहीनता

उत्तर आधुनिकतावादले विधाहरूको भिन्नतालाई घटाउँदै लगेर विधाहीनताको स्थिति सिर्जना गर्दछ । प्रयोगगत नवीनता यसको खास पहिचान हो, (शर्मा र लुइटेल, २०६१ : ३५६) । साहित्यमा कथा उपन्यास नाटक, निबन्ध जस्ता विधाहरूका आफ्नै मौलिक लक्षण हुन्छन् भन्ने कुरा उत्तर आधुनिकतावादले अस्वीकार गर्दछ । साहित्यमा अकथा अकविता, अनाटक, अउपन्यास आदिको रचना हुन थालेको देखिन्छ । नेपाली उपन्यासमा वानिरा गिरीको शब्दातीत शान्तनु (२०५६), विधागत मान्यताको परिधिभन्दा भिन्न देखिएको प्रथम उपन्यास मानिन्छ, ( ढुङ्गाना, २०७३ : १९) । मदनमणि दीक्षितको भूमिसुक्त (२०५८), कृष्ण धरावासीको आधाबाटो (२०६९), मनिषा गौचनको बल्लीको डायरी (२०६३) आदिमा विधाहीनताको प्रवृत्ति पाइन्छ ।

## घ) तथ्य र स्वैर कल्पना

उत्तर आधुनिकता अर्थात् समसामयिक युगमा समाजको यथार्थ पात्र र काल्पनिक पात्र एकै ठाउँमा भेला भई कुनै कार्यमा साझेदारी भूमिका निर्माण गर्ने उत्तर आधुनिकतावादी साहित्यको नवीन प्रयोग हो । यस प्रवृत्तिको उत्कृष्ट उपन्यास मनुजबाबु मिश्रको स्वप्न

सम्मेलन (२०५६) मानिन्छ, (भट्टराई २०६० : ६८) । त्यस्तै ध्रुवचन्द्र गौतमको अग्निदत्त + अग्तिदत्त (२०५३), सरूभक्तको पागल बस्ती (२०४८) आदि पाइन्छन् ।

### ङ) बहुलतावाद

बहुलतावादले पुरानो समयमा केन्द्रमा रहेकालाई भन्दा नयाँ केन्द्रको स्थापनामा जोड दिन्छ । यसले नयाँ नयाँ प्रवृत्तिको प्रयोगमा पनि जोड दिन्छ । बहुलतावाद पनि समसामयिक युगमा देखापरेको उपन्यास लेखनगत प्रवृत्ति मानिन्छ । यसले कुनै एक पक्ष पद्धति, प्रक्रिया, विचार, दृष्टिकोण, शैली, आदिलाई महत्त्व नदिई सबैलाई महत्त्व दिनु बहुलवादी प्रवृत्ति हो । यस प्रवृत्तिका उपन्यासकारहरूमा ध्रुवचन्द्र गौतमको अलिखित (२०४०), मदनमणि दीक्षितको त्रिदेवी (२०५३) आदि देखिन्छन् ।

### च) नवकेन्द्रको स्थापना

हिजोको समयमा केन्द्रमा रहेका नायक, नायिकालाई अस्वीकार गर्दै आज विश्व समाजमा देखिएका शोषित, पीडित, समलिङ्गी, दलित, काला, अल्पसङ्ख्यक आदिको वकालत गरेको देखिन्छ, (शर्मा र लुइटेल, २०६१ : ३५५) । उपन्यासमा नयाँ मूल्यको स्थापना र नवीन केन्द्रको स्थापना भएको पाइन्छ । उत्तर आधुनिकतावादमा बढी सहरमुखी चेत छ भने अर्कातिर बिर्सिएका, टाढा रहेका, हेपिएका तथा गौण मानिएका पनि केन्द्र तत्त्व भएर आएका पाइन्छन्, ( सुवेदी, २०६७ : ३३) । मोहन राज शर्माको सलिजो, खगेन्द्र सङ्ग्रौलाको जुनकिरीको सङ्गीत ( २०५६), प्रदिप नेपालको एक्काइसौँ शताब्दीको सुम्निमा (२०५८), सरूभक्तको पागल बस्ती ( २०४८), तरूनी खेती (२०५२), चुली (२०६०) जस्ता उपन्यासमा नवकेन्द्रको स्थापना गरिएको पाइन्छ, (भट्टराई, २०६० : ७१) । यसरी समसामयिक धारामा उत्तर आधुनिकतावादी चेत पाइन्छन् ।

नारीवादी स्वर पनि यस चरणका उपन्यासमा तिव्र बन्दै गएको पाइन्छ । पुरूषहरूले लेखेका नारीवादी उपन्यासहरूमा कृष्ण धरावासीको राधा (२०६२), टुँडाल (२०६५) रहेका छन् । शोभा भट्टराईको अन्त्यहीन अन्त्य, पद्मावती सिंहको समानान्तर आकाश (२०६२) महिला लेखकबाट महिला समस्यामा केन्द्रित र महिला उत्थानकै निम्ति सिर्जना भएको कृति मानिन्छ, (

सुवेदी, २०६७ : ३५) । त्यस्तै डायस्पोरिक चेतनाका उपन्यास पनि प्रभावित देखिन्छ । यस किसिमको लेखनमा होमनाथ सुवेदीको यमपुरीको महल (२०६४) ले डायस्पोरिक साहित्यलाई निकै चर्चामा पुर्‍याएको पाइन्छ । त्यसपछि २०६७ सालमा राजवद्वारा लिखित मोटेल अमेरिका उपन्यासले यस प्रवृत्तिको लेखनलाई अझ माथि पुर्‍याउन सफल भएको पाइन्छ, (न्यौपाने, २०६१ : १६१) ।

## ३.३ ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको रेखाङ्कन

वि.सं. २०२४ सालमा अन्त्यपछि उपन्यास लिएर देखापरेका उपन्यासकार ध्रुवचन्द्र गौतम सातौं ऋतु (२०६८) मा आइपुग्दा प्रायजसो उपन्यासमा एकपछि अर्को गर्दै नवीन प्रयोगका साथ देखापरेका छन् । साहित्यको विभिन्न विधामा कलम चलाएको भए पनि उनको विकसित विधा र केन्द्रीय प्रतिभा उपन्यासकार व्यक्तित्वको रूपमा प्रकट भएको छ । यसै कारण बढी भन्दा बढी प्रयोग र ओजनदार सिर्जनाहरू उपन्यास विधामा नै दिएका छन् । गौतमका सम्पूर्ण लेखन शृङ्खलाले नवलेखनलाई प्रमाणित गर्दछन्, (भण्डारी, २०६९ : ११) । श्यामब्यङ्ग्य, स्वैर कल्पना, बिम्ब र प्रतीकको प्रयोग, मिथकको प्रयोग उनका सबै जसो उपन्यासमा पाउन सकिन्छ । उनले उपन्यासमा प्रजातन्त्रपछि नेपाली राजनीतिमा देखापरेका विसङ्गति, विकृति, अन्याय, अत्याचार, नातावाद, कृपावाद, भ्रष्टाचार, घुसखोरी, तस्करी, शोषण, दमनलाई निर्भिकतापूर्वक कलात्मक रूपमा प्रस्तुत गरेका छन् । उनको पहिलो उपन्यास अन्त्यपछि (२०२४) बाट सातौं ऋतु (२०६८) सम्मको औपन्यासिक यात्रालाई हेर्दा गौतमको उपन्यास लेखनलाई विभिन्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ । ती यसप्रकार छन् :

३.३.१ प्रथम चरण वि.सं. २०२४ - वि.सं. २०३३ सम्म

३.३.२ द्वितीय चरण वि.सं. २०३७ - वि.सं. २०४६ सम्म

३.३.३ तृतीय चरण वि.सं. २०४७ - वि.सं. २०५४ सम्म

३.३.४ चतुर्थ चरण वि.सं. २०५५ - हालसम्म

### ३.३.१ प्रथम चरण (वि.सं. २०२४ - वि.सं. -२०३३ सम्म)

यस चरण अन्तर्गत उपन्यासकार ध्रुवचन्द्र गौतमका तीन उपन्यास पर्दछन् । ती अन्त्यपछि (२०२४), बालुवामाथि (२०२८) र डापी (२०३३) हुन् । कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा शुरूवात गरेका उपन्यासकार गौतमको पहिलो उपन्यास अन्त्यपछि (२०२४) हो । नेपाली साहित्यको प्रयोगवादी युगमा जन्मिएका आख्यानकारको प्रथम उपन्यास नै प्रयोगशील विसङ्गतिवादी उपन्यासको रूपमा आएको छ । यस उपन्यासमा उपन्यासकार गौतमले समाजमा व्याप्त अभाव, अस्थिरता, शोषण, दमन, असुरक्षा आदिलाई अभिव्यक्त गरेका छन् । वर्तमान मान्छेको युग जीवनमा केन्द्रित नैराश्य, पीडा, प्रदुषण, विसङगति र अर्थहीन जीवनको भोगाइप्रति लक्षित गर्दै यस उपन्यासले प्रयोगवादलाई उत्कर्षतर्फ अग्रसर गराएको पाइन्छ, (भण्डारी, २०६९ : १२) । शृङ्खला वीहिन कथावस्तुको प्रयोग पनि यस उपन्यासमा पाइन्छ । यस उपन्यासमा जीवनको शुष्कता, निस्सारता र निरर्थकतालाई बहन गरेर बाँच्न बाध्य भएको समकालीन युग जीवनका विवशतालाई अघि सारिएको छ । बालुवामाथि सबैभन्दा असम्बद्ध रित्तिएको जीवनको विरक्त विरागलाई अथवा भिडभाड बिच पनि शुन्य-शुन्य, चासो-चासो लाग्ने एक्लोपनाको सन्नाटालाई र एकनासे जीवनको रङ्गवीहिन यान्त्रिकता र उदासिनतालाई आत्मसाथ गरेको असार्थकताको गाढा अनुभूति हो, (प्रधान, २०६१ : ४१२) ।

यसै चरणमा देखापरेको उपन्यासकार ध्रुवचन्द्र गौतमको अर्को सशक्त उपन्यास डापी (२०३३) हो । यस उपन्यासमा मान्छेले स्वतन्त्रता, अस्तित्व गुमाएको नियन्त्रित बनेको तथा पीडा, व्यथा, वेदनाबाट छट्पटिएको जीवन भोग्नुपरेका घटना प्रस्तुत भएको पाइन्छ । तत्कालीन पञ्चायती राजनीतिमा विकृति र त्यसले जन्माएका समाज तथा मानव विरोधी क्रियाकलापलाई कलात्मक रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा विषम राजनीतिक परिस्थिति, अपहरित स्वतन्त्रता आदिलाई अकथित रूपमा कथन गरिएको पाइन्छ । यस उपन्यासमा यसका साथै स्वैर कल्पनाको पनि प्रचुर प्रयोग गरेको पाइन्छ । डापी टोलका माध्यमबाट सामाजिक वैयक्तिक र राजनीतिक पीडा प्रस्तुत गरिएको पाइन्छ । यसै उपन्यास मार्फत आफ्ना उपन्यासमा उनले श्यामव्यङ्ग्य तथा मिथकीय प्रयोगमा आफूलाई क्रियाशील

देखाएको पाइन्छ । यस उपन्यासबाट उनको प्रयोगशीलताबाट अझ माथि उठेर उनको उपन्यास लेखन अगाडि बढेको पाइन्छ ।

### ३.३.२ द्वितीय चरण (वि.सं. २०३७ - वि.सं. २०४६)

वि.सं. २०३३ देखि वि.सं. २०४६ सालसम्म उपन्यासकार ध्रुवचन्द्र गौतमको उपन्यासमा लेखन सहलेखन तर्फ अगाडि बढेको पाइन्छ । यस अवसरमा आकाश बिभाजित छ (२०३५) उपन्यास सहलेखनमा तयार भएको छ । दोस्रो चरणको एकल उपन्यास लेखनको शुरूवात उनले कट्टेल सरको चोटपटक (२०३७) बाट गरेका छन् । यस उपन्यासमा मुलुकको उच्च शिक्षा प्रदान गर्ने प्राज्ञिक थलोमा भएको बौद्धिक फोहोरी खेल तथा विषम राजनीतिक अवस्थाबाट सिर्जित अन्धकार भविष्यको चित्रण गरिएको छ । चाकडी र चाप्लुसीबाट टाढिन खोज्दा खोज्दै पनि निरूपाय बनेको वासुदेव कट्टेल र आक्रोश बोकेर बाँच्नु पर्ने उसको विवशताको चित्रण उपन्यासमा पाइन्छ । कट्टेल सरको चोटपटक उपन्यास अन्त्यपछि र डापी जस्तो स्वैर कल्पना र किम्बदन्तिमा आधारित नभइकन सामाजिक यथार्थमा उभिएको छ, (प्रधान, २०६१ : ४१३) । गरिबी र विसङ्गतिको प्रभावबाट रोएर पनि हाँस्नुपर्ने मानिसको बाध्यता यस उपन्यासमा पाउन सकिन्छ । यसै चरणमा देखापरेको उपन्यासकार गौतमको अर्को महत्त्वपूर्ण उपन्यास अलिखित (२०४०) हो । यस उपन्यासमा गौतमले स्वैर कल्पनाभन्दा मिथकको अत्याधिक प्रयोग गर्दै विसङ्गतिको आफ्नो आलोचनात्मक टिप्पणीलाई प्रभावकारी बनाएका छन् । चेतन प्रवाह शैलीको प्रयोग गरिएको अलिखितमा वर्तमान मान्छेको जीवन भोगाइ कष्टकर रहेको, आर्थिक दुरावस्थाले जटिल बनाएको सन्दर्भमा उनीहरूप्रति वेवास्ता गर्दै उत्खनन पट्टि बढी चासो देखाएर उपलब्धी हीन विषय र कुरा तर्फ खर्च गरेको सन्दर्भको उल्लेख गराइबाट वर्तमान मान्छेका प्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ, (भण्डारी, २०६९ : १४) । पहिलो विश्वयुद्ध पछि इमाइल जोला जस्ता उपन्यासकारले प्रकृतवादी उपन्यास लेखन फोहोर, उत्पीडित मान्छेको अवमूल्यन, वैज्ञानिक वस्तुवादिता, अन्याय र पदच्युतिको चित्रण लेखे झैँ प्रकृतवादी प्रवृत्तिहरू अलिखितमा पाइन्छन् । भोजपुरी भाषा क्षेत्रको पर्यावरण वा परिवेश र संस्कार समेटिएको गौतमको प्रस्तुत उपन्यासमा आञ्चलिकता पाइन्छ ।

यस चरणको तृतीय उपन्यासका रूपमा निमित्त नायक (२०४३) देखापरेको छ । यस उपन्यासमा पनि आदर्श रहित, बौद्धिकता रहित, नैतिकता रहित, आचरण रहित सहरी जीवनको चित्रण पाइन्छ । आलोच्य उपन्यास निमित्त नायकले तत्कालीन नेपालको सहरी जनजीवनलाई आफ्नो औपन्यासिक विषयवस्तु बनाएको छ, (भण्डारी, २०६९ : १४) । गौतमका अरू उपन्यासमा जस्तै यसले पनि विसङ्गति र नेपालको विकृति सहितको राजनीतिक परिपाटीलाई अकथित रूपमा कथन गरिरहेको पाइन्छ । नायकत्व निर्वाह गर्न नसकेका नेपालीहरूको वर्तमानलाई प्रस्तुत त्यसैको केन्द्रीयतामा अडेको छ । यसै चरणको अर्को उपन्यासका रूपमा वि.सं. २०४५ सालमा स्वर्गीय हिरादेवीको खोज  देखा परेको छ । यो उपन्यास आयतनका हिसाबले छोटो र सानो उपन्यास हो । यसमा मान्छेको त्रसित, भयभित र आतङ्कित मनस्थितिभित्र बाँचेको र युगको सिकार भएको पीडालाई व्यक्त गरिएको छ । प्रस्तुत उपन्यासमा शीर्षकदेखि नै स्वैर कल्पनाको प्रयोग भएको छ । स्वर्गीयको खोजी असम्भव छ । तर त्यहि असम्भव वा अयथार्थलाई सम्भव वा प्रतीकात्मक यथार्थमा खाज्ने वा व्यक्ताउने काम स्वैर कल्पनाले गर्दछ । यस उपन्यासमा त्यहि स्वर्गीय हिरादेवीको खोजको अयथार्थबाट हराउँदै गएको मानवीय मूल्यको खोजीको सार्थकता अभिव्यञ्जित भएको छ । हिरादेवीको खोज मानिसको आफ्नै सम्पूर्णताको र मानवीय गरिमाको खोजी हो । जुन विना मानिस आँफूलाई अपूर्ण असाहय र एक्लो पाउँछ, (बस्ताकोटी, २०६६ : ६३) ।

यस चरणको अन्तिम उपन्यासका रूपमा एक सहरको एक कोठा (२०४६) देखापरेको छ । यो उपन्यासमा नेपाली समाज र जीवनका निम्न, मध्यम वर्गीय कर्मचारीको जीवन पद्धति र बाँच्नुको बाध्यतालाई प्रस्तुत गरिएको छ । म पात्र समाख्याता भएको यस उपन्यासमा पनि चेतन प्रवाह शैलीको प्रयोग र विसङ्गतिमूलक एक्लोपनको अभिव्यक्ति पाइन्छ । यस उपन्यासमा कतै हाँस्य र कतै गम्भीर व्यङ्ग्य पाइन्छ । एकै बसाईमा पढी सकिने यो उपन्यासमा स्वैर कल्पनाको पनि प्रयोग छ ।

### ३.३.३ तृतीय चरण (वि.सं. २०४७ - वि.सं. २०५४)

यस चरणमा गौतमका नीजि उपन्यास तर्फ तीनवटा उपन्यास र सह लेखन अन्तर्गत एउटा उपन्यास प्रकाशित भएको छ । यस चरणभन्दा अगाडिका उपन्यासमा प्रस्तुत गरिएका

विषयवस्तुहरू, घटनाक्रमहरू राजनैतिक परिवेशका भएपनि ती विषयवस्तुहरू उपन्यासमा आइपुग्दा घुमाउरो तरिकाले आएका थिए तर यस चरणमा आइपुग्दा नेपालमा वि.सं. २०४६ सालमा पञ्चायत खारेज भई प्रजातन्त्र आएको समय पछाडि यस्तो अवस्था रहेन । त्यसैले यस चरणका उपन्यासमा राजनैतिक परिवर्तनको सङ्केत फेला पर्दछ ।

यस चरणको गौतमको पहिलो उपन्यास उपसंहार अर्थात् चौथो अन्त्य (२०४८) ले वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पछि समाजमा आएको परिवर्तनलाई ग्रहण गर्दै सामाजिक विसङ्गतिको पतनोन्मुख अवस्थाको चित्रण गरेको छ । यो उपन्यासमा एकातर्फ प्रजातन्त्रको घाइते अवस्थाको चित्रण भएको छ भने अर्को तर्फ प्रकृतवादी सिद्धान्तको प्रयोग गर्दै मन मनको अवचेतन प्रवृत्तिलाई केलाएको देखिन्छ । यो उपन्यासमा स्वैर कल्पनाको प्राचुर्य छैन । सायद देशमा प्रजातन्त्र आइसकेको र त्यसले कमसेकम बोल्ने स्वतन्त्रता भने उपलब्ध गराएकाले भनाइलाई घुमाउरो ढङ्गबाट बोल्नु नपरेर सोझै भन्न सकिने सन्दर्भमा यसमा स्वैर कल्पनाको प्रयोग कम भएको पाइन्छ । तरपनि यस उपन्यासमा बिम्ब र प्रतीकको प्रयोग भने प्रचुर मात्रमा भएको छ । उक्त प्रयोग उपन्यासका चार अन्त्यमा देखिन्छ । त्यसभन्दा अगाडिका सन्दर्भमा यसको प्रयोग गरिएको पाइँदैन ।

यसैगरि गौतमका दुविधा (२०५२) तथा अग्निदत्त + अग्निदत्त (२०५३) उपन्यासमा पनि वि.सं. २०४६ साल पछिको समकालीन यथार्थ पाइन्छ । दुविधा (२०५२) उपन्यासका घटनाहरू जता जान चाहन्छन् वा पात्रहरूले जे गर्न चाहन्छन् त्यहि हुन दिनुले वि.सं. २०४६ साल पछिको स्वतन्त्रता अनुभूत गर्न सकिन्छ । एउटै पात्र पनि कुनै समयमा अनुकुल र कुनै समयमा प्रतिकुल अवस्थामा भेटिन्छ । अग्निदत्त + अग्निदत्त (२०५३) उपन्यासकार गौतमको अर्को महत्त्वपूर्ण उपन्यास हो । वि.सं. १९६० मा प्रकाशित गिरीशबल्लभ जोशीको वीरचरित्र नामक कृतिको एक प्रमुख पात्र अग्निदत्तलाई लिएर गौतमले प्रस्तुत उपन्यास रचना गरेका छन् । वीरचरित्र कै युग सापेक्ष पुननिर्माण वा विनिर्माण गरी यस उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसैले यसको विषय विनिर्माणमा आधारित छ, (पौडेल, २०६४ : ४८) । एउटा इतिहासको अग्निदत्त र अर्को वर्तमानको अग्निदत्तलाई मिलाएर तयार पारिएको प्रस्तुत अग्निदत्त + अग्निदत्तमा स्वैर कल्पना, श्यामव्यङ्ग्य र मिथकको प्रयोग पाइन्छ । यस उपन्यासमा

प्रजातन्त्रपछि नेपालको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विकृतिलाई आलोचनात्मक तथा निराशावादी कोणबाट विश्लेषण गरेको पाइन्छ, (बस्ताकोटी, २०६६ : ३६) ।

### ३.३.४ चतुर्थ चरण (वि.सं. २०५५ - हालसम्म)

नेपाली आख्यानको क्षेत्रमा नव नव प्रयोग गर्न सिपालु उपन्यासकार ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको चौथो चरण वा अन्तिम चरण वि.सं. २०५५ सालदेखि शुरू भएको छ । यस चरणमा गौतमका सङ्ख्यात्मक र गुणात्मक उपन्यासहरू आएका छन् । यस चरणको शुरूवात गौतमको सूत्र उपन्यास फूलको आतङ्क (२०५५) बाट भएको पाइन्छ । यस बाहेक यस चरणमा उनका बाढी (२०५६), सहश्राब्दीको अन्तिम प्रेम कथा (२०५७), मौन (२०५८), तथाकथित (२०५९), भीमसेन ४ को खोजी (२०६०), जेलिएको (२०६२), घुर्मी (२०६३), एक असफल आख्यानको प्रारम्भ (२०६५), अप्रिय (२०६७) र सातौँ ऋतु (२०६८) जस्ता उपन्यासहरू प्रकाशित भएका छन् । उनको यस चरणको वि.सं. २०५५ देखि वि.सं. २०६० सालसम्म एक वर्षको एउटा उपन्यास प्रकाशित भएको देखिन्छ । यस चरणलाई उनको उपन्यास लेखनको क्रान्तिको रूपमा पनि लिन सकिन्छ ।

नेपाली उपन्यास लेखनको क्षेत्रमा अरूले खनेको बाटोभन्दा आँफै बाटो बनाएर हिड्ने उपन्यासकारको रूपमा पनि गौतमलाई लिन सकिन्छ । त्यसैले उनका उपन्यासमा नवीन शैलीको अनुसरण गर्दै विभिन्न प्रयोगशील उपन्यासहरू लेख्ने क्रममा गौतमको यो चरण अझ सशक्त रूपमा देखापरेको छ । यस चरणको पहिलो औपन्यासिक कृति फूलको आतङ्क (२०५५) हो । यो उपन्यासमा डापी (२०३३), अलिखित (२०४०), कट्टेल सरको चोटपटक (२०३७), अग्निदत्त + अग्निदत्त (२०५३) हुँदै अगाडि बढेको विसङ्गतिवादी अस्तित्ववादी प्रवृत्तिले विविध रूपमा उत्कर्षता प्राप्त गरेको छ । यो उपन्यासले यसका साथै सूत्र उपन्यासको पनि उपन्यास जगतमा थालनी गरेको पाइन्छ । डापी (२०३३) देखि शुरू गरी त्यसपछिका आफ्ना प्रायः सबै उपन्यासमा श्यामव्ङ्ग्यको सफल प्रयोग गर्ने उपन्यासकार गौतमले फूलको आतङ्क उपन्यासमा त्यसलाई उत्कर्षता प्रदान गरेको देखिन्छ । त्यसैले यहि उपन्यासले नै गौतमको औपचारिक रूपमा तेस्रो चरणलाई बिदा दिँदै चौथो चरणको आरम्भ गरेको सहज रूपमा अनुमान गर्न सकिन्छ । विभिन्न सूत्र कथाहरूलाई जोडेर विभिन्न औपन्यासिक संरचना

प्रदान गर्नु र अनुभव उपन्यासका रूपमा आफ्ना जीवन भोगाइका उल्लेखनीय क्षणका तिता मिठा अनुभवहरूलाई औपन्यासिक संरचना भित्र आबद्ध गर्नु गौतमका यस चरणका प्रवृत्ति मान्न सकिन्छ । यस चरणका प्रायः उपन्यासहरू आयतनका दृष्टिले साना भए पनि त्यसको विषयवस्तु विस्तृत पाउन सकिन्छ । गौतमका अप्रिय र सातौं ऋतु उपन्यास उत्तर आधुनिक चिन्तनका दृष्टिले उत्कृष्ट उपन्यास हुन् । यी उपन्यासमा वर्तमान राजनैतिक अवस्थाको विकृतिको चित्रण गरिएको छ । राजनैतिक अवस्थाले नेपाली समाजमा देखिएको असङ्गति र त्यसले पारेको प्रभाव उपन्यासहरूमा प्रष्ट रूपमा देखिएको छ ।

यसरी नेपाली साहित्यमा वि.सं. २०२० देखि क्रियाशील गौतमको आजसम्म आइपुग्दा पचास वर्षको समय सीमा पार भएको छ । साहित्यको सबै जसो विधामा कलम चलाएका गौतमको उत्कर्षता प्राप्ति भने उपन्यासले पाएको छ । उनका उपन्यासहरूले नव नव प्रयोगको खोजी पनि गरेका छन् । त्यसैले उनलाई नेपाली उपन्यासमा नयाँ बाटोको खोजी गरी नव नव प्रयोग भित्राउने उपन्यासकारका रूपमा पनि लिन सकिन्छ । उनका उपन्यासमा पुरानो शैली भन्दा नयाँ शैली व्याप्त भएको  पाइन्छ ।

आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियाको प्रयोगवादी प्रवृत्तिलाई प्रवेश गराउने इन्द्रबहादुर राईको परम्परामा एक पाइला अगि बढी उत्तर आधुनिकतावादी प्रवृत्तिलाई आत्मसात् गर्दै ध्रुवचन्द्र गौतम उदय भएका छन् । पूर्ववर्ती औपन्यासिक प्रवृत्तिका निकट तर त्यसभन्दा भिन्न प्रवृत्ति र मौलिकपनका साथ प्रयोग र उत्तर आधुनिकताको मिश्रण उपन्यासमा गर्न सफल भएका छन् । गौतम मूलतः प्रयोगवाद भित्रै उत्तर आधुनिक सञ्चेतनाले युक्त विसङ्गत जीवन चिन्तनलाई उचाइमा पुऱ्याउन सफल छन् । इन्द्र बहादुर राईद्वारा परिपोषण गरिएकै विसङ्गतिवादी धारालाई उत्तर आधुनिक प्रवृत्तिका साथ गरिमामयी बनाएर प्रस्तुत गर्नु र औपन्यासिक नवीनता दिनमा गौतमको छुट्टै पहिचान रहेको छ । त्यसका अतिरिक्त राई र पारिजात भन्दा भिन्न अकथात्मक, अउपन्यासको शिल्पतर्फको उन्मुखताले गौतमलाई उत्तर आधुनिक उपन्यासकारको कित्तामा उभ्याइ दिएको छ । प्रयोगवादी धारालाई प्रमुख रूपमा परिपोषण गर्ने गौतमको औपन्यासिक स्वाद फरक ढङ्गको छ । उनले उपन्यासको विधा भञ्जन नै गरि दिएका छन् । 'फुलको आतङ्क' भीमसेन ४ को खोजी, बाढी जस्ता

उपन्यासहरू विधा भञ्जनको कित्तामा उभिएका छन् । सामाजिक विकृति, विसङ्गति, राजनैतिक सङ्कीर्णता, सामाजिक रूग्णता, गिर्दो रूपमा रहेको मुलुकको शैक्षिक स्तर, प्रशासन तथा खण्डित भई रहेको मान्छेको जीवनलाई उनका प्रत्येक उपन्यासले पृथक ढङ्गबाट प्रस्तुत गरेका छन् । डापीको स्वैर कल्पनाको रहस्यमय प्रस्तुति, अलिखितको मिथकीय तथा विसङ्गति, अग्निदत्त + अग्निदत्तको मिथकीय पुनर्निर्माण र रोमाञ्चकता गौतमका उत्तर प्रयोगवादी सञ्चेतनाहरू हुन् । गौतमले मूलतः वैविध्यपूर्ण प्रयोगलाई अङ्गीकार गर्दछन् । आफ्ना सबै उपन्यासमा मौलिक विषय र त्यसको कलात्मक र प्रयोगवादी प्रस्तुतिमा गौतमले विशेष जोड दिएका छन् । नवीन उत्तर आधुनिक शैली शिल्पको प्रयोगमा सिद्धहस्त गौतमको योगदान सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उल्लेखनीय रहेको छ । अन्त्यपछिदेखि प्रारम्भ भएको उत्तर आधुनिक प्रवृत्ति बालुवामाथि, डापी हुँदै अलिखित, अग्निदत्त + अग्निदत्त, दुविधा, फुलको आतङ्क, बाढी, मौन, तथाकथित र भीमसेन ४ को खोजीसम्म आइपुग्दा उत्कर्षमा पुगेको देखिन्छ । त्यसपछिका अप्रिय एक अफसल आख्यानको आरम्भ र सातौँ ऋतुले थप उत्तर आधुनिक सञ्चेतना र त्यसको मूल्यलाई आत्मसात् गरेका छन् । प्रत्येक उपन्यासमा नवीनताको स्वाद दिने र समसामयिक विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै औपन्यासिक अभिव्यक्ति दिनु गौतमको मौलिक विशेषता हो ।

उत्तर आधुनिकतावादी सञ्चेतनाका साथ कलम चलाउने गौतमको औपन्यासिक यात्रा २०२४ देखि हालसम्म विशेष उपलब्धिपूर्ण रहेको छ । प्रयोगवादले नेपाली उपन्यासलाई गरिमामयी बनाउने उद्देश्य राखेको यस समयमा गौतमको आगमनले अझ उचाइ थपेको छ । परम्परागत औपन्यासिक मान्यता र शिल्पलाई चटक्कै छाडेर प्रयोगवादी चिन्तन, त्यसमा पनि बौद्धिकतापरक अभिव्यक्ति तर्फ उन्मुख रहेका गौतम प्रयोगभित्रै उत्तर आधुनिकतालाई विशेष रूपमा प्रवर्तन र परिपोषण गर्दै अगि बढेका छन् । आफ्ना अग्रजहरूको भन्दा फरक लेखनलाई आत्मसात् गर्ने तर विसङ्गति, प्रयोग, नवप्रयोगको मूल सन्दर्भलाई नछाडी त्यसैमा उत्तर आधुनिकताको प्रस्तुतिमा रमाउने गौतम आधुनिक नेपाली उपन्यासको दोस्रो मोडका केन्द्रीय प्रतिभा पनि हुन् । उमेरको प्रौढता तथा लेखनको परिपक्वताले उत्कर्षता प्राप्त गर्दै गौतम अघि बढि रहेका छन् ।

## ३.५ निष्कर्ष

रूद्रराज पाण्डेको 'रूपमती' (१९९१) बाट प्रारम्भ भएको आधुनिक नेपाली उपन्यासको उपन्यास यात्रामा फरक फरक विषय, प्रवृत्ति र जीवन दर्शनको अवलम्बन भएको छ । वि.सं. १९९१ सालपछि हालसम्मको उपन्यास लेखनलाई तीन चरणमा विभाजन गरी हेर्ने गरिन्छ । प्रथम चरणमा मुख्यतया यथार्थवादी लेखनको विकास भएको पाइन्छ । यसमा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, ऐतिहासिक आलोचनात्मक यथार्थवादी आदि धाराहरूको विकास भएको पाइन्छ । द्वितीय चरणमा विसङ्गतिवादी, अस्तित्ववादी र प्रयोगवादी लेखनको सुरूवात भएको पाइन्छ । तृतीय चरणमा प्रयोगवादी लेखनले निरन्तरता पाउँदै उत्तर आधुनिक उपन्यास लेखिन थालेका छन् । यस समयमा विनिर्माणवादी चिन्तन, अभिघातवादी चिन्तन, पर्यावरणीय चिन्तनका साथमा बहुलवादी चिन्तनको पनि प्रयोग भएको पाइन्छ । गौतमको पहिलो उपन्यास नै प्रयोगवादी चिन्तनबाट अभिप्रेरित छ । यसरी सुरूवात भएको गौतमको लेखन पछि पछि आएर नव नव प्रयोग तर्फ अभिप्रेरित भएको पाइन्छ ।

ध्रुवचन्द्र गौतमको उपन्यास लेखनलाई केलाउने क्रममा चार चरणमा विभाजन गरी हेरिएको छ । पहिलो चरण वि.सं. २०२४- २०३३ सम्मलाई मानिएको छ । यस चरणमा प्रकाशित उनका उपन्यासमा अन्त्यपछि (२०२४), बालुवामाथि (२०२८) र डापी (२०३३) छन् । यी उपन्यासहरूमा प्रयोगशीलता, विसङ्गति र अस्तित्वको चित्रण, सामाजिक समस्याको उजागर गरेको पाइन्छ । उनको द्वितीय चरण वि.सं. २०३७-२०४६ सम्मलाई मानिएको छ । यस समयमा एकल उपन्यासको साथमा सहलेखन तर्फ पनि सक्रिय भएको पाइन्छ । यस चरणमा उनका कट्टेल सरको चोटपटक (२०३७), अलिखित (२०४०), निमित्त नायक (२०४३) आदि उपन्यासहरू प्रकाशित भएको पाइन्छ । सहलेखन तर्फ आकाश विभाजित छ प्रकाशित भएको छ । यस चरणमा युगीन बाध्यताको चित्रण, चेतन प्रवाह शैलीको प्रयोग, व्याङ्ग्यात्मक शैलीको प्रयोग, विषम राजनैतिक अवस्थाको चित्रण गरेको पाइन्छ । गौतमको तृतीय चरण वि.सं. २०४७-२०५४ सम्मलाई मानिएको छ । यस समयमा उनका उपसंहार अर्थात् चौँथो अन्त्य (२०४८), दुविधा (२०५२), अग्निदत्त + अग्निदत्त (२०५३) उपन्यास प्रकाशित भएका छन् । यस समयमा राजनैतिक अराजकताको चित्रण, विनिर्माणवादको प्रयोग, स्वैर कल्पनाको

प्रयोग, नव भाषाको खोजी र उत्तर आधुनिक लेखन तर्फ गौतम आकर्षित भएको पाइन्छ । गौतमको चौँथो चरण वि.सं. २०५५ बाट सुरू भएर हालसम्म चलिरहेको छ । यस समयमा उनका फूलको आतङ्क (२०५५), बाढी (२०५६), असफल आख्यानको प्रारम्भ (२०६५), अप्रिय (२०६७), सातौँ ऋतु (२०६८) आदि उपन्यास प्रकाशित भएका छन् । यस चरणमा गौतमले सूत्र उपन्यास लेखन, नव प्रयोगको खोजी, अनुभव उपन्यास लेखन, पुन प्रयोगमा रूचि देखाएका छन् । यसरी गौतमले वि.सं. २०२४ सालबाट हालसम्म नव प्रयोगमा रूचि देखाएका छन् । उनी नव प्रयोग तर्फ उन्मुख भएका उपन्यासकार हुन् ।

# चौथो परिच्छेद

# अप्रिय र सातौँ ऋतु उपन्यासको उत्तर आधुनिकतावादी मान्यताका आधारमा तुलनात्मक अध्ययन

## ४.१ विषय प्रवेश

यस परिच्छेदमा धुवचन्द्र गौतमद्वारा लिखित अप्रिय र सातौँ ऋतु उपन्यासमा प्रयुक्त उत्तर आधुनिकतावादी चिन्तनको तुलनात्मक अध्ययन गरिएको छ । उत्तर अधुनिकतावादी मान्यताले अगि सारेका विकेन्द्रण, विधा भञ्जन, विधा मिश्रण, लेखक मृत्यु, बहुलवादी दृष्टिकोण, अनिश्चितता, आत्मपरकता, इतिहास अन्त्यको दर्शन, अधिआख्यानात्मकता, अनायकत्व, सतहीपन, निम्नवर्गको चित्रण जस्ता कृति विश्लेषण आधारहरूको उपयोग गरी निर्धारित उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## ४.२ अप्रिय र सातौँ ऋतु उपन्यासको आख्यान सन्दर्भ

### ४.२.१ अप्रिय उपन्यासको आख्यान सन्दर्भ

अप्रिय उपन्यासले समसामयिक विषयवस्तुलाई समेटेको छ । धुव्रचन्द्र गौतम प्रयोगवादी उपन्यासकार भएकाले विषयवस्तुगत प्रयोगशीलता यस उपन्यासमा भेटिन्छ । गौतमद्वारा लिखित अप्रिय उपन्यास उत्तर आधुनकताको व्यापक चर्चा परिचर्चा भइरहेको बेलामा प्रकाशित भएको उपन्यास हो । यो उपन्यास कुनै परिच्छेदगत रूपमा विभाजन गरिएको छैन ।

साधारण मानिसले भोट हाल्ने कुराबाट सुरूवात भएको यस उपन्यासमा विशेषतः निम्न र मध्यम वर्गीय समाजको चित्रण पाइन्छ । यस उपन्यासमा राजनीतिप्रति जनताहरूको वितृष्णा, सहरको कष्टकर जीवन पनि चित्रण भएको छ । यसका साथै यस उपन्यासमा मुख्यतया अघिल्लो र पछिल्लो पुस्ता बिचको द्वन्द्व र पछिल्लो पुस्तामा देखापरेका विकृति पनि प्रस्तुत भएका छन् । सरकारी कर्मचारीको भ्रष्टचारी प्रवृत्ति पनि उपन्यासमा विषयवस्तु बनेको

छ । आर्थिक विपन्नता, निम्न स्तरका कर्मचारीको दयनीय अवस्था पनि उपन्यासमा आएको छ । आर्थिक रूपले सम्पन्न र प्रभुत्वशाली मानिसको दादागिरी, साइबर संस्कृतिले देखापरेको समस्या पनि उपन्यासमा विषय बनेर आएको छ । विकृत यौन प्रसङ्ग, गरिबी र त्यसले सिर्जित समस्याहरू पनि उपन्यासमा समसामयिक विषय बनेर आएका छन् । उपल्लो तहको कर्मचारीले तल्लो तहको कर्मचारीलाई गर्ने निकृष्ट र हेपाहा व्यवहार पनि उपन्यासमा आएको छ ।

यो उपन्यास विशेषतः केशव राजको घरको कथा हो । यस उपन्यासमा केशव राज तल्लो स्तरको सरकारी कर्मचारी हो । उसको घरमा उपन्यास लेख्नका लागि विषयवस्तु खोज्दै हिँडेको लेखक राम प्रसादले प्रवेश गर्छ । राम प्रसाद केशव राजकै घरमा डेरा गरेर बस्छ । यसै क्रममा राम प्रसादले केशव राजकै दैनिकीलाई विषय बनाएर उपन्यास लेख्न थाल्दछ । राम प्रसाद एकदमै पतित लेखक हुन्छ । उसले केशव राजको परिवार, उसको जिन्दगीका उतार चढावलाई उपन्यासको विषयवस्तु बनाउँदै लेखनीलाई अगाडि बढाउने क्रममा उसलाई असत् पात्रको रूपमा चित्रण गरेपछि लेखक राम प्रसाद र  केशव राज बिचको टकराब नै उपन्यासको मुख्य विषय बनेको छ । उनीहरू बिचको बेमेलले गर्दा एकले अर्कालाई मार्न तम्सने स्थितिसम्म पुर्‍याएको छ । आफ्नो वास्तविक जीवनका घटनालाई कतै जस्ताको तस्तै त कतै तोडमोड गरेर प्रस्तुत गर्ने लेखक राम प्रसादबाट केशव राज व्याकुल भएको छ । केशव राज राम प्रसादको लेखनबाट मात्र नभई अन्य व्यवहारबाट पनि असन्तुष्ट बनेको छ । पैसाका बलले केशव राजको सबै परिवारलाई राम प्रसादले आफ्नो बनाएको कारण उसले विरोध गर्न पनि सक्दैन । राम प्रसाद केशव राजका छोरीहरूसँग पालै पालो घुम्ने गर्दछ । यसरी केशव राज उच्च आय भएको राम प्रसादबाट चेपिएको छ । राम प्रसादले केशवराजका छोराहरूलाई पनि कुसङ्गतमा र  गुण्डागर्दीमा लगाएको छ । राम प्रसादका यस्ता कार्यले केशव राजलाई चिन्तित बनाएको छ । केशव राजले आफ्नो जिन्दगीलाई तहस नहस बनाउने, आफूलाई पतित देखाउँदै उपन्यास रच्ने राम प्रसादलाई हराउन अनेक प्रयास गरे पनि आँफैलाई फसाएको निष्कर्ष निकालेर उपन्यास टुङ्गिएको छ ।

यस उपन्यासमा मुख्य पात्रका रूपमा केशव राज र राम प्रसाद आएका छन् । अन्य पात्रहरू सहायक र गौण पात्रका रूपमा आएका छन् । यस उपन्यासमा केशव राज एक निम्न

स्तरीय सरकारी कर्मचारी हो । उसको परिवार गरिबीमा पिल्सिएको छ । उसले आफ्नो परिवारको राम्रो व्यवस्था गर्न सकेको छैन । उसको माध्यमबाट सरकारी कर्मचारीले गर्ने घुसखोरी प्रस्तुत गरिएको छ । उसले हाकिमको चाकरी गरेर आफ्नो दैनिकी चलाएको प्रसङ्गले हाकिम तन्त्रको चित्रण भएको छ । केशव राज यस उपन्यासमा दयनीय, निरीह पात्रका रूपमा चित्रित छ ।

राम प्रसाद उपन्यास लेख्न भौतारिएको लेखक हो । उपन्यास लेख्न विषय खोज्दै ऊ केशव राजको घरमा आएर केशव राजलाई पात्र बनाएर उपन्यास लेख्न थाल्दछ । उपन्यास लेख्न आएको भए पनि उसले केशव राजको परिवारमा हैकम जमाएको छ । उसले केशव राजलाई पात्र बनाएर उपन्यास लेख्दा केशव राजको चरित्र हत्या गर्न खोजेको छ । यस उपन्यासमा राम प्रसादको माध्यमबाट समाजमा देखिएको यौन विकृति, साइबर संस्कृतिको अनुचित प्रयोगको चित्रण गरिएको छ । राम प्रसाद यस उपन्यासमा लेखक रूपमा प्रस्तुत भएर समाजको विकृति बढाउने पात्रका रूपमा चित्रित छ ।

यस उपन्यासको प्रमुख उद्देश्य नेपाली राजनैतिक परिवर्तनले देखिएको भ्रष्टाचार, चाकरी, हाकिम तन्त्र आदिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु हो । यसका साथै बिदेशी संस्कृतिको अन्धानुकरणले नेपाली संस्कृतिमा परेको असर पनि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा समग्र रूपमा नेपाली राजनैतिक परिवर्तनले समाजमा झन् धेरै विकृति र विसङ्गति फैलाएको देखाउनु उपन्यासको समग्र उद्देश्य हो ।

यस उपन्यासमा विशेषतः राजनैतिक परिवेशको चित्रण पाइन्छ । यसका साथै सामान्य परिवारले आफ्नो जीवन निर्वाह गर्नका लागि आफ्ना हाकिमहरूको चाकरी गरेको परिवेश पनि उपन्यासमा शसक्त भएर आएको छ । निम्न स्तरीय कर्मचारीलाई उच्च स्तरीय कर्मचारीले गर्ने तल्लो स्तरको व्यवहार पनि उपन्यासमा आएको छ । लेखक राम प्रसादको माध्यमबाट निम्न वर्गीय समाजलाई उच्च वर्गीय समाजले हेप्ने प्रवृत्ति देखाइएको छ । यसरी समग्र परिवेशको रूपमा समसामयिक राजनीतिक अवस्था, हाकिम तन्त्र, उच्च र निम्न वर्ग बिचको असमानता आदि आएका छन् । त्यस्तै उपन्यासमा प्रभुत्वशाली लेखकहरूले गर्ने बेइमानीको चित्रण गरिएको छ ।  लेखकका नाममा पीत लेखन गर्ने र अर्काको स्वतन्त्र जिन्दगी र दैनिकीलाई तहस नहस

पारिदिने लेखकका संवेदनाहीन क्रियाकलापलाई पनि कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । गरिबीका कारण उत्पन्न समस्या र अहम्को लडाइँलाई पनि निकै रोचक र कलात्मक रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ ।

### ४.२.१.१ अप्रिय उपन्यासमा देखिने उत्तर आधुनिकता

ध्रुवचन्द्र गौतमको अप्रिय उपन्यास वि.सं. २०६७ सालमा प्रकाशित भएको हो । यो उपन्यास नव प्रयोगका दृष्टिले बढी महत्त्वको छ । ध्रुवचन्द्र गौतमले अप्रिय उपन्यासमा राजनीतिप्रतिको वितृष्णा, सहरिया कष्टकर जीवन, अस्तित्ववादी दर्शनको प्रस्तुति, अघिल्लो र पछिल्लो पुस्ता बिचको फरक र त्यसले ल्याएको समस्या, सरकारी कर्मचारीको फोहोरी खेल, पैसावाला लेखकको तनाशाही प्रवृत्ति आदि विषयलाई समेटेका छन् । गरिबी र भोकको समस्या पनि यस उपन्यासको अर्को विषय हो । भोकको रूपमा पेटको भोक र यौनिक भोक देखा परेका छन् । कर्मचारीको घुस्याहा प्रवृत्ति र निम्न स्तरका कर्मचारीलाई घरको काम गर्न लगाउने हाकिम तन्त्र पनि अप्रिय उपन्यासमा आएका छन् ।

उपन्यासमा उत्तर आधुनिकतावादी प्रवृत्तिको प्रयोग प्रचुर मात्रामा भएको छ । उत्तर आधुनिकताले नयाँ संस्कृति, विषयवस्तुको प्रयोगमा विविधता, नव केन्द्र र बहु केन्द्रको स्थापना, नवीनतालाई स्वीकार गर्दै बहुलवादी प्रवृत्तिलाई आत्मसात गर्दछ । यसका साथै यसले महाआख्यानको अन्त्य गर्दै क्रम भङ्गतालाई अगाडि बढाउँछ । साइबर संस्कृतिको प्रयोग, साहित्यको विधा मुक्तताको अवस्था, पुराना मान्यता र केन्द्रहरू भत्काउँदै जानु नव केन्द्रको स्थापना गर्नु उत्तर आधुनिकतावादी लेखनका विशेषता हुन् ।

अनायकत्वले परम्परागत औपन्यासिक समीक्षा शास्त्रले निर्धारण गरेको उपन्यासका नायकमा हुने गुणका विपरित गुणको नायकलाई जनाउँदछ । अप्रिय उपन्यासमा सबैभन्दा बढी चर्चा भएको पात्र केशव राज हो । उसैको घटना र चरित्रका वरिपरि यो उपन्यास घुमेको छ । उसलाई उपन्यासमा केही पनि गर्न नसक्ने पात्रका रूपमा चित्रण गरेर परम्परागत उपन्यासले अपेक्षा गरेको नायकत्व समाप्त गरिएको छ । यस प्रसङ्गलाई उपन्यासमा यसरी पुष्टि गरिएको छ :

*म बाहेक उसले घरका सारालाई हातमा लिइ सकेको थियो । यतिन्जेलमा त्यो एक सज्जन भलाद्मीका रूपमा स्थापित भइ सकेको थियो । मेरो कुरा कसैले पत्याउँदैनथ्यो, (पृ. ९९) ।*

माथिको साक्ष्यले राम प्रसादका सबै कुरा थाहा पाएर केशव राजले घरबाट निकाल्न खोज्छ तर सिङ्गो घरमा राम प्रसादको विरोधी ऊ मात्र थियो । अरू सबै उसैको पक्षमा छन् । यसले नायकत्वको सट्टा अनायकत्वको सिर्जना गरी दिएको छ ।

यो बहु नायकत्वको प्रयोग भएको उपन्यास हो । यस उपन्यासमा केशव राज र राम प्रसाद पात्रगत समान हैसियतमा आएका छन् । केशव राज नायकको रूपमा आएको भए पनि राम प्रसादले उपन्यासको कथावस्तु नै परिवर्तन गरि दिएको छ । केशव राजको घरमा डेरा जमाएर बसेको छ । यसलाई पुष्टि गर्न तलको प्रसङ्ग उपन्यासमा आएको छ :

*....... आज हामी जे जति छौँ त्यसमा राम अङ्कलको हात छ । नत्र त हामी फुटपाथमा मिल्किएका र प्लाष्टिकका झोला बराबर पनि थिएनौँ, (पृ.१०८) ।*

यस साक्ष्यले राम प्रसादको प्रभावशालीपनलाई चित्रण गरेको छ । यसरी यस उपन्यासमा नायक केशव राजलाई मान्ने कि राम प्रसादलाई मान्ने भन्ने विषयमा दोधार देखिन्छ ।

उत्तर आधुनिकताले साइबर संस्कृतिलाई बढी महत्त्व दिन्छ । गौतमको अप्रिय उपन्यासमा साइबर संस्कृतिको बढी प्रयोग गरिएको छ । सञ्चारका साधनको गलत प्रयोग भई विकृति निम्तिएको कुरा पनि उपन्यासमा चित्रण गरिएको छ । यसलाई उपन्यासमा यसरी देखाउन खोजिएको छ :

*यो भन्दा कडा कडा एस.एम.एस.हरू हुन्थे, जुन बयान गर्न बन्देज छ । स्वयम् त्यो युवक, जसले त्यस्ता म्यासेजहरू आत्मियता र उत्तेजनाका साथ दिन भरि ग्रहण गरेर आफ्नो भाग्यको सराहाना गरि रहेको हुन्थ्यो राति घर जाँदा जति*

*सुकै नसामा भए पनि स्वास्नीको डरले त्यस्ता एस.एम.एस. हतार हतारमा डिलिट गरेर मात्र पस्दथ्यो । भ्यायो भने बरू त्यसका ठाउँमा कुनै किर्तनका शब्द हालेर निश्चिन्त भएर आफ्नो सेट पनि स्वास्नीका अगिल्तिर फालेर सुत्थ्यो, (पृ.५७) ।*

माथिको साक्ष्यले वर्तमान समयमा मोबाइलको अत्याधिक प्रयोगसँगै बढ्दै गएका अनेक किसिमका विकृतिहरूलाई सङ्केत गरेको छ ।

गौतमको अप्रिय उपन्यासले विकेन्द्रणलाई आत्मसात गरेको छ । उपन्यासमा कुनै पनि कुराको केन्द्र छैन । यसले साना कुराको केन्द्र निर्माण गरेर दबिएका, थिचिएका, पछि परेकालाई अगाडि ल्याउने काम गर्दछ । उपन्यासमा पहिलो केन्द्रको रूपमा पेटको भोक आएको छ । भोजनको भोक तृप्त भए पछि यौनिक भोक केन्द्रमा आएको छ । त्यस पछि मान, प्रतिष्ठालाई गौण मानेर अर्थको भोक केन्द्रमा आएको छ । यसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

*........कहिले काही दाल भात मात्रै सुर्पेर पनि बसिएको छ । कहिले पूर्ण भोजन पाइएको छ अर्थात् दाल, भात, तरकारी, अचार । त्यसदिन त राति कामोद्रेक समेत होला होला जस्तो आभाष हुँदो रहेछ । त्यो कसरी भने स्वास्नी पनि ढिलोसम्म हलुको मेकअपको हाउभाउ कटाक्ष मिसाएर कुरा गर्छे, (पृ.२१) ।*

मान सम्मानलाई गौण मानेर अर्थलाई केन्द्रको रूपमा मानेर उपन्यासमा यस्तो प्रसङ्ग आएको छ :

*घुस यहाँ पनि आउँछ भन्छन् । घुसको प्रवाह पानी जस्तै माथिदेखि तलतिर हुने भएकाले वाटर फाइन्स ओन लेभल भन्ने वैज्ञानिक सूत्र मुताविक थोपो समेत कयौँ कणमा विभाजित हुन्छ । त्यो विभाजित कण पनि यदा कदा मात्र मेरो हात परेको देखेको छु । सयको सङ्ख्यामा । हजारवाला मभन्दा माथि छन् । हाकिम र्‍याङ्कका । दश हजार माथिका अझै माथिका हाकिम छन् । सुनिन्छ, लाखले शितल हुनेहरू पनि कोही कोही छन्, (पृ.७०) ।*

यसरी उपन्यासमा विभिन्न केन्द्रहरूको निर्माण गरी केन्द्रिकृत मान्यतालाई भत्काउने काम गरिएको छ ।

यस उपन्यासमा बहुलवादी मान्यता आएको छ । यसले एकत्ववादी मान्यतालाई विरोध गरेको छ । सबै विचार, दर्शन, मान्यता, चिन्तन आदिलाई समवेशी रूपमा ग्रहण गर्नु बहुलता हो । गौतमको अप्रिय उपन्यासमा पात्र, विषयवस्तु, प्रवृत्ति आदिमा बहुलता स्पष्ट देखिन्छ ।

विषयवस्तुगत रूपमा अप्रिय उपन्यासमा सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक आदि विषयले बहुलताको रूपमा स्थान पाएका छन् । यसै गरि मिथक, स्वप्न जगतको उपयोग पनि छ । उपन्यासमा बहुल पात्रको प्रयोग छ । नारी, पुरूष, सम्पन्न, विपन्न, शिक्षित, अशिक्षित, घुस्याहा कर्मचारी, भ्रष्ट नेता, निरङ्कुश लेखक आदि पात्रहरू उपन्यासमा प्रयोग भएका छन् ।

उपन्यासमा स्पष्ट रूपमा अन्त्यको मान्यता आएको छ । उपन्यासको सुरूवातको वाक्यले नै लेखकको अन्त्यको मान्यतालाई देखाएको छ । यस बाहेक उपन्यासमा महाआख्यानको अन्त्य, केन्द्रवादको अन्त्य, भाषिक सङ्गतिको अन्त्य, एकत्ववादको अन्त्य आदिलाई प्रस्तुत गरिएको छ । उपन्यासमा आएको प्रस्तुत कथनले केन्द्रवादको अन्त्य भएको घोषणा गरेको छ :

> *म यो कृति उपन्यास अथवा जुनसुकै विधा होस्, त्यसको पात्र म होइन । थालनीमै स्पष्ट तुल्याइ दिऊँ । यसमा भ्रमको धेरै गुन्जायस देखेकाले यस्तो बयान अर्थात् स्पष्टिकरण दिनुपर्‍यो, (पृ.१) ।*

माथिको साक्ष्यमा लेखकले नै प्रस्तुत साहित्यिक विधालाई उपन्यास भन्न अस्वीकार गरेको देखिन्छ । यसरी साहित्यलाई विधागत रूपमा वर्गीकरण गर्दै आएको भेदलाई समेत अन्त्य गरिएको छ ।

अप्रिय उपन्यासमा निम्न वर्गीय पात्रको प्रयोग गरिएको छ । यस उपन्यासको प्रमुख पात्र केशव राज निम्न वर्गीय छ । यदि केशव राज धनी भएको भए राम प्रसाद उसको गरिबीको फाइदा उठाउँदै उसको घरसम्म आइपुग्ने थिएन । उसका परिवारले उसले भनेको मान्ने थिए । उसकी श्रीमतीले अरूको मुख ताकेर बस्ने थिइन । यसलाई तलको कुराले पुष्टि गर्दछ :

*घरमा एक पैसा थिएन, यतिले नपुगेर दारिद्रयमा आशातीत वृद्धि गर्ने उद्देश्यले हुनु पर्छ चामल, दाल त छाडिदिऊँ, पिठो समेत अन्तर्ध्यान भइदियो । यस्तरी त फिलिमहरूमा पनि हुँदैनन्, (पृ. २१) ।*

उपन्यासमा विधा मिश्रणको प्रवृत्ति पाइन्छ । गौतमको यस उपन्यासमा कथा, कविता, संवाद, गीत जस्ता विधाको मिश्रण पाइन्छ । उपन्यासमा तलका संवादहरूले नाटकको गुण प्राप्त गरेका छन् :

*बढी गृहस्थ हुनु हुन्न र ? उसले भनी,*

*मलाई किनिदिनु परेकाले त्यसो भनेको हो कि हजुरले ?*

*त्यो होइन ।*

*यसैलाई दुर्भाग्य भन्छन् ।*

*कसरी ? (पृ. ४६) ।*

माथिको साक्ष्यले अप्रिय उपन्यास भए पनि विधा मिश्रण भई नाटकीयपनको सिर्जना गरेको छ ।

तलको साक्ष्यले उपन्यासमा कविताको मिश्रण भएको भान गराउँछ ।

*उच्च गन्थन तुच्छ जीवन, (पृ.५०) ।*

### ४.२.२ सातौं ऋतु उपन्यासको आख्यान सन्दर्भ

ध्रुवचन्द्र गौतमको सातौं ऋतु वि.सं. २०६८ सालमा प्रकाशित उपन्यास हो । यसमा अध्याय सन्दर्भहरू कागजको केही भाग छोडेर मात्र फेरि पनि कथालाई गति दिँदै उपन्यासको विषय सम्योजन गरिएको छ । कथाको प्रारम्भ एक पितामह उमेरको पात्रको प्रत्यक्ष उपस्थिति छ । यसकारण उसकै वरिपरिको पर्यावरणमा उपन्यास आरम्भ भएको छ । उपन्यासको परिच्छेद विभाजन अनुसार पहिलो परिच्छेदको समापनपछि कथा रहस्यात्मक ढङ्गले प्रस्तुत भएको छ । प्रस्तुत उपन्यास जम्मा ५७ अध्यायमा विभाजित बनेको छ । यस उपन्यासको परिच्छेद व्यवस्थापन कही एकै पृष्टमा पनि सीमित छ र केही चार पृष्टमा तयार भएका छन् । यी सबै

अध्यायमा कथाको तिव्र संवेग वितरित बनेको छ । मूल पात्रताको उपस्थापनका आधारमा प्रस्तुत भएको उपन्यास गौतमले परिपाटीबाट मुक्त भएर निर्माण गर्न प्रयत्न गरेका छन् । यस उपन्यासको दोस्रा अध्यायबाट देखापरेको पात्रमा अन्वित बनेर रहस्यात्मक संवेदनाका आधारमा औपन्यासिक कथा विस्तारित बनेको छ ।

यस दोस्रो अध्यायको योजनाबाट कथाले रहस्यात्मकताको र स्वैर कल्पनात्मकताको पनि आरम्भ गरेको छ । जीवनका अनेक व्यवहारिक र विसङ्गत मूल्य बारे सचेत बन्दा बन्दै पनि पात्रको जीवन चर्याको संवेदना यहाँ पात्रका आचरणका आधारमा प्रकट भएका छन् । यहाँ एक पात्र लेखकका रूपमा उपस्थित भएको छ । त्यस पात्रको उपस्थिति यहाँ म पात्रको रूपमा प्रदर्शित बनेको छ । म पात्रको दूराचारपूर्ण उपस्थित र अर्को एक जमिनदार बाबुसाहेब अनि बाबुसाहेबकी भोग्या बनेकी नारी जायजन्म बिनै बुढी बनेकी रखौटी बाहुनी पात्रको उपस्थिति छ । बाबुसाहेबको अन्त्य समयमा त्यस रखौटी नारी फुलकुमारीको भलाई गर्ने राजाको सहयोगी बनेर उपस्थित बनेका षडानन्द बाजेको षड्यन्त्रपूर्ण आचरणको योजनामा तेस्रो अध्याय पनि समाप्त भएको छ । सातौँ ऋतुको उपक्रमको परिक्रमालाई नै यहाँ विषयको संवेदनाका रूपमा उपस्थित गराइएको छ । षडानन्द सन्ततिका आचरणका कारण उनका अतिरिक्त जन समुदाय पनि तनाव र पीडामा जकडिएको अवस्था अझ भयावह बनेर प्रकटमा आएको देखिन्छ । षडानन्दका सन्ततिहरू यस समाजमा बाहुबलीका रूपमा परिचित बन्दै गाएका छन् । अपहरण, बलात्कार, लुटपाट र भ्रष्टाचार आदिमा लिप्त भएका कारण पनि उनीहरू समाजमा अझ विशिष्ट खतराका कारक बनेर प्रकट भएको देखिन्छन् । अवकास प्राप्त वृद्धहरूको पीडा, सन्तानद्वारा प्रदत्त पीडाका सम्बन्धहरू पनि उपस्थापन भएका छन् । यिनै स्थितिका उपयोगबाट प्रस्तुत उपन्यासले कार्य निर्माण गरेको छ ।

उपन्यासमा अनाचारको लोकतन्त्र पनि देखिएको छ । अराजकतापूर्ण विसङ्गत पक्षहरूको उपस्थापन पनि यहाँ सहज ढङ्गबाट भएको छ । कथा संवेदनाका दृष्टिले उपन्यासको बाह्रौं परिच्छेद निकै जीवन्त बनेको छ । यसको कारण के हो भने सिङ्गै बाहुबलीद्वारा परिचालित हुन विवश बनेको राज्य व्यवस्थाको बिम्ब मानव समुदायको शासन होइन । तेह्रो परिच्छेदले वर्तमानको नेपालको भ्रष्ट आचरणको चित्र खिचेको छ । नेपालका

राजनीतिक अस्थिरताको सूचक बनेका पार्टीहरूको विभाजन र तिनको आचरण यहाँ सूर्योदय मध्यान्ह पार्टीको खराब आचरणको चित्र पनि प्रकटमा आएको छ ।

बाहुबलीहरूको पार्टी सञ्चालनमा मात्र होइन परिवार सञ्चालनमा पनि त्यही किसिमको हैसियत उपयोग भएको देखिन्छ । बाहुबलीको बाहुमा बल भएसम्म मात्र हैकम कायम हुन्छ । बाहुबलीको शासन व्यवस्थामा जसको बल नैतिकता र प्रतिष्ठामा, आचार र व्यवहारमा, आस्था र सदाचारमा निहीत हुन्छ । त्यसले अनेकानेक असम्मान र अपमानको पात्र बन्नुपर्छ भन्ने कुरा उपन्यासको आठौं परिच्छेदले उपस्थापन गरेको छ । आजको समाजको सञ्चालनमा समर्पित बाहुबलीहरू सम्भव भएसम्म आफ्नो विरूद्धमा आवाज आउन मात्र होइन पात मात्र पनि हल्लिन हिम्मत नगरोस् भन्ने चाहनामा रात दिन स्तूति र पाठ भएको देखाउन चाहन्छन् । यसको विशेषताको प्रतिपादन गर्न बाहुबली बस्तीमा बाहुबली दैनिक नामक पत्रिका प्रकाशन हुने र त्यो बाहुबलीकै कब्जामा रहने हुनाले धेरै सङ्ख्यामा प्रकाशित हुन्छ भन्ने गरिन्छ, भन्ने सन्दर्भमा उपन्यासको बिसौं परिच्छेद तयार भएको छ । बाहुबलीको आलोचना भएमा त्यो आलोचकको अज्ञात समूहद्वारा हत्या भएर छाड्थ्यो भन्ने कुरा प्रेम नामक पात्रको हत्याद्वारा प्रमाणित भइसकेको छ ।

नेपाली समाजमा दिनप्रतिदिन बिकराल बन्दै गएको आफ्ना बाबा, आमा तथा परिवारका वृद्धहरूको उपेक्षाको भावना प्रकट गर्दै तिनीहरूलाई घरबाट लखेट्ने संस्कार बोकेका छोरा बुहारीको उपस्थिति बढ्दै गएको छ भन्ने कुरा पनि यहाँ प्रकट गरिएको छ । यस्ता विकृतिको प्रमाणिकरणको निम्ति पिता, माताको स्थिति र तिनको विषेश अवस्था यहाँ वर्णित भएको कुरा उपन्यासको २१,२२ र २३ परिच्छेदले प्रष्ट पारेको छ । घरमा नै शरणार्थी बन्न पुगेका वृद्धका पीडाहरू यदाकदा छिमेकीले देखाएका सहानुभूतिहरू, विवाहित छोरीहरूका सहानुभूति र मायाका संवेगहरू, विधवा बुढी आमाहरू पत्नी वियोगमा गृहस्थमा नै सन्यासी बन्न बाध्य भएका, वृद्ध भएका बाबाहरूको पीडाका सन्दर्भहरू उपन्यासको २४, २५ र २६ परिच्छेदमा प्रष्ट पारिएको छ । वासु नामक एक ब्राह्मण पुजारीमा नियुक्त भएको र पछि बाहुबलीकै क्रिपाका कारण जि.एम.ए.को जागिर पाएको कारण बाहुबलीहरूले समाजमा योग्यताको कारणमा होइन चाकरीकै भरमा जागिर दिन सक्ने सन्दर्भलाई उपन्यासको २८ औं

परिच्छेदले प्रष्ट पारेको छ । नेपालीको प्राज्ञिक दरिद्रका सन्दर्भहरू अत्यन्त लज्जास्पद विषयका रूपमा उपन्यासको २९ औं परिच्छेदमा व्यक्त भएको छ ।

तीस देखि सैतीससम्मका आठवटा परिच्छेदमा नेपाली नेताहरूले निर्वाचनमा आफु विजयी हुनका लागि अमर्यादित किसिमका शैलीलाई विषय बनाइएको छ । बाहुबलीको प्रतिद्वन्दिको रूपमा मास्टर उठेर एक मत प्राप्त गर्दा बाहुबलीलाई निकै धक्का लागेको, तनाव जन्माइ दिएको र यो घटना बाहुबलीका निम्ति पराजयको विजारोपण बनेको सन्दर्भ यहाँ आख्यानको रूपमा प्रस्तुत भएको छ । आज कथित प्रजातन्त्र वा लोकतन्त्रका सन्दर्भलाई तिव्र व्यङ्ग्य गर्ने उपन्यासका आठैवटा प्रकरणहरू आफैमा विशिष्ट संवेदनाका आधार बनेर प्रस्तुत भएका छन् ।

उपन्यासको ३८ देखि ४० सम्मका तीनवटा परिच्छेदमा प्रयोग भएको कथा सन्दर्भ बाहुबलीको अर्को सन्दर्भ बोक्न सफल देखिन्छ । बाहुबली जस्तो भए पनि उसलाई कुलीनका रूपमा हेरी कुनै विशिष्ट पद दिने सन्दर्भ यहाँ प्रयुक्त भएको छ । लेखक म पात्रको रूपमा आरोपित र त्यो म पात्र लेखक गौतमको बिम्ब पनि यहाँ उपस्थित भएको छ । जीवनको मूल्य यहाँ उपयुक्त ढङ्गले प्रतिपादन भएको छ । पछिल्लो चरणका बाहुबलीहरूका सन्तानमा आएका विचलनहरू पनि यहाँ शसक्त ढङ्गले प्रष्ट पारिएको छ ।

नैतिकता र निष्ठाका आचरणमा ह्रास आएको चरित्रको उपस्थिति भएको देखिन्छ । बाहुबली बस्तीको युवा पुस्तामा यौन दुराचारका सन्दर्भ एकतर्फ छन् भने अनपेक्षित गर्भधारण गर्न विवश बनेका युवतीहरूको गर्भपतनका सन्दर्भहरू पनि अर्को तर्फ छन् । पुरूष स्त्रीको स्पर्श मात्र भए पनि त्यसलाई अबैध यौनको संज्ञा दिने प्रचलन पनि देखिन्छ । ४१ र ४२ परिच्छेदको आख्यान परिधिमा नैतिक र मर्यादाभन्दा बाहिरको आचरण, दुराचारको संवेदनाको पक्ष, छोरा बुहारी पद सत्ताका निम्ति बाबुको दुराचार सार्वजनिक गर्न पाउँदा हुने आनन्दको सन्दर्भ सातौं ऋतुको रूपमा आएको देखिन्छ । बाहुबली परम्परामा सन्तानहरू विस्तारै सन्तापमा परेको सन्दर्भबाट आजको समय पुस्तेनी हाकिमी र पुस्तेनी सम्पत्तिको शैलीबाट चल्न छाडेको कुरा उपन्यासको ४३ परिच्छेदमा गएर आविर्भाव भएको छ । समाजमा बलात्कार, नैतिक हरामी पन, भ्रष्टाचार बढ्न लागेको र बाहुबलीको समयमा यस्ता कुराहरू आचार

विपरित हुनु नपर्ने वातावरणले प्रोत्साहन पाउँदै गएका सन्दर्भहरू आख्यानको विषय बनेका छन् । यस्तो पर्यावरणका कारण वर्तमान समाजको अवस्था अत्यन्त संवेदनशील र स्खलित मानसिकताको सिकार बन्नु परेको अवस्था र साना तिना स्वार्थमा आ-आफै गाँड चिथोराचिथोर गर्न लागेको र बाहुबली बन्धुको संवेदनाले मानव समाजमा नै शासन सत्ता प्रतिको वितृष्णा जन्माइदिएको कुरा पनि यहाँ विषयको रूपमा प्रस्तुत भएको छ । ४३ देखि ४६ सम्मका परिच्छेदमा बाहुबली सन्ततिका आचार व्यवहारका बाहिरी र भित्रि अनेक आचरणहरू केलाएर प्रष्ट पार्नु यस उपन्यासको विशेषता हो ।

आख्यानको अर्को मोड ४७ परिच्छेददेखि देखा परेको छ । यस मोडको परिचय पौराणिकरण गरिएको स्वैर कल्पनात्मक कथाको प्रस्तुतिका आधारमा प्रकट भएको छ । काक्षवती र भद्रावती जस्ता नारी पात्र, व्युषिताश्व नामक पुरूष पात्रको उपस्थितिले वर्तमान नेपाली समाजको मानसिकता पौराणिक कालतिर धकेलेको छ । बाहुबलीको वंशगाथालाई जीवन कालमै मिथकीकरण गर्ने नुनको सोझो गर्ने अनुचरहरूको चिन्तनलाई आख्यानात्मक स्वरूप प्रदान गरेको कुरा ४७ देखि ४९ सम्मका परिच्छेदले प्रस्तुत गरेका छन् । उपन्यासले यहाँ आउँदा उत्कर्ष पहिल्याउन राम्रै प्रयास गरेको छ । सम्पत्ति, पद र प्रतिष्ठाका नाममा बाहुबलीहरू आफै आन्तरिक कलहमा लागेपछि उपन्यासले उत्कर्षको मोड लिएको छ ।

५० देखि ५३ परिच्छेदहरू पनि नेपाली समाजका राज नेताहरूको भ्रष्ट आचरण प्रदर्शन गर्न निकै सफल भएको देखिन्छन् । एउटा मन्दिरको पुजारीको तहमा विशिष्ट तहको व्यक्ति उपस्थित हुन आउने मठमा पैसाको समर्पणमा बढोत्तरी हुँदै जानुले स्वैर कल्पनात्मक प्रस्तुति देखिएको छ । सम्पत्तिको अधिकारको कारणले कोही एकै छिनमा धनी हुने कुनै एकै छिनमा कङ्गाल पनि बन्न सक्ने अर्थ व्यवस्थालाई उपन्यासको प्रस्तुत प्रकरणले पुष्टि गरेको छ । बाहुबली संस्कृतिकै आधारमा मन्त्री र प्रधान मन्त्री हुने यस समाजको प्रशासनिक तथा राजनैतिक अकर्मण्यतालाई उपयुक्त ढङ्गले प्रतिपादन गरेको देखिन्छ । कुनै पनि सदस्य सत्तारोहण गर्नु भनेको देशलाई दोहन गर्नु र सन्तानका निम्ति अकुत सम्पत्ति कुम्ल्याउनु मात्र हो भन्ने कुरा सार्थक बन्दछ । यस सन्दर्भबाट आज मुलुक पुरै बाहुबलीको कब्जामा छ भन्ने कुरा सिद्ध भएको छ ।

उपन्यासका ५४ देखि ५८ सम्मका परिच्छेदमा पनि नेपाली समाजका कुत्सित आचरणलाई आख्यानात्मक रूप दिएर उपन्यासको वस्तु संयोजन गरिएको छ । यी परिच्छेदहरूमा अस्पतालको सयनमा सुतेको विशिष्ट बाहुबलीको अवसान र शवको बेवारिसे अवस्था उपन्यासको आरम्भमा उपस्थित भएको म पात्रको उपस्थिति यदाकदा बाहुबलीमा नै समाहित बनेको म नै एकपल्ट दुष्टको रूपमा प्रकट भएको अवस्था यहाँ आउँदा उपन्यासको कथयिताको रूपमा प्रकट भएको छ । अग्रज बाहुबलीको निधन, बाहुबली संस्कृतिको अवसान र बाहुबली सभ्यताबाट प्रताडित समाजको सर्वथा प्रदर्शन लगायतका कामका आधारमा उपन्यासको आख्यानलाई अन्त्य गरिएको छ ।

यस उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ । यस उपन्यासमा मुख्य पात्रका रूपमा बाहुबली आएको छ । यहाँ बाहुबली पात्रको रूपमा मात्र नभएर एउटा अस्तित्वको रूपमा आएको छ । ऊ यस उपन्यासमा पतीत पात्रका रूपमा देखा परेको छ । ऊ बाहुबली समाजको प्रमुख राजनीतिज्ञको रूपमा देखापरको छ । ऊ त्यस समाजको एक्लो अध्यक्ष हो । उसको विरोधमा कोही पनि उठ्दैनन् । उसले समाजलाई सपार्नेभन्दा विभिन्न कर उठाएर आफ्नो पेट भर्ने काम गरेको छ । उसको माध्यमबाट उपन्यासमा नेपाली राजनैतिक अवस्थाको चित्रण गरिएको छ । ऊ आफ्नो अस्तित्वको लागि जस्तो सुकै घृणित काम गर्न पनि पछि पर्दैन । त्यस समाजमा उसको आदेश नै परमादेश हो । यस उपन्यासमा बाहुबली एउटा व्यक्ति नभएर शक्तिका रूपमा प्रस्तुत भएको छ । उपन्यासमा अन्य पात्रका रूपमा शिक्षक, बाहुबलीका छोरा बुहारी, बाहुबलीकी श्रीमती, सरस्वती, वासु आदि आएका छन् । बाहुबली बाहेक अन्य पात्रको चरित्र त्यति सबल देखिँदैन । उनीहरू सामान्य पात्रका रूपमा देखापरेका छन् । यस उपन्यासमा आएका बाहुबली बाहेकका अन्य पात्रहरू निम्न वर्गीय छन् । यस उपन्यासको बाहुबली नायकको रूपमा नआइ खलनायकको रूपमा आएको छ ।

यस उपन्यासमा स्थानिक परिवेशका रूपमा मुख्यतया बाहुबली बस्ती आएको छ, भने विरगञ्ज र काठमाडौको पनि सामान्य नाम उल्लेख पाइन्छ । कालक्रम परिवेशका रूपमा लोकतन्त्रको कुरा आएकाले २०६३/०६३ को दोस्रो जन आन्दोलन पछाडिको समयलाई लिन सकिन्छ । यहाँको बाहुबली बस्ती काल्पनिक परिवेश हो । यसले राजनैतिक परिवर्तन पछाडिको

नेपाली समाजलाई देखाएको छ । यस बाहेक लोकतन्त्र पछाडिको अस्थिर राजनैतिक परिवेश उपन्यासमा सातौँ ॠतुको माध्यमबाट प्रस्तुत गरिएको छ । सातौँ ॠतु आएपछि बाहुबली बस्तीमा चुनाबको माहोल आउनुलाई यसले सङ्केत गरेको छ । चुनाबको बेलामा जनताको खुट्टा ढोग्न आउने नेता र चुनाब जितेपछि त्यो ठाउँलाई नै बिर्सने गरेको तितो यथार्थ पनि उपन्यासमा आएको छ । समग्रमा यो उपन्यास बाहुबली बस्तीको सेरोफेरोमा नै सुरू भएर बाहुबली बस्तीमा नै अन्त्य भएको छ । यसरी यसको परिवेश समग्रमा सफल देखिन्छ ।

यस उपन्यासको मुख्य उद्देश्यका रूपमा राजनीतिमा देखिएको विकृतिलाई उजागर गर्नु रहेको छ । उपन्यासमा राजनैतिक परिवर्तनले समाज परिवर्तनको विपरित गलत विकृति, विसङ्गति भित्रिएको देखाइएको छ । राजनैतिक परिवर्तन भएर मात्र समाज परिवर्तन नहुने समाज परिवर्तन हुनको लागि राजनैतिक पार्टीका नेताहरूको चरित्रमा परिवर्तन आउनु पर्ने कुरालाई उपन्यासले शसक्त रूपमा देखाएको छ । एउटा नेता मरे पनि अन्य त्यस्तै नेताहरू जन्मिनाले समाज परिवर्तन हुन नसकेको सन्दर्भले यसको राजनैतिक उद्देश्यलाई स्पष्ट पारेको छ ।

### ४.२.२.१ सातौँ ॠतु उपन्यासमा देखिने उत्तर आधुनिकता

ध्रुवचन्द्र गौतमको सातौँ ॠतु उपन्यास वि.सं. २०६८ सालमा प्रकाशित उपन्यास हो । गौतमको सातौँ ॠतु उपन्यासमा नव नव प्रयोगको खोजी गरिएको छ । उपन्यासमा नव नव प्रयोगको खोजी गर्दै उत्तर आधुनिकतावादको चरम प्रयोग गरिएको छ । यस उपन्यासमा राजनैतिक, सामाजिक, आर्थिकका केही उदाहरणको चित्रण सहित औपन्यासिक गति बढेको छ । यस उपन्यासमा पुनरावृत्ति जस्तो विषयवस्तु र पात्र देखिए पनि पुनरावृत्ति भने भएको छैन । उपन्यासमा निम्न वर्गीय पात्रको प्रयोगका साथै स्वैर कल्पनाको र श्याम व्यङ्ग्यको पनि प्रयोग भएको छ ।

सातौँ ॠतु उपन्यासमा अनाकत्वको प्रयोग गरिएको छ । यस उपन्यासमा कुनै पात्रले नायकत्व प्राप्त गर्न सकेका छैनन् । उपन्यासमा परम्परागत उपन्यासले अपेक्षा गरेको नायकत्व समाप्त गरिदिएको छ । उपन्यासमा आएको म पात्रमा नायकमा हुनु पर्ने कुनै पनि गुण छैनन् ।

म पात्र उपन्यासमा बाहुबलीबाट पिडित भएको छ । म पात्र बाहुबलीको प्रदुषित परिवेश र सातौं ऋतुको अत्याचारबाट किंकर्तव्य विमुढ भई पलायन हुन पुग्दछ ।

सातौं ऋतु उपन्यासमा बहु नायकत्वको प्रयोग पाइन्छ । उपन्यसामा बाहुबली, ताडक, वृद्ध बाहुबली आदि पात्रलाई विसङ्गतले ग्रस्त भएका पात्रका रूपमा उभ्याइएको छ । यस उपन्यासमा नायक भनिएको म पात्रभन्दा बाहुबलीहरू बढी शक्तिशाली छन् भने अर्कातिर सातौं ऋतु नै यस उपन्यासको नायक हो कि भन्ने पनि भान हुन्छ ।

ध्रुवचन्द्र गौतमको सातौं ऋतु उपन्यासमा नव केन्द्रको स्थापना गर्ने क्रममा गलत व्यक्ति केन्द्रमा आए भने झन् समस्या थपिने कुरा देखाउन खोजिएको छ । यस उपन्यासमा केन्द्रमा बाहुबली जस्ता गलत व्यक्तिहरू आएर बाहुबली बस्ती झन् ठूलो समस्यामा परेको पाइन्छ । बाहुबली बस्तीका बाहुबलीहरूले त्यस समाजका सम्पूर्ण जनताहरूलाई दुःख दिएर आफुहरूले सुख पाउने चेष्टा गरेको पाइन्छ । यसबाट नेपाली जनतालाई नेता भनाउँदाले आफूहरूले मोज मस्ती गरेर दुःख दिएको ब्यङ्ग्य देखाउन खोजिएको छ । यसरी हेर्दा पनि केन्द्र निर्माण गर्दा गलत व्यक्ति केन्द्रमा पुग्न गएमा केन्द्रको वरिपरी हुनेले दुःख पाउन सकिन्छ त्यसैले केन्द्रको निर्माण गर्दा पनि केन्द्रको वरिपरी रहनेले पनि दुःख नपाउने गरी निर्माण गरिनु पर्दछ ।

सातौं ऋतु उपन्यासमा कल्पना र यथार्थको विचित्र प्रयोग छ । केही स्वैर काल्पनिकतालाई आख्यानिकरण गरिएको छ । तर समग्रमा यो यथार्थको अत्यन्तै नजिकको आख्यान हो । त्यसैले यो कृति पढ्दा यथार्थभन्दा टड्कारो भएर त्यसको सम्पूर्ण चित्र हाम्रो सामु आउँछ । यस उपन्यास ध्रुवचन्द्र गौतमको २४ औं उपन्यास हो । यस उपन्यासमा पनि उनले अरू उपन्यासमा जस्तै नयाँ प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा खासगरी नेपाली समाजमा देखापरेका विकृति, विसङ्गतिलाई स्वैर काल्पनिक रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले नेपाली राजनैतिक अवस्था र दादावादी प्रवृत्तिको पनि पर्दाफास गर्न खोजेको छ । नेपाली समाजमा देखापरेका दादाहरूको जीवन कसरी आफ्नो उमेर ढल्केपछि अरूको डर र त्रासमा बाँच्नु पर्छ भन्ने जानाकारी पनि दिन खोजेको छ 'सातौं ऋतु' ले । नेताहरूको जनतालाई हेर्ने दृष्टिकोण बाहुबलीले बाहुबली बस्तीका जनतालाई हेर्ने दृष्टिकोण देखाएर प्रस्तुत गर्न खोजिएको

छ । बाहुबली बस्तीका बाहुबलीहरूको बाहुबली बन्ने प्रथाले नेपाली राजनीतिमा नेताहरू बन्ने प्रथाको पनि पर्दाफास गरेको छ । जसरी बाहुबलीको छोरा बाहुबली बन्दछ त्यसरी नै नेपाली राजनीतिमा नेताका छोराछोरी नै नेता बन्ने प्रचलन छ । यसरी हेर्दा 'सातौँ ऋृतु' उपन्यास स्वैर कल्पना भित्रको एउटा यथार्थ उपन्यास हो भन्न सकिन्छ । यस उपन्यासमा घटेका घटनाहरू हाम्रो समाजमा घट्ने र घट्न सक्ने खालका देखिन्छन् ।

सातौँ ऋृतु उपन्यासमा अत्यन्त झिनो आख्यान रहेको छ । उपन्यासमा सघन किसिमको कथावस्तु हुनुपर्छ भन्ने मान्यताका विपरित यो उपन्यासको कथावस्तु अत्यन्तै झिनो छ । यो उपन्यासमा कुनै कथानक नै छैन । यसमा कार्यकारण उनिएको कथानक छैन । अज्ञात प्रसङ्गको काक्षवती रानी व्युतिपाश्व राजालाई मिथकीय पृष्टभूमिमा स्वैर कल्पनाका माध्यमबाट उपन्यासमा उभ्याइएको छ । त्यस्तै वर्तमानको परिवेश पनि सातौँ ऋृतु उपन्यासमा रहेको छ । यसका अन्य घटना सन्दर्भले उपन्यासमा आख्यानात्मक मान्यताका विरूद्ध प्रति आख्यानात्मक रूपमा पनि उपन्यास लेख्न सकिन्छ भन्ने मान्यतालाई पुष्टि गरेको छ ।

सातौँ ऋृतु उपन्यासमा साइबर संस्कृतिको न्युन प्रयोग भएको छ । यस उपन्यासमा मोबाइलको सामान्य प्रयोग गरिएको छ । वासुले म पात्रसँग अमेरिकाबाट गरेको कुराकानी ( पृ.५६) मा साइबर संस्कृति अन्तर्गत फोनको प्रयोग भएको देखाइएको छ ।

ध्रुवचन्द्र गौतम निम्न वर्गीय पात्रको प्रयोग गर्न रूचि राख्दछन् । उनको यस सातौँ ऋृतु उपन्यासमा पनि निम्न वर्गीय पात्रको प्रयोग पाइन्छ । यसलाई यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> *नमुना गाउँ होटल, नमुना गाउँ भने जस्तै म नमुना मध्यम वर्गीय जीव रहेछु । मलाई हेरेपछि अरूलाई हेर्नै पर्दैन । निम्न मध्यम वर्गका सुख दुःख अभाव र दरिद्रता, आकाङ्क्षा र निराशा रूपमा प्राप्त हुन्छन्, (पृ.१९) ।*

माथिको साक्ष्यले उपन्यासको वातावरणलाई विकृत तुल्याउने एउटा कारक तत्वका रूपमा निम्न आर्थिक अवस्था नै आएको छ ।

गौतमको यस उपन्यासमा विधा मिश्रणको पनि प्रयोग गरिएको छ । यस उपन्यासमा निबन्ध, नाटक, कथा, कविता आदि साहित्यिक विधाहरूका प्रवृत्ति पाइन्छन् । उनले यस कृतिलाई कुनै कृतिका रूपमा मात्र लिएका छन् । उनले विधाको वर्गीकरणलाई यस उपन्यासमा अस्विकार गरेका छन् । नाटकको गुणको रूपमा तलको साक्ष्य प्रस्तुत गर्न सकिन्छ :

*बुहारी : म अन्याय सहन सक्दिन ।*

*सासू : आफ्नो घरमा न्यायालय जस्तो अन्याय खोजेर हुन्छ ?*

*बुहारी : संसारले जसरी देख्छ र पस्नु पर्छ । तर घरले अर्काकी छोरी पसेकी छ भनेर सहानुभूति गर्ने कि क्रुरता, (पृ.१३९) ।*

यस उपन्यासमा काव्यात्मक आस्वादन पनि गर्न सकिन्छ । तलको साक्ष्यले यसको पुष्टि गर्न सकिन्छ :

*हजुरले मेरा आँखा उघारी दिनुभयो आफ्ना प्रिय वचनले । त्यसका लागि म कृतज्ञ छु । तर एउटा गुरू भएर पनि हजुरको ज्ञान चक्षु उघार्न सकिन (पृ.२०) ।*

यसरी यस उपन्यासमा पूर्ण रूपमा औपन्यासिक गुणहरू पाइँदैनन् । यस उपन्यासमा विधा भञ्जनको अवस्था पनि पाइन्छ ।

## ४.३ अप्रिय र सातौँ ऋतु उपन्यासमा उत्तर आधुनिक प्रवृत्तिहरूको तुलनात्मक अध्ययन

ध्रुवचन्द गौतमद्वारा लिखित अप्रिय र सातौँ ऋतु उपन्यासमा उत्तर आधुनिक मान्यताको प्रयोग भएको छ । यी उपन्यासहरूमा समसामयिक विसङ्गतिलाई नै मुख्य विषय बनाइएको छ । अप्रिय उपन्यासमा राजनीतिका आडमा हुने अनेक कुकृत्यलाई देखाइएको छ भने सातौँ ऋतु उपन्यासमा पनि राजनीतिक सन्दर्भ नै मुख्य रूपमा आई त्यसका आडमा हुने अनेक किसिमका विकृत क्रियाकलापको चित्रण गरिएको छ । यी दुवै उपन्यासमा सहरीमा परिवेश आएको छ । सहरीमा परिवेशमा हुने विभिन्न क्रियाकलाप र तिनमा देखा पर्ने विसङ्गत पक्षलाई चित्रण गरिएको छ । त्यस्तै अप्रिय उपन्यासमा राजनीतिप्रति जनताको वितृष्णा, सहरीया परिवेशको कष्टप्रद जीवन, विसङ्गतिवादी मान्यता, अघिल्लो र पछिल्लो पुस्ताबिचको

द्वन्द्व, सरकारी कार्यालयमा हुने अनेक अनाचारहरू, कर्मचारी तन्त्रको दादागिरी, शक्तिशालीहरू लेखकका निरङ्कुश र तानाशाही पन, विकृत यौन सन्दर्भहरू, आदिलाई प्रस्तुत उपन्यासले समेटेको छ । त्यस्तै कर्मचारी वर्गको घुस्याहा प्रवृत्ति, उच्च तह र निम्न तहका कर्मचारीबिच हुने विभेद, घरायसी काम गर्न लगाउने हाकिमतन्त्र आदि पक्षलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यी कुराहरूलाई परम्परित उपन्यासको ढाँचाभन्दा भिन्न ढाँचा वा शैलीमा प्रस्तुत गरिएको छ । यी औपन्यासिक प्रवृत्ति र मान्यताले विषयवस्तुको विकेन्द्रण गरेको छ । महाआख्यानको अन्त्य गरी दिएको छ । नायकत्वको अन्त्य गरी दिएको छ । त्यस्तो पाठकलाई सर्वे सर्वापनका रूपमा स्थपित गरिएको छ । कुनै पनि एउटा केन्द्र वा महाआख्यानको अवलम्बन नगरी बहु केन्द्र वा बहु नायक अवलम्बन गरिएको छ । त्यस्तै यी उपन्यासमा साइबर संस्कृतिको प्रयोग भएको छ । यी कृतिहरूलाई उपन्यासको कोटिमा त राखिएको छ तर यी विधाको औपचारिक निजात्मक अस्तितत्व भने छैन । त्यस्तै सातौं ऋतु उपन्यासमा पनि उत्तर आधुनिक मान्यताको प्रयोग भएको छ । यस उपन्यासमा पनि केन्द्र वादको भङ्ग भएको छ । त्यस्तै नायकत्वको मान्यता विपरीत अनायकत्वको सिर्जना गरिएको छ । यस उपन्यासमा परम्परत विधा संरचाको निर्वाह गरिएको छैन । विधा भञ्जन र मिश्रणको स्थिति छ । स-साना घटनाहरूलाई जोडिएको छ । अत : प्रति आख्यानात्मकता हुनु यस उपन्यासको विशेषता हो । त्यस्तै परमपरागत औपन्यासिक कुनै पनि मान्यताको पालना नहुनु, भाषालाई भिन्न ढङ्बाट प्रस्तुत गर्नु, नव संस्कृतिहरूको सिर्जना हुन, मिथक र स्वैर कल्पनाको प्रयोग हुनु, पाठकलाई नै सर्वेसर्वा व्यक्तिका रूपमा स्थापित गर्नु यस उपन्यासमा आएका उत्तर आधुनिक विशेषता हुन् । यी दुवै उपन्यासमा प्रयुक्त उत्तर आधुनिक विशेषताको तुलनात्मक चर्चा निम्नानुसारका शीर्षकहरूमा तल गरिएको छ :

### ४.३.१ अनायकत्व

'अप्रिय' र 'सातौं ऋतु' उपन्यासको मुख्य उत्तर आधुनिकतावादी लक्षणका रूपमा 'अनायकत्व' आएको छ । 'अनायकत्व' ले परम्परागत औपन्यासिक समीक्षा शास्त्रले निधारण गरेको उपन्यासका नायकमा हुने गुणका विपरीत गुणलाई जनाउँछ । यी उपन्यासहरूमा पनि कुनै पनि पात्रले नायकत्व प्राप्त गर्न सकेका छैनन् । अप्रिय उपन्यासमा सवैभन्दा बढी चर्चा

भएको पात्र केशव राज हो । उसैको घटना र चरित्रका वरिपरि प्रस्तुत उपन्यास घुमेको छ । उसलाई इमान्दार व्यक्तिका रूपमा उपन्यासमा चित्रण त गरिएको छ तर उसलाई उपन्यासमा केही पनि गर्न नसक्ने कमजोर पात्रका रूपमा चित्रण गरेर परम्परागत उपन्यासले अपेक्षा गरेको नायकत्व समाप्त गरिएको छ । त्यस्तै नायक भनिएको केशव राजको अन्त्य देखाएर परम्परागत उपन्यासले अपेक्षा गरेको नायकको मान्यतालाई भत्काइएको छ । राम प्रसादले केशव राजमाथि चरम शोषण गरेको छ । सुरूमा उपन्यासको विषयवस्तुको खोजी गर्दै उसको जीवनमा प्रवेश गरेको राम प्रसादले पछि उसको चरित्र हत्यासम्म गर्न प्रयास गरेर निरङ्कुश लेखकको परिचय प्रस्तुत गरेको छ । आफ्नै छोरीहरूलाई घुमाउने, मनोरञ्जन लिने, आफ्ना छोराहरूलाई चोर, डाका बन्न सिकाउने आदि अत्याचार चुपचाप सहन बाध्य छ । उसले राम प्रसादसँग टक्कर त लिएको छ तर राम प्रसादलाई हराउन सकेको छैन । राम प्रसादले उसको जीवनमा आएर सहनै नसक्ने गरी तहस नहस त पारेको छ तर त्यसको प्रतिकार गर्न नसक्ने, प्रतिकार गरे पनि शत्रु पक्ष भन्दा कमजोर रहेकाले केशव राजमा उपन्यासले नायकबाट अपेक्षा गरेका गुणहरू छैनन् । अत्यन्त कमजोर, हीनभावनाले ग्रस्त, समस्यासँग जुध्न नसक्ने, भीरू चरित्रका रूपमा आएकाले प्रस्तुत उपन्यासमा अनायकत्व सिर्जना भएको छ । केशव राजका अघि तमाम समस्याहरू छन् । ती कुनै पनि समस्याको समाधान गर्न नसक्ने काँतर पात्रका रूपमा उसको चित्रण गरिएको छ । केशव राजले उपन्यासमा न त कतै कसैको अन्याय नै गरेको छ न त उपन्यासभरि कहीँ पनि असल कार्य नै गरेको छ । उसले कतै पनि सत् र असत् कुनै पनि कार्य गरेको छ । यो मान्यता उत्तर आधुनिक मान्यता हो । नायकमा उदात्त, ललीत, गम्भीर र प्रशान्त गुणहरू हुनु पर्दछ । तर प्रस्तुत उपन्यासको नायकमा यी कुनै पनि गुणहरू पाइँदैनन् । उसले प्रति नायक भनिएको राम प्रसादसँग आफ्नै जीवनमाथि खेलबाड गर्दा पनि कुनै प्रतिकार गर्न सकेको छैन । आफ्ना छोरा र छोरी दुवैलाई राम प्रसादले बिगारेको छ । आर्थिक प्रलोभनमा पारेर फटाहा बनाइ पारिवारिक रूपमा बिघटन गरी दिएको छ ।  यति हुँदा हुँदै पनि केशव राज आफ्नै घरमा सीमान्तकृत भएर बाँच्न विवश छ । ऊ बाहेक उसको सिङ्गो परिवार राम प्रसाद प्रति खुसी छ । राम प्रसादका हरेक क्रियाकलापलाई उसका छोरा, छोरी र श्रीमतीले मन पराउँछन् । केशव राजले आफ्नो जीवन नै तहस नहस पारिदिने पीत लेखक राम प्रसादलाई घरबाट निकाल्न चाहेको छ । तर उसको परिवारले राम प्रसादलाई निकाल्न दिएको छैन । सिङ्गो परिवारमा राम

प्रसादले भ्रम सिर्जना गरी केशव राजको परिवारमा जे जति उन्नति भएको छ त्यो सवै उसकै कारण भएको छ भन्ने मानसिकता सिर्जना गरि दिएको छ । खलनायक नै प्रमुख भई नायकको अवसान भएको तथ्यलाई तलका साक्ष्यद्वारा स्पष्ट पार्न सकिन्छ :

> *..... मैले नबस भनेको भए पनि व्यर्थ हुन्थ्यो । ....... म बाहेक उसले घरका सारालाई हातमा लिइ सकेको थियो । यतिन्जेलमा त्यो एक सज्जन भलाद्मीका रूपमा स्थापित भइ सकेको थियो । मेरो कुरा कसैको पत्याउँदैनथ्यो (पृ.९९) ।*

माथिको साक्ष्यले नायकत्वलाई तिरोहित गरेको छ । नायक भनिएको केशव राजले राम प्रसादका सारा कुकृत्यहरू थाहा पाएको छ । राम प्रसाद ब्वाँसो चरित्र भएको व्यक्ति हो भन्ने कुरा पनि बुझ्केको छ । त्यसैले आफ्नै घरमा बसेर आफैँका विरूद्ध षडयन्त्र गर्ने राम प्रसादलाई ऊ निकाल्न चाहन्छ । तर सिङ्गो घरमा राम प्रसादको विरोधी ऊ मात्र हो । अरू सबै उसका पक्षमा छन् । यसले नायकत्वका सट्टा अनायकत्वको सिर्जना गरि दिएको छ ।

त्यस्तै सातौं ऋतु उपन्यासमा पनि परम्परागत उपन्यासले अपेक्षा गरेको नायकत्वको अभाव पाइन्छ । यस उपन्यासका सुरूदेखि अन्त्यसम्म आएको 'म' पात्र हो । उसमा नायकमा हुने कुनै पनि गुणहरू छैनन् । बाहुबलीहरूबाट ऊ माथि अनेक किसिमका अन्याय र शोषणहरू भएका छन् । अप्रिय उपन्यासको केशव राज झैँ उसलाई सामाजिक रूपमा पनि विभिन्न समस्याहरू आइ परेका छन् । ती कुनै समस्याको पनि उसले समाधान गर्न सकेको छैन । नायकका वरिपरि उपन्यासको कथावस्तु घुम्ने मान्यताका विपरीत यस उपन्यासको घटनाहरू जता जता जान्छन् कठपुतली झैँ त्यतै त्यतै 'म' मात्र दौडिएको छ । उसले जीवनमा सफलता प्राप्त गर्नका लागि अनेक सङ्घर्षहरू गरेको छ । बाहुबली बस्तीीमा उसको नियति नै अत्यन्त दीन हीन र किंकर्तव्य विमूढ अवस्थाको रहेको छ । उसको परिवेशमा दिनानुदिन चोरी, डकैती, हत्या र लुटपाट हुने गर्दछन् । नायकको हैसियतमा ऊ त्यसलाई रोक्न सक्दैन । बरू उल्टै त्यसमै संलग्न हुनुलाई नै त्यसबाट छुटकारा पाउने एक उपाय ठान्छ । नायक ठानिएको व्यक्ति नै चोरी, डकैती र लुटपाट जन्य परिवेशलाई हटाउन नसकेर त्यसैमा आफैँ अनुकूलित हुन पुग्नु अनायकत्व हो । 'म' पात्र आन्तरिक मनो-द्वन्द्वमा नराम्रोसँग फसेको छ । ऊ आफ्ना अगाडि आइ परेका प्रतिष्ठा, पैसा, सामाजिक क्रियाकलाप, राजनीति, जीवनका अनेक विसङ्गति

आदिसँग कसरी जुध्ने भनी गहिरो मनोद्वन्द्वमा परेको छ । त्यही मनोद्वन्द्वका कारण ऊ उपन्यासमा स्वयंसँगै हराएको छ । समाजले उसबाट केही कुराको पनि आशा गरेको छैन । चुनावी सन्दर्भमा वर्षौंदेखि झुठा आश्वासनमात्र बाँड्दै हिँडेका बाहुबली नेताको भाषण निकै अभिरूचि पूर्वक सुन्दै आएको छ । केवल भाषणमा मात्र सीमित त्यस्ता नेताले बाहुबली बस्तीमा मच्याउने उत्पात र कुकृत्यहरूका विरूद्धका ऊ नत मस्तक छ । कहीँ पनि उसले यी कुराहरूको विरोध गरेको छैन । त्यसैले यस उपन्यासमा नायकको भूमिकामा आएको ठान्न सकिने म पात्र उपन्यासको नायकमा हुने सामान्य परम्परागत गुणहरूबाट वञ्चित गराइएकाले नायकोचित र वीरोचित गुणहरूको अभावमा अनायकको भूमिकामा आएको छ ।

'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासका नायकहरूको उत्तर आधुनिक मान्यता अनुरूप तुलना गर्दा दुवै उपन्यासका नायकमा परम्परागत औपन्यासिक नायकत्व नभएका पात्रहरू हुन् । यी दुवै पात्रहरू यी उपन्यासहरूमा सुरूदेखि अन्त्यसम्म नै आई अरू पात्र भन्दा औपन्यासिक नायकका लागि योग्य पात्र हुन् । तर यिनीहरूलाई उपन्यासमा कठपुतली पात्रका रूपमा मात्र लिइएको छ । 'केशव राज' र 'म' पात्र दुवै पलायनतर्फ अभिमुख भएका पात्र हुन् । यी पात्रहरू उपन्यासमा कुनै पनि वीरोचित कामहरू गर्न नसक्ने काँतर र डरछेरूवा पात्रका रूपमा आई केबल नाम मात्रका नायक पात्रका रूपमा रहेका छन् । आफ्नै चरित्रको हत्या गर्दा पनि त्यसको सशक्त प्रतिकार गर्न नसक्ने र आफूमाथि अन्याय भएको छ भन्ने थाहा हुँदा हुँदै पनि त्यसको परिणमामूखी विरोध गर्न नसकी वातावरण जति नै प्रदूषित भए पनि बरू तद् अनुकुलकै आचरण गरी प्रदूषित सन्दर्भलाई नै स्वीकार्ने सातौ ऋतुको 'म' पात्रका बिचमा समानता देखिन्छ । बाहुबलीहरूबाट भएको थिचोमिचो, शोषण र अन्यायलाई सहेर अत्यन्त भीरूता देखाउने 'म' पात्र तथा आफ्नै सर्वनाश गर्न उद्यत राम प्रसादका कुकृत्यलाई परिवार समक्ष देखाउन नसक्ने अन्तर्मुखी केशव राजका बिचमा कायरता रूपी समान धर्महरू देखा पर्दछन् । दुवै समस्याको समाधान तर्फ होइन त्यसबाट पलायन तर्फ अभिमुख भएका छन् । यी नायकहरूले समाजका विकृत तत्त्व (राजनीति, गरिबी, शोषण, विसङ्गति) सँग सङ्घर्ष गर्न खोजे पनि असफल छन् । केशव राज राम प्रसाद जस्तो तानाशाह लेखकबाट अन्त्यको अवस्थामा पुऱ्याइन्छ । त्यस्तै 'म' पात्र बाहुबलीको प्रदुषित परिवेश र सातौँ ऋतुको अत्याचारबाट किंकतर्व्य विमूढ भई पलायन हुन पुग्दछ । यी दुवै पात्रहरूले घटनालाई आफ्नो

नियन्त्रणमा लिन सकेका छैनन् । बरू उल्टै ती घटनाबाट थिचिन पुगेका छन् । यी दुवै पात्रहरू यी उपन्यासमा अक्षम, अभागी, निर्दयी, निष्क्रिय, हतभागी तथा मन्द बुद्धि भएका, चुतऱ्याइँको अभाव भएकाले आफ्नो कार्यमा सदैव असफल भएका छन् । अत : अनायकत्वका हिसाबले दुवै उपन्यासका पात्रहरूमा समानता देखिन्छ ।

## ४.३.२ बहुनायकत्व

धुवचन्द्र गौतमाका 'अप्रिय' र 'सातौँ ऋतु' उपन्यास बहुनायकत्व तर्फ उन्मुख उपन्यासहरू हुन् । यी दुवै उपन्यासमा एउटा मात्रै नायक आएको छैन । 'अप्रिय' उपन्यासमा 'केशव राज' र 'राम प्रसाद' पात्रगत समान हैसियतमा आएका छन् । अनायकत्व/नायकत्व प्रधान पात्रका रूपमा चर्चा गरिएको केशव राज भन्दा राम प्रसाद अत्यन्त शक्तिशाली पात्रको भूमिकामा रहेको छ । उसले नै उपन्यासका मुख्य घटना सन्दर्भहरूलाई नै परिवर्तन गरि दिएको छ । 'सातौँ ऋतु' उपन्यासमा पनि 'अप्रिय' उपन्यासमा भन्दा प्रस्ट सँग बहुनायकत्व रहेको छ । यस उपन्यासका सबै पात्रहरू निरपेक्ष छन् । कोही कसैसँग पनि आबद्ध छैनन् । नायक/अनायक भनिएको 'म' पात्र भन्दा बाहुबली पात्रहरू अत्यन्त्र शक्तिशाली छन् । उनीहरूले उपन्यासका सम्पूर्ण घटना सन्दर्भहरूलाई आफ्नै वरिपरि घुमाइ दिएका छन् । मान्छे चरित्र मात्र नभएर प्रकृति पनि यस उपन्यासको मुख्य पात्रका रूपमा आएको छ । 'सातौँ ऋतु' प्रकृतिका रूपमा उपन्यासमा चित्रित छ । 'सातौँ ऋतु' को आगमन कुनै ऋतु र तानाशाहको आगमनभन्दा भिन्न किसिमको हुन सकेको छैन । सातौँ ऋतुको आगमनले शान्त बाहुबली वस्तीमा अनेक उत्पात र वितण्डाहरू मच्चिन्छन् । सम्पूर्ण परिवेश नै प्रदूषित हुन्छ । अतः सातौँ ऋतु नै यस उपन्यासको नायक हो कि भन्ने भान परेको छ । 'म' पात्रकै जत्तिको भूमिका 'शरणार्थी' छिमेकीको छ । ऊसँग सम्बन्धित छुट्टै कथा (जो निरपेक्ष रूपमा रहेको छ ।) यस उपन्यासमा आएको छ । त्यो कथा बाहुबली वस्तीको परिवेशको चित्रणका क्रममा आएको हो । यो कथाको उपन्यासका अन्य घटनासँग कुनै सम्बन्ध छैन । यस प्रसङ्गको मुख्य पात्र शरणार्थी छिमेकी हो । ऊ आफ्नै परिवारमा शरणार्थी भएर बसेको छ । ऊ मिहिनेती, विद्यार्थी, गायक, रचनाकार र खेलमा रूचि भएको पात्र हो । उसकी श्रीमती मरेर एकल पुरूषका रूपमा उपन्यासमा आएको छ । सुरू सुरूमा ऊ स्वास्नीलाई पिट्ने गर्थ्यो भने पछि पछि असाध्दै माया गर्ने गर्थ्यो । ऊ बाहुबली

बस्तीको निरङ्कुशताका विरूद्ध विद्रोही भएकाले जेल जीवन भोग्न बाध्य छ । अतः यस प्रसङ्गको नायक शरणार्थी छिमेकी हो । त्यसैले यस उपन्यासमा बहुनायकत्वको सिर्जना भएको छ । त्यस्तै यस उपन्यासमा अर्को चरित्र छ । त्यो चरित्र 'एउटा मान्छे' हो । ऊ स्वतन्त्र रूपमा यस उपन्यासमा प्रयुक्त छ । उपन्यासका कुनै पनि घटना र प्रसङ्गको पुष्टिका लागि ऊ आएको छैन । उपन्यासकारले सोद्देश्यपूर्ण रूपले विनाकारण एउटा प्रसङ्ग सिर्जना गरेर त्यसमा 'एउटा मान्छे' लाई नायकको भूमिका दिएका छन् । उसको काम नै बाहुबली बस्तीका सडक विनाकारण र निरूद्देश्य चहार्दै हिँड्नु हो । ऊ सडकमा नै बस्ने, खाने, काम गर्ने गर्छ । उपन्यासमा ऊ कहिल्यै पनि रोएको, हाँसेको र बोलेको देखिँदैन । अत : यस घटना वा प्रसङ्गको मुख्य नायकका रूपमा 'एउटा मान्छे' लाई उभ्याएर सोद्देश्यपूर्ण रूपले उपन्यासमा बहुनायकत्वको सिर्जना गरिएको छ । त्यस्तै श्रेष्ठ बाहुबली पनि स्वतन्त्र र निरपेक्ष पात्रका रूपमा उपन्यासमा आएको छ । ऊ बाहुवली बस्तीको सर्व सम्मत नेताका रूपमा आएको छ । ऊ राजनीतिक चरित्रको पात्र हो । यस उपन्यासका राजनीतिक सन्दर्भ, खिचातानी, षड्यन्त्र, दाउपेच आदि उसकै चरित्रका वरिपरि घुमेका छन् । त्यस्तै ताडक, वासुदेव, मुकुन्द, वृद्ध बाहुबली आदि उपन्यासमा विसङ्गत वातावरणको सिर्जना गरेर ती सबै पात्रलाई एक एक विसङ्गतिले ग्रस्त भएका पात्रका रूपमा उभ्याइएको छ । यी पात्रहरू जुन जुन घटना र सन्दर्भ लिएर आएका छन् ती घटना र सन्दर्भमा केन्द्रित भूमिका निर्वाह गरेका छन् । अत : 'सातौं ऋतु' उपन्यास 'अप्रिय' उपन्यास भन्दा पनि बढी बहुनायकत्व युक्त देखा पर्दछ । 'अप्रिय' उपन्यासमा पनि केशव राजको नभई राम प्रसादको भूमिका शक्तिमान् र प्रभावशाली देखिन्छ । उपन्यासको विषय खोज्दै हिँडेको राम प्रसाद केशव राजका घरमा बसी यसरी डेरा जमाएको छ कि स्वयम् केशव राजकै चरित्रको हत्या गर्ने नचाहिँदा र झुठ विषयहरू उपन्यासमा लेख्दा पनि उसलाई आफ्नो घरबाट हटाउन सक्दैन । केशव राजको परिवारमा उसले भ्रमको खेती गरेको छ । राम प्रसाद नै हामी सबैको कल्याणकारक र उन्नति पथको निर्धारक हो भन्ने भ्रम उसको परिवारमा सिर्जना भएको छ । त्यसैले यस उपन्यासमा राम प्रसाद र केशव राज दुवै समान भूमिकामा आएको देखिन्छ । यसबाट प्रस्तुत उपन्यास बहुनायकत्वको उत्तर आधुनिक मान्यतामा आधारित छ भन्ने कुरा पुष्टि हुन्छ । यस कुराको पुष्टि तलको साक्ष्यबाट हुन्छ -

*........ आज हामी जे जति छौँ त्यसमा राम अङ्कलको हात छ । नत्र त हामी फुटपाथमा मिल्किएका र प्लाष्टिकका झोला बराबर पनि थिएनौँ (पृ.१०८) ।*

यस साक्ष्यले राम प्रसादको प्रभावशालीपनलाई चित्रण गरेको छ । केशव राजको सिङ्गो परिवारले उसलाई स्वीकारेको छ । आफ्नै विरूद्ध बेइमान गर्दा पनि, आफ्नै छोरीलाई बिगार्दा पनि छोरालाई चोर, डाका बनाउँदा पनि अझ परिवारबाट केशव राज एक्लिएको छ र नायकका रूपमा, आदर्श पुरूषका रूपमा, परिवारको पथ प्रदर्शकका रूपमा, अन्न दाताका रूपमा प्रस्ट र तानाशाही चरित्रको राम प्रसाद आएको छ ।

माथिका कथ्य सन्दर्भ र साक्ष्यहरूले 'अप्रिय' र सातौँ ऋतु दुवै उपन्यासमा उत्तर आधुनिक मान्यता अनुसारको बहुनायकत्वको प्रयोग भएको छ । 'सातौँ ऋतु' उपन्यासमा तुलनात्मक रूपमा बढी बहुनायकत्वको सिर्जना गरी उपन्यासमा प्रयोगवादी तथा उत्तर आधुनिक उपन्यासको कित्तामा पुऱ्याएको छ ।

### ४.३.३ प्रति आख्यानात्मक

'अप्रिय' र 'सातौँ ऋतु' उपन्यास अत्यन्त झिनो आख्यान भएका उपन्यासहरू हुन् । उपन्यासमा सघन किसिमको कथावस्तु हुनुपर्छ भन्ने मान्यताका विपरीत यी उपन्यासका कथावस्तु अत्यन्त झिना मसिना घटना सन्दर्भद्वारा निर्माण भएका छन् । यी उपन्यासमा कुनै कथानक नै छैन । अनेक किसिमका अमिल्दा घटना सन्दर्भहरूको संयोजनद्वारा उपन्यासको आख्यानलाई विशृङ्खलित तुल्याइएको छ । उपन्यासको कथावस्तु कार्यकारण शृङ्खलामा आएको हुनु पर्छ भन्ने परम्परागत समीक्षा शास्त्रको मान्यता छ । यसका विपरीत प्रस्तुत उपन्यासहरूमा कार्यकारण तार्किक अनुक्रममा उनिएको कथावस्तु छैन । यी दुवै उपन्यासका पात्रहरू निरूद्देश्य र विनाकारण उपन्यासमा आएका छन् । आफैँ कुनै एक घटनाको निर्माण गरेका छन् । आफैँ ती घटनाको नायक पनि भएका छन् । जसरी विनाकारण उपन्यासमा पात्रहरू आएका छन् । त्यसैगरी अकारण नै बहिर्गमन भएका छन् । यो मान्यताप्रति आख्यानात्मक मान्यता हो । 'अप्रिय' उपन्यासमा सानो घटना सन्दर्भ छ । त्यसैलाई तन्काएर जवर्जस्ती कथानक बनाइएको छ । राम प्रसाद धनाढ्य वर्गको शोषक प्रवृत्ति भएको लेखक हो

। ऊ आफूलाई साहित्यकार भन्न रूचाँउछ । उसले उपन्यासको कुनै विषयवस्तु भेटेको छैन । उपन्यासको विषय खोज्ने क्रममा ऊ सरकारी कर्मचारी केशव राजसँग भेट्न पुग्छ । यही झिनो घटना सन्दर्भ उपन्यासको कथानक बन्न पुगेको छ । केशव राजका सारा गोप्य कुराहरू जानकारी राख्दै ऊ केशव राजकै घरमा बसेको छ । त्यसपछि उसले गरेका अनेक व्यक्तिगत, पारिवारिक र विसङ्गत खिचातानीको सूक्ष्म वर्णन उपन्यासमा भएको छ । यस उपन्यासको आख्यानगत अन्तर्गत आएका केही झिना मसिना घटनाक्रम अनुसार केशव राजका विरूद्धमा अनर्गल लेख लेख्नु, केशव राजको चरित्र हत्या गर्नु, निकृष्ट र अधम साहित्यकारिता अपनाउनु, केशव राजका छोरीलाई पालो गरी गरी यौन शोषण गर्नु, छोराहरूलाई चोर, डाका र फटाहा बनाइ परिवार विध्वंश गर्नु र त्यसको प्रतिरोध गर्दा केशव राजकै अन्त्य हुनु जस्ता अत्यन्त मिहिन घटना सन्दर्भहरू यस उपन्यासमा आएका छन् । यस उपन्यासको आदि, मध्य र अन्त्यको कथानक शृङ्खला छुट्टिने स्थिति छैन । यो प्रतिआख्यानात्मकता हो । त्यसै गरी ‘सातौँ ऋतु’ उपन्यासमा पनि परम्परागत उपन्यासले अपेक्षा गरे जस्तो सशक्त कथानक शृङ्खला छैन । यस उपन्यासमा अमिल्दा र एक आवसमा तरतम्य नै नभएका घटनाहरूको मिश्रण गरी कथानकको निर्माण गरिएको छ । यस उपन्यासमा मूल कथानक नै छैन । पात्रहरू निरर्थक रूपमा आएका छन् । बाहुबलीको विसङ्गत परिवेशमा एउटा एउटा विसङ्गतिको प्रतिनिधित्व गरेका छन् र निरूद्देश्य नै त्यहाँबाट एकाएक पलायन भएका छन् । अत : यस उपन्यासमा कुनै आख्यान नै छैन । यस उपन्यासमा वास्तविक र मिथकीय गरी दुई परिवेशहरू सिर्जना गरिएका छन् । मिथकीय परिवेश अन्तर्गत सूक्ष्म आख्यानलाई स्वैर कल्पनाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

अज्ञात प्रसङ्गको काक्षीवती रानी र व्युतिपाश्व राजालाई मिथकीय पृष्ठभूमिमा स्वैर कल्पनाका माध्यमबाट उपन्यासमा उभ्याइएको छ । राजाको अकालमा मृत्युपछि सन्तानहीन रानीलाई आकाशवाणी भई मरेकै राजाबाट सन्तान प्राप्त हुने जानकारी प्राप्त भएको छ । यही झिनो प्रसङ्ग उपन्यासमा मिथकीय सन्दर्भ अन्तर्गत आएको छ । यसले बाहुबलीको विसङ्गतिको सिर्जना गरिएको छ । त्यस्तै वर्तमानको परिवेश पनि सातौँ ऋतु उपन्यासमा रहेको छ । बाहुबली वस्तीको परिवार, उनीहरूको राजनीतिक मामिला जस्ता झिना मसिना प्रसङ्गमा यो उपन्यास सिर्जना भएको छ । कथानक भन्न लायकका कुनै पनि महत्त्वपूर्ण कार्य

र उपलब्धी नभई फगत निरूद्‌देश्य र विवश रूपमा बितिरहेको छ भन्ने विसङ्‌गत जीवन चिन्तनलाई देखाउन उपन्यासमा विशृङ्‌खलित र असरल्ल पारेर कथावस्तुहरूको संयोजन गरिएको छ । यो प्रतिआख्यानात्मकता हो । यसले उपन्यास हाम्रै वरिपरि रहेका र हामीलाई झिना, मसिना र निरर्थक लाग्ने विषयवस्तुलाई नै ग्रहण गरी लेख्न सम्भव छ भन्ने मान्यताबाट अभिप्रेरित देखिन्छ । उपन्यास लेख्नका लागि प्रसिद्ध किसिमको कथा, कार्यकारण, द्वन्द्व र कुतूहलताको उपयुक्त निर्वाह हुन जरूरी छैन । यी सबैको अभावमा पनि आख्यान तत्त्वको सिर्जना गर्न सकिन्छ भन्ने उत्तर आधुनिक मान्यतालाई गौतमका दुवै उपन्यासहरूले वरण गरेका छन् । 'सातौँ ऋतु' उपन्यासका अन्य घटना सन्दर्भले उपन्यासमा आख्यानात्मक मान्यताका विरूद्ध प्रतिआख्यानात्मक रूपमा पनि उपन्यास लेख्न सकिन्छ भन्ने मान्यतालाई पुष्टि गरेको छ । यस उपन्यासमा आएका अन्य झिना मसिना निरपेक्ष घटनाक्रमहरूमा षडानन्द बाजेसँग सम्बन्धित कथानक, एउटा मान्छेसँग सम्बन्धित कथानक, वासुसँग सम्बन्धित कथानक, 'म' पात्रसँग सम्बन्धित कथानक, ताडकसँग सम्बन्धित कथानक, बाहुबली वस्तीको एउटा घरमा भलाद्‌मी आगमन र सप्तकन्यामाथि अपहरण गर्न लाग्दा पराजित हुनु परेको कथानक, नगरमा रहेको गोदामसँग सम्बन्धित घटना आदि परपर निरपेक्ष झिना घटना सन्दर्भको अव्यवस्थित थुप्रो र त्यसैको कलात्मक उनाइ बुनाइबाट उत्कृष्ट उपन्यास बन्न सक्छ भन्ने प्रतिआख्यानात्मक मान्यतालाई प्रस्तुत उपन्यासले देखाएको छ ।

'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासमध्ये अप्रिय उपन्यासमा तुलनात्मक रूपले केही सबल आख्यानको प्रयोग भएको छ । यसमा पात्रकै वरिपरि आख्यान घुमेको छ र कथानक भनी छुट्‌याउन सकिने झिनो आख्यान रहेको छ । तर सातौँ ऋतु उपन्यासमा अमिल्दा आख्यान सन्दर्भहरू उपन्यासमा राखेर आख्यानहीन आख्यानमा आधारित आख्यान योजनाको आयोजना गरिएको छ । अत : यी दुवै उपन्यासमा उत्तर आधुनिक मान्यताले अगि सारेको प्रतिआख्यानात्मक सन्दर्भलाई स्वीकार गरिएको छ । यस मान्यताका दृष्टिले यी दुई उपन्यासमा समानता देखिन्छ ।

### ४.३.४ साइबर संस्कृतिको प्रयोग

गौतमको 'अप्रिय' उपन्यासमा साइबर संस्कृतिको बढी प्रयोग भएको छ भने 'सातौं ऋतु' उपन्यासमा कम प्रयोग भएको छ । 'अप्रिय' उपन्यासमा पात्रहरू सुशिक्षित भएकाले बढी मात्रामा इमेल, इन्टरनेट, मोबाइल तथा मोबाइलबाट हुने फोन, च्याट, म्यासेज, कुराकानी, एस.एम.एस जस्ता कुराहरू आएका छन् । यस उपन्यासमा अहिले वर्तमानको युगलाई साइबर संस्कृतिको युगका रूपमा स्वीकार गरिएको छ। यसलाई सञ्चारको युगका रूपमा देखाइएको छ (पृ.५६) पात्रहरूका बिच विभिन्न घटना सन्दर्भको प्रस्तुतिका क्रममा हुने सन्देश र सूचनाको आदान प्रदानका क्रममा अत्याधिक साइबार संस्कृति तथा सूचना र सञ्चारको प्रयोग भएको छ । यस उपन्यासमा सञ्चारको प्रयोग भएको पनि देखाइएको छ । प्रस्तुत उपन्यासमा वर्तमान युगलाई मोबाइलको युगका रूपमा चित्रण गर्दै मोबाइलको अत्याधिक प्रयोगबाट निम्तिँदै गएका समस्याहरूलाई निकै कलात्मक रूपमा देखाइएको छ । मोबाइलको दुरूपयोगले अनेक किसिमका विकृतिहरू बढेको पनि देखाइएको छ । मोबाइलबाट अरूलाई धम्क्याउने, अश्लील कुराहरू पठाउने, पारिवारिक रूपमा विखण्डन ल्याउन मोबाइल जिम्मेवार हुँदै गएको आदि तथ्यहरू साइबर संस्कृति अन्तर्गत आएका छन् । दिनभरि अरू केटीलाई अश्लील र उत्तेजक म्यासेज गरेर राति आफ्नी बुढी र छोराछोरी एवम् अन्य परिवारका सामु चोखो र साधु बन्ने हाम्रो अनैतिक स्वाभावलाई पनि उपन्यासमा कलात्मक रूपले प्रस्तुत गरिएको छ । 'अप्रिय' उपन्यासमा प्रयुक्त साइबर संस्कृतिलाई तलका साक्ष्यहरूद्वारा पुष्टि गर्न सकिन्छ -

> *यो भन्दा कडा कडा एस.एस.एस. हरू हुन्थे, जुन बयान गर्न बन्देज छ । स्वयम् त्यो युवक, जसले यस्ता म्यासेजहरू आरमीयता र उत्तेजनाका साथ दिनभरि ग्रहण गरेर आफ्नो भाग्यको सराहना गरि रहेको हुन्थ्यो राति घर जाँदा जति सुकै नशामा भए पनि स्वास्नीको डरले त्यस्ता एस.एम.एम. हतार हतारमा डिलिट गरेर मात्र पस्दथ्यो । भ्यायो भने बरू त्यसका ठाँउमा कुनै भजन कीर्तनका शब्द हालेर निश्चिन्त भएर आफ्नो सेट पनि स्वास्नीका अगिल्तिर निश्चिन्त भएर फालेर सुत्थ्यो (पृ.५७)*

माथिको साक्ष्यले वर्तमान समयमा मोबाइलको अत्याधिक प्रयोगसँगै बढ्दै गएका अनेक किसिमका विकृतिहरूलाई सङ्केत गरेको छ । मोबाइलको सही प्रयोग नभएको, त्यसले अनेक

किसिमका विकृत पक्षहरूलाई जन्माउँदै गएकोले भौतिक, सामाजिक विकृति र अपराधहरू मोबाइलकै कारण र माध्यमबाट हुने निश्चित रहेको छ । विकृत किसिमका एस.एम.एस.हरूले स्वस्थ र सुन्दर पारिवारिक जीवनमा तहस नहस आउन थालेको सङ्केत पनि यस उपन्यासमा गरिएको छ । तलको साक्ष्यले यस कुराको पुष्टि गर्छ -

> *.....एकपटक कुनै स्त्रीले अफिसको कुनै एक युवकलाई एस.एम.एस. पठाइ छ । मेरो शरीर यस बखत तिम्रो सशरीर उपस्थितिको आतुरता साथ माग गरि रहेछ । युवकले पठाए छ । तिम्रो श्वेत प्रदरले मलाई मुस्किल परेको थियो । अब कस्तो छ, स्विट हार्ट ? त्यो सन्देश युवकले डिलिट गर्न बिर्से छ । त्यसले केही थिएन । त्यो म्यासेज त्यसकी स्वास्नीले पढिछ । अब त केही भएकै हुनुपर्छ । तीन महिना भयो उसकी स्वास्नी माइतमै छे । युवक त्यसलाई मनाउने उपायको कडा खोजीमा छ । उसले स्वास्नीलाई म्यासेज पठायो - k timilai tha 6aina, ma timilai kati maya gar6u¿ r u kruel¿ don't be mf bholi lina au6u. khe aru kura 6 vane pa6i garaula. (पृ. ३६) ।*

यस साक्ष्यले नयाँ प्रविधिको प्रयोगसँगै देखा पर्दै गएका अनेक विकृति र तिनले निम्त्याउँदै गएको पारिवारिक विखण्डनलाई प्रस्तुत गरेको छ । यसले मान्छे भित्र भित्रै यौनका लागि तड्पिएको र त्यसको परिपूर्तिको माध्यम मोबाइल र त्यसबाट हुने एस.एम.एस. रहेको तथ्यलाई अगि सारिएको छ । साइबर संस्कृतिले आधुनिकतासँग व्यक्तिलाई जोड्ने प्रयोजन हुनु पर्नेमा यस्ता संस्कृतिको गलत प्रयोगले व्यक्तिलाई संसारसँग जोड्नुको सट्टा संसारसँग विखण्डन निम्त्याउँदै गएको निष्कर्ष प्रस्तुत गरेको छ । 'अप्रिय' उपन्यासभरि पात्रहरूले गरेका अनेक किसिमका विकृत एस.एम.एस र त्यसले ल्याएको विकृतिलाई निकै महत्त्वका साथ प्रस्तुत गरेको छ ।

'सातौँ ऋतु' उपन्यासमा साइबर संस्कृतिको न्युन प्रयोग भएको छ । उत्तर आधुनिक मान्यतामा हो । त्यसको अत्याधिक प्रयोगमा रूचि देखाएका गौतमले यस उपन्यासमा भने अनेक विकृत र उटपट्याङ सन्दर्भहरू मात्र प्रस्तुत गरेका छन् । साइबर संस्कृतिको प्रयोग तर्फ कम रूचि देखाएका छन् । वासुले 'म' पात्रसँग अमेरिकाबाट गरेको कुराकानी (पृ.५६) मा साइबर संस्कृति अन्तर्गत फोनको प्रयोग भएको देखाइएको छ । त्यसपछि वासु 'म' पात्रलाई

सहयोग गर्नु पर्छ भनेर बेपत्ता भएको छ । त्यस बाहेक उपन्यासमा कहीँ पनि प्रभावकारी रूपले साइबर संस्कृतिको प्रयोग भएको छैन । तुलनात्मक रूपले हेर्दा 'सातौँ ऋतु' उपन्यास भन्दा 'अप्रिय' उपन्यासमा सशक्त रूपले साइबर संस्कृतिको प्रयोग भएको छ । यस्तो संस्कृतिमा आएको विकृतिले देखा परेका अनेक विखण्डन र अनाचार, दुराचार, पापाचार आदिलाई देखाइएको छ । त्यसैले धुवचन्द्र गौतमका उपन्यासमा साइबर संस्कृतिको प्रयोग छ र त्यसको दुरूपयोगले निम्तन सक्ने दुरावस्थाको समेत कलात्मक रूपमा चित्रण गरिएको छ ।

### ४.३.५ विकेन्द्रीकृत दृष्टिकोण

गौतमका 'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासमा उत्तर आधुनिक मान्यताले अगि सारेको दृष्टिकोण विकेन्द्रणलाई आत्मसात् गरिएको छ । उपन्यासमा कुनै पनि कुराको केन्द्र छैन । नायक विकेन्द्रीकृत भएर बहुनायकत्व र अनायकको अवस्थामा पुगेको छ । कथानक विकेन्द्रीकृत भइ अआख्यानात्मक र प्रतिआख्यानात्मक बन्न पुगेको छ । यी उपन्यासमा आइपुगेपछि महाआख्यानको अन्त्य हुन पुगेको छ । यसबाट पनि यी उपन्यासमा विकेन्द्रीकृत दृष्टिकोणले प्रश्रय पाएको पुष्टि हुन्छ । त्यस्ते यस उपन्यासमा एक चिन्तनको सट्टा बहुचिन्तन र त्यसको विकेन्द्रीकरण आएको छ । समग्रमा यी उपन्यासहरूमा कुनै एक चिन्तनको केन्द्र भङ्ग भएको छ । एक पात्रको केन्द्र भङ्ग भएको छ; आदर्शको केन्द्रको भङ्ग भएको छ; नायकमा हुनुपर्ने शास्त्रीय गुणगत केन्द्रको भङ्ग भएको छ; कुनै एक वाद, मान्यता र दृष्टिकोण अँगाली संसारलाई हेर्ने दृष्टिकोणको विकेन्द्रण भएको छ । यस कोणबाट हेर्दा गौतमका यी दुई उपन्यासहरू सफल र नेपाली उपन्यास परम्परामै अब्बल रहेका छन् ।

'अप्रिय' उपन्यासमा कतै परम्परित केन्द्रको भञ्जन, कतै केन्द्रप्रतिको असन्तुष्टि र कतै नवकेन्द्रको स्थापनाको नाममा अयोग्य वस्तुलाई केन्द्रमा ल्याउन खोज्दा समस्या निम्तन पुगेको देखाइएको छ । यस उपन्यासमा मूलत : भोकलाई निकै कलात्मक रूपले प्रस्तुत गरिएको छ । यौन बुबुक्षा र उदा बुबुक्षाका कारण पेटको भोक र यौनको भोक दुवैलाई यस उपन्यासले समान महत्त्व दिएर भोकको केन्द्रलाई भङ्ग गरिएको छ । यस उपन्यासमा केशव राजको परिवारमा उदा भोकले मुख्य समस्या सिर्जना गरेको छ भने राम प्रसादको जीवनमा अहम्को भोक, यौनको भोक आदिले मुख्य समस्या सिर्जना गरेको छ । एउटा भोकको अन्त्य भएपछि

क्रमशः अरू भोकहरूले सताउने प्रसङ्ग यस उपन्यासमा आएका छ । 'सातौँ ऋतु' उपन्यासमा पनि उदर भोक र प्रतिष्ठागत भोक नै मुख्य रूपमा आएका छन् । निम्न वर्गका पात्रहरूमा भोकले समस्या ग्रस्त तुल्याएको छ भने सामन्त वर्गलाई प्रतिष्ठा, शक्ति र यौनको भोकले व्याकुल बनाएको छ । यी उपन्यासहरूमा एउटा भोकको परिवर्तन क्रमश : अर्को भोकको केन्द्र विभग्न भई सापेक्ष भोकको समान्यता अगाडि आएको छ । त्यस्तै उपन्यासमा एउटै मूल कथानकको केन्द्र हुने मान्यतालाई भत्काएर यी उपन्यासमा अनेक किसिमका अमिल्दा भिना मसिना घटना सन्दर्भलाई आख्यानका रूपमा प्रस्तुत गरेर परम्परागत आख्यानीकरणको केन्द्रलाई दुवै उपन्यासका माध्यमबाट भङ्ग गरिएको छ । त्यस्तै चरित्रगत परम्परागत मान्यतालाई पनि यी दुवै उपन्यासहरूले भङ्ग गरि दिएका छन् । उपन्यासमा अपेक्षा गरिएका तथा समीक्षा शास्त्रले आवश्यक ठानेका कुनै पनि चरित्रहरू यी उपन्यासमा छैनन् । अतः चरित्रगत विभग्नताका दृष्टिले पनि यी दुई उपन्यासहरू समान छन् । त्यसै गरी यी उपन्यासमा बहुनायकत्वलाई स्वीकार गरी एक नायकत्वको अवस्थाको अन्त्य गरिएको छ । 'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासमा बहुनायकत्वको सिर्जना गरिएको छ । 'अप्रिय' मा दुईजना मुख्य पात्रहरू सिर्जना गरी कुन नायक हो र कुन होइन छुट्याउनै नसकिने गरी प्रस्तुत गरिएको हो । त्यस्तै 'सातौँ ऋतु'मा अनेकौँ विसङ्गत घटना सन्दर्भहरूको सिर्जना गरी प्रत्येक घटनाको एक एक जना नायक सिर्जना गरी बहुनायकको मान्यतालाई वरण गरिएको छ । यस दृष्टिले हेर्दा यी दुई उपन्यासमा समानता देखिन्छ । चिन्तनगत दृष्टिले हेर्दा पनि यस उपन्यासमा विकेन्द्रण देखिन्छ । यी दुई उपन्यासहरू कुनै पनि एक वाद वा मान्यतामा मात्र केन्द्रित छैन । यी उपन्यासमा यथार्थवादी मान्यता छ, मिथकीय मान्यता, स्वैर कल्पना, विसङ्गतिवाद, अस्तितत्ववाद, शून्यवाद, प्रकृतवाद जस्ता अनेकौँ चिन्तनहरूको खिचडीका रूपमा यी उपन्यासहरू आएका छन् । त्यसैले उपन्यास कुनै एक चिन्तन, वाद वा प्रणालीबाट अनुप्राणित वा दिग्दर्शित हुनु पर्छ भन्ने मान्यता वा केन्द्रलाई यी उपन्यासले भङ्ग गरेको छ । त्यस्तै पारिवारिक एकतालाई पनि यस उपन्यासले भङ्ग गरी व्यक्ति स्वयंलाई सर्वोच्च रूपमा देखाइएको छ । 'अप्रिय' उपन्यासमा प्रयुक्त यस साक्ष्यले गौतमका उपन्यासमा निहित भङ्गको मान्यतालाई पुष्टि गर्छ -

> *उसले बडो विनम्रतासाथ बिनूलाई नमस्कार गऱ्यो । मेरा छोरा छोरी सित भलाद्मी व्यवहार गऱ्यो । मिठाइ बोकेर आएको रहेछ दुई तिन बट्टा, त्यो बाँड्यो । परिवारका*

*सात सदस्य उसको योग्य र उदार व्यवहारले अभिभूत भए । म भित्रभित्रै एक्लो परेँ । भन्न पनि नसकिने भयो (पृ.८१) ।*

माथिको साक्ष्यले बाबु नै घरको मुली हो भन्ने केन्द्रीकृत मान्यतालाई भङ्ग गरि दिएको छ । जोसुकै व्यक्ति पनि घरको मुली हुन सक्छ भन्ने कुरालाई केशव राजको परिवारको माध्यमबाट देखाइएको छ । केशव राजको परिवारमा केशव राज मूली नभई उपन्यासको विषय खोज्दै हिंदेको राम उपाध्याय आफ्नो पैसा र कुटील व्यहारका कारण बन्न पुगेको तथ्य माथिको साक्ष्यले अभिव्यक्त गर्छ । केशव राजलाई घरमा लेखकको प्रवेशको एकमात्र उद्देश्य केशव राजलाई घरबाट एक्ल्याइए । उसका छोरी, श्रीमती र छोरामाथि आफू अनुकूल राज गर्नु रहेको छ । त्यसमा ऊ सफल पनि भएको छ । यसबाट केशव राजले घरमा निहित आफ्नो केन्द्र भङ्ग भएको अनुभूति गरेको छ । यसलाई निम्न लिखित साक्ष्यबाट पुष्टि गर्न सकिन्छ -

*ऊ यी सब मेरो परिवारलाई प्रभावित र मलाई हीन, हीनत्तर, हीनत्तम प्रमाणित गर्न गइ रहेको थियो । सुपरलेटिम हीन साबित भएको म परिवारकै दृष्टिमा कति अश्लील र निर्लज्ज देखिए होला ? म बुझ्दथेँ । त्यसकारण म यस पटक आफ्नै ईर्ष्याले टन्न भएँ ( पृ.७४)* ।

यस अभिव्यक्तिले पुरूष र त्यसमाथि पनि बाबु वा पतिलाई घरमूली मान्ने परम्परागत चिन्तनको अन्त्य भएको देखाइएको छ । घरमा आफू बाहेक अरू सबैलाई परचक्री ठानिएको लेखकले प्रभावमा पारेको प्रसङ्ग आएको छ । यसले के पुष्टि गर्छ भने केशव राजको परिवारमा लेखकले बिस्तारै केन्द्र भङ्ग गरी नव केन्द्रको स्थापना गरेको प्रस्ट हुन्छ । आफ्नै घरमा आफूले गर्ने नित्य कर्ममा समेत लेखकले प्रभाव जनाएकोले सोच मग्न अवस्थामा पुगेको केशव राजको मनोदशाको चित्रण गरिएको छ । यसरी केशव राज आफू घरको मूली भएर पनि ऊ आफ्नै घरमा शरणार्थी वा विस्थापित जस्तो जीवन व्यतीत गर्न पुगेको छ । आफ्नै घरमा पनि आफूले केही गर्न नसकेकोमा उसले खिन्नता र अफसोच प्रकट गरेको छ । यस्तो अवस्थामा सहनु बाहेक आफूले केही गर्न नसकेको अनायकपन समेत देखाएको छ । तलका साक्ष्यले केशव राज घरको मूल धारबाट किनारीकृत भएका र नवकेन्द्रका रूपमा राम प्रसाद उदाएको प्रस्ट हुन्छ -

*बुबा अड्कल (राम प्रसाद) लाई होइन बरू अड्कलले अह्राउनु भयो भने हामी तपाइँलाई यहाँबाट लगेर अन्त कतै राखिदिन्छौँ (पृ.१०९) ।*

यस प्रकार 'सातौँ ऋतु' र 'अप्रिय' दुवै उपन्यासमा परम्परागत केन्द्रहरू भङ्ग भई नवीन केन्द्र र मान्यताको स्थापना गरिएको छ । दुवै उपन्यासहरूमा विकेन्द्रणको मान्यता स्पष्टसँग अवलम्बन गरिएको छ । परम्परागत उपन्यासले जे जस्ता केन्द्रणहरूको स्थापना गरेको थियो ती सबै केन्द्रहरू यी उपन्यासमा आई पुग्दा विकेन्द्रीकृत हुन पुगेका छन् । 'अप्रिय' उपन्यासमा विषयवस्तु प्रस्ट भएकाले टड्कारो रूपमा विकेन्द्रणको अवधारणा आएको छ भने 'सातौँ ऋतु' उपन्यासमा जटिल किसिमका सन्दर्भहरूसँग मिसिएर आएकाले दुर्बोध्य र अन्तर्मिश्रित रूपमा विकेन्द्रीकृत धारणा आएको छ । यस अर्थमा यी दुवै उपन्यास तुलनात्मक हिसाबले विकेन्दीकृत मान्यताको प्रयोग भएका सफल उपन्यासहरू हुन् ।

### ४.३.६ बहुलवादी मान्यता

'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासलाई तुलनात्मक रूपले हेर्दा यी दुवै उपन्यासमा बहुलवादी मान्यता आएको छ । यी दुवै उपन्यासमा एकत्ववादी मान्यताको विरोध गरिएको छ । यस अर्थमा यी दुवै उपन्यासहरू समान देखिन्छन् । सर्वप्रथम उपन्यासको आख्यानमै एकत्ववादको विरोध गरी अनेक किसिमका आख्यानात्मक घटना प्रतिघटनाका माध्यमबाट आख्यानात्मक बहुत्वको स्थापना दुवै उपन्यासमा गरिएको छ । त्यस्तै चरित्रका हिसाबले पनि यी दुवै उपन्यासमा बहुलवादी दृष्टिकोण अगि सारिएको छ । कुनै एक चरित्रलाई मात्र नायकत्व/अनायकत्व प्रदान नगरी अनेक चरित्रलाई उत्तिकै महत्त्वका उपन्यासमा केशव राज र राम प्रसादलाई बराबर महत्त्व दिइएको छ । त्यस्तै 'सातौँ ऋतु' उपन्यासमा 'म' शरथार्थी छिमेकी, एउटा मान्छे, वामन देव, नायक, वासु, मुकुन्द, वृद्ध बाहुबली आदि सबैलाई समान महत्त्व दिइएको छ । अझ यस उपन्यासमा त सबै पात्रका लागि एक एक विसङ्गत घटना सन्दर्भको निर्माण गरी ती घटनाको नायकका रूपमा उल्लिखित पात्रलाई प्रस्तुत गरिएको छ । परिवेश अन्तर्गत पनि बहुलवादी धारणा प्रस्तुत छ । 'अप्रिय' उपन्यासमा त परिवेशगत बहुलता देखा पर्दैन तर 'सातौँ ऋतु' उपन्यासमा भने वर्तमानको परिवेश र मिथकीय परिवेश गरेर दुई प्रकारको परिवेश सिर्जना गरी त्यसै परिवेशका पृष्ठभूमिमा उपन्यासलाई अगि बढाइएको छ ।

त्यस्तै यी उपन्यासहरूमा बहुलवादी चिन्तन्गात दृष्टिकोण पनि आएको छ । दुवै उपन्यासमा उदर भोकलाई निकै महत्त्वका साथ प्रस्तुत गरिएकाले मार्क्सवादी अर्थशास्त्रको अवधारणा प्रस्तुत भएको छ । त्यस्तै दुवै उपन्यासमा यौन भोकको प्रयोग भएकाले फ्रायड सम्मत यौन दर्शनको प्रयोग भएको छ । त्यस्तै दुवै उपन्यासमा राजनीति, समाज शास्त्र, संस्कृति आदि जस्ता अनेक चिन्तनगत विधाहरूको प्रयोग भएको छ । त्यस्तै गरी अस्तितत्ववाद, विसङ्गतिवाद, मनोविज्ञान, यथार्थवाद, प्रकृतवाद, शून्यवाद, नियतिवाद आदिजस्ता अनेक दर्शन, वाद र मान्यताको प्रयोग उपन्यासमा भएकाले यी उपन्यासहरू बहुलवादी दृष्टिकोणको प्रयोग भएका उपन्यास हुन् । त्यस्तै फोहोरी राजनीतिक सन्दर्भ, विसङ्गत समाज आदिलाई पनि निकै कलात्मक रूपमा प्रस्तुत गरिएको छ । 'अप्रिय' उपन्यासमा बहुलवादी चिन्तनका क्रममा अनेक दार्शनिक, वैज्ञानिक तथा साहित्यकारको नाम तोकेरै प्रस्तुत गरिएको छ । वर्डस्वर्थ (पृ.३७), देवकोटा (पृ.८०), द सेकेन्ड सेक्स (पृ.७०), दालभात डुकु (पृ.८०) जस्ता प्रस्ङ्गहरूले प्रस्तुत उपन्यासले बहुलवादी मान्यतालाई अवलम्बन गरेको पुष्टि हुन्छ । समग्रमा 'सातौँ ऋतु' र 'अप्रिय' उपन्यासमा उत्तर आधुनिक मान्यताले अगि सारेक बहुत्ववादी दृष्टिकोणलाई अगि सारेको छ ।

### ४.३.७ अन्त्यको धारणा

ध्रुवचन्द्र गौतमको उपन्यासहरू 'अप्रिय' र 'सातौँ ऋतु' मध्ये 'अप्रिय' उपन्यासमा प्रखर रूपमा अन्त्यको दर्शन आएको छ । 'अप्रिय' उपन्यासमा स्पष्ट रूपमा लेखकको अन्त्यको मान्यतालाई अवलम्बन गरिएको छ । उपन्यासको सुरूवातको वाक्यमा नै अन्त्यको धारणाको घोषणा गरिएको छ । लेखकको मृत्युको घोषणा पश्चात् उपन्यासको समग्र मूल्याङ्कनका लागि पाठकलाई जिम्मा दिइएको छ । यस सँगैसँगै गौतमका विवेच्य उपन्यासमा महाआख्यानको अन्त्य, केन्द्रवादको अन्त्य, भाषिक सुसङ्गतिको अन्त्य, एकत्ववादको अन्त्य जस्ता अनेक अन्त्य दर्शनका मान्यतालाई प्रस्तुत गरिएको छ । त्यस्तै ईश्वरवादप्रति कहीँ कतै आस्था प्रकट नभएकाले यी उपन्यासहरूमा ईश्वरको अन्त्यको समेत परोक्ष प्रयोग भएको छ । 'अप्रिय' उपन्यासमा समाख्याताले लेखकलाई सङ्केत गरेको छ । 'म' पात्रका रूपमा आएको

समाख्याताको निम्न कथनले प्रस्तुत उपन्यासमा लेखक केन्द्रवादको अन्त्य गरी पाठकीय सर्वोच्चता स्थापित भएको पुष्टि हुन्छ -

*म यो कृति उपन्यास अथवा जुनसुकै विधा होस्, त्यसको पात्र होइन । थालनीमै स्पष्ट तुल्याइ दिऊँ । यसमा भ्रमको धेरै गुन्जायास देखेकाले यस्तो बयान अर्थात् स्पष्टीकरण दिनु पऱ्यो (पृ.१) ।*

माथिको साक्ष्यले प्रस्तुत उपन्यासको सुरूमै लेखकले आफ्नो मृत्यु भइसकेको घोषणा गरेका छन् । सुरूमै 'कृति अन्य विधा वा उपन्यास' भनी प्रस्तुत रचनालाई सम्बोधन गरेकाले हामीले उपन्यास भनी पढि रहेको प्रस्तुत उपन्यासलाई स्वयं लेखकले भने उपन्यास भन्न अस्वीकार गरेको देखिन्छ । यसबाट प्रस्तुत कृति कुनै साहित्यिक विधा वा कृति मात्र हुन सक्ने सङ्केत स्वयं उपन्यासकारले गरी विधागत रूपमा वर्गीकरण गर्दै आइएको साहित्यको भेदलाई समेत अन्त्य गरि दिएका छन् । यसबाट साहित्यिक विधाको अन्त्य भई उपन्यासमा विधागत निजत्व समाप्त बन्न पुगी केवल 'कृति' का रूपमा मात्र रचना विशेष रहने उत्तर आधुनिकतावादी मान्यताको समर्थन गरिएको छ । प्रस्तुत उपन्यासमा पाठको सम्पूर्ण अर्थ लगाउने जिम्मा पाठकलाई दिइएका छ । उपन्यासको लेखन पश्चात् लेखकको मृत्यु हुने र पाठको पठन, विपठन, अर्थ, अनर्थ, जे सुकै कुराको पनि अधिकार पाठकले मात्र राख्ने मान्यताको पक्ष पोषण गरिएको छ । 'अप्रिय' उपन्यासमा ठाउँ ठाउँमा समाख्याताले आफ्नो हरेक कोणबाट अन्त्य भएको मान्यता बारम्बार अघि सार्नुले प्रस्तुत उपन्यास अन्त्यको दर्शनबाट प्रत्यक्ष रूपमा प्रभावित छ भन्ने पुष्टि हुन्छ । अन्त्यको दर्शनसँग सम्बन्धित केही साक्ष्यहरूलाई तल उल्लेख गर्न सकिन्छ-

*....त्यसकारण जे मैले सोचेको थिएँ त्यसैको ठिक उल्टो भयो । होइन सोचेजस्तो उल्टो पनि होइन । सोचे जस्तो भन्नाले के भने मैले उसको हत्या गर्ने सोचेर आफ्नो जीवनको लामो समय बिताएको थिएँ । अन्त्यमा उसैले मेरो हत्या गरि दियो (पृ.११४) ।*

*....किन ? किनभने मैले तिम्रो हत्या गर्न चाहेको हुँ (पृ.९३) ।*

*....बुबा अङ्कललाई होइन, बरू अङ्कलले अह्राउनु भने हामी तपाइँलाई यहाँबाट लगेर अन्त कतै राखिदिन्छौँ (पृ.१०९) ।*

उल्लिखित साक्ष्यहरूमा कुनै न कुनै रूपले अन्त्यको मान्यता आएको छ । 'सातौँ ऋतु' उपन्यासमा पनि महाआख्यानको.अन्त्यको दर्शन आएको छ । त्यस्तै प्रस्तुत उपन्यास इतिहासको अन्त्यको मान्यताबाट पनि प्रभावित छ । 'सातौँ ऋतु' र 'अप्रिय' उपन्यासमा टुक्रे आख्यान र भिना मसिना सन्दर्भको प्रयोग भएको छ । त्यस्तै इतिहासको अन्त्यको मान्यता अनुरूप नायकको अन्त्य, केन्द्रवादको अन्त्य, एकत्ववादको अन्त्य जस्ता मान्यताहरू आएका छन् । त्यसैगरी 'सातौँ ऋतु' उपन्यसामा पनि यी अन्त्यका मान्यताहरूले नवीन औपन्यासिक बान्की थपेका छन् । यस उपन्यासमा पनि 'अप्रिय' उपन्यासमाभैँ लेखक केन्द्रवादको अन्त्य गरिएको छ । अघि आख्यानात्मकता उन्मुख वहुत्ववादी मान्यता पनि 'सातौँ ऋतु' उपन्यास प्रयुक्त अन्त्यको मान्यता हो । प्रस्त उपन्यासमा अधि आख्यानको प्रयोग पाइन्छ । बहुल पात्रको प्रयोग गरी उपन्यास एउटै पात्रका वरिपरि घुम्ने औपन्यासिक इतिहासको मान्यतालाई अन्त्य गरिएको छ । त्यस्तै 'अप्रिय' र 'सातौँ ऋतु' दुवै उपन्यासमा परम्परागत भाषिक प्रयोगको अन्त्य गरिएको छ । यी उपन्यासमा व्याकरणिक नियमभन्दा भिन्न पदक्रम योजना, वाक्य योजना, भिन्न भिन्न कोडहरूको प्रस्तुति, भावको तुमुल आधिक्यताको प्रकटीकरणका लागि खाली ठाउँ छोड्ने, अङ्ग्रेजी भाषाको अत्यधिक प्रयोग, चेतन प्रवाह र स्वैर कल्पनाको मिश्रित प्रयोगका कारण गँजडी शैलीको निर्माण गरी आख्यान, भाव, सन्दर्भ, अर्थ आदिलाई विभन्न तुल्याइएको छ । यी सबै कारणले गौतमका विवेच्य उपन्यासहरू अन्त्यको दर्शनद्वारा प्रभावित हुन भन्ने स्पष्ट हुन्छ । लेखकको मृत्युबाट सुरू भएको अन्त्यको सिलसिला महाआख्यानको अन्त्य, महा नायकको अन्त्य, वास्तविक परिवेशको अन्त्य, इतिहासको अन्त्य हुँदै भाषिक संरचनाको अतिक्रमणमा पुगी पूर्ण भएको छ । यस तथ्यबाट गौतमका उल्लिखित उपन्यासमा उत्तर आधुनिक दर्शनले अगि सारेका अन्त्य सम्बन्धीका मान्यता सशक्त रूपमा मुखरित भएको छ भन्ने पुष्टि हुन्छ ।

### ४.३.८ सीमान्तकृत/किनारीकृत पात्रको प्रयोग

धुवचन्द्र गौतमका उपन्यासमा मूलतः सीमान्तकृतप्रति विशेष रूचि देखाइएको हुन्छ । 'अप्रिय' र 'सातौँ ऋतु' दुवै उपन्यासमा सीमान्तकृतप्रति निकै अभिरूचिपूर्वक दृष्टि राखी तिनको

चित्रण गरिएको छ । उनका यी दुई उपन्यासमा नामकको भूमिकामा आएका मुख्य दुई पात्रहरू केशव राज र 'म' आर्थिक दुरावस्थाकै कारण असफल जीवन जीउन बाध्य छन् । 'अप्रिय' उपन्यासको केशव राज यदि धनी वा आर्थिक रूपले सम्पन्न भएको भए उसको गरिबीको फाइदा उठाउँदै राम प्रसाद उसको घर सभा आइ पुग्ने थिएन । यदि राम प्रसाद उसको घरमा नआएको भए केशव राजको जीवन खण्डित हुने थिएन । उसका छोरीहरू बिग्रने थिएनन् । श्रीमती अरूको मुख तोकर बस्ने थिइन । त्यस्तै छोराहरू चोर गुन्डा, डाका, र फटाहा हुने थिएनन् । परिवारका सदस्यले उसले भनेको मान्ने थिए । हाकिमबाट उसले माया र सम्मान पाउने थियो । यी सबै कुराको अभाव एउटै कारणले भएको छ । त्यो कारण आर्थिक दुरावस्था नै हो ।

त्यस्तै 'सातौँ ऋतु' उपन्यासमा पनि पात्रहरूको चरम आर्थिक दुरावस्थालाई देखाइएको छ । 'म' पात्र आर्थिक अवस्था कमजोर भएको पात्रका रूपमा आएको छ । आर्थिक अवस्था कमजोर भएकै कारण उसले उपन्यासमा अनेक किसिमका समस्याहरू भोग्नु परेको छ । राजनीति गर्ने बाहुवलीहरूले सोझा सिधा जनतालाई आर्थिक प्रलोभन देखाएर चुनाव जित्ने गरेको प्रसङ्ग आएको छ । बाहुबलीहरू मध्ये पनि सबै बाहुबलीहरू आर्थिक रूपमा सम्पन्न छैनन् । श्रेष्ठ बाहुबली, ताडक, आदि सम्पन्न रूपमा रहेका छन् । यस बाहेकका अन्य पात्रहरू बृद्ध बाहुबली, वासु, शरणार्थी छिमेकी, एउटा मान्छे जस्ता पात्रहरूको जीवन आर्थिक दुरावस्थाकै कारण तहस नहस बन्न पुगेको छ । यी दुवै उपन्यासका पात्रमा उदर भोकलाई साझा समस्याका रूपमा देखाइएको छ । यी उपन्यासका पात्रहरू कुनै न कुनै भोकद्वारा सताइएका छन् । शरणार्थी छिमेकी दयनीय आर्थिक अवस्था भएको पात्र हो । त्यस्तै 'एउटा मान्छे' आर्थिक अभावमा घरबार विहीन भई सडकमा मागेर गुजारा चलाउँछ । यस्ता सन्दर्भहरूले 'सातौँ ऋतु' उपन्यासका पात्रहरू आर्थिक दुरावस्थाको सिकार बन्न पुगेको प्रस्ट हुन्छ । त्यस्तै अप्रिय उपन्यासका केशव राजकी श्रीमती आर्थिक समस्याकै कारण राम प्रसादसँग लहसिएकी छे । केशव राजका छोरीहरू आर्थिक रूपले सम्पन्न राम अङ्कलसँग बढी हिमचिम गर्न पुगेका छन् । केशव राजका छोराहरू आर्थिक अभावकै कारण चोर, डाका तथा गुन्डा हुन पुगेका छन् । तलका साक्ष्यले गौतमका उल्लिखित उपन्यासहरूमा आर्थिक रूपले किनारीकृत पात्रहरूको प्रयोग भएको पुष्टि गर्छः

*घरमा एकपैसा थिएन, यतिले नपुगेर दारिद्रयमा आशातीत वृद्धि गर्ने उद्देश्यले हुनुपर्छ चामल दाल त छाडिदिउँ, पिठो समेत अन्तर्ध्यान भइदियो । यस्तरी त फिलिमहरूमा पनि हुँदैनन् (अप्रिय, पृ. २१) ।*

*तिनीहरूले धेरै रात पारी दिएनन् । नौ मात्र बजाए । खल्ती छामेँ । बस चढ्ने पैसा पनि थिएन । (अप्रिय, प.. ४१) ।*

*नमुना गाउँ नमुना होटेल भनेजस्तै म नमुना मध्यमवर्गीय जीव रहेछु । मलाई हेरेपछि अरूलाई हेर्नै पर्दैन । निम्न मध्यम वर्गका सुख दुःख अभाव र दरिद्रता, आकाङ्क्षा र निराशा रूपमा प्राप्त हुन्छन् (सातौँ ऋतु, पृ. १९) ।*

माथिका साक्ष्यहरूले 'अप्रिय' र 'सातौँ ऋतु' उपन्यासमा आर्थिक रूपले विपन्न पात्रहरूको प्रयोग भएको पुष्टि हुन्छ । यी दुवै उपन्यासको वातावरणलाई विकृत तुल्याउने एउटा कारक तत्त्वका रूपमा निम्न आर्थिक अवस्था नै आएको छ । सम्पन्न पात्रहरूको कारण पनि उपन्यासका पात्रहरू आर्थिक रूपमा झन् प्रताडित भएका छन् । सम्पन्न पात्रका शोषणमूलक प्रवृत्तिले यी उपन्यासका सम्पन्न पात्रका शोषण मूलक प्रवृत्तिले यी उपन्यासका किनारीकृत पात्र झन् झन् गरिब र चरम आर्थिक भुमरीको सङ्कटमा पुगेका छन् । समग्र भन्दा 'अप्रिय' र 'सातौँ ऋतु' दुवै उपन्यासमा आर्थिक दुरावस्थाले प्रताडित बनेका पात्रको प्रयोग भएको हुँदा सीमान्तकृत वर्गको आर्थिक पक्ष र त्यस आर्थिक पक्षले सिर्जना गरेको सामाजिक, राजनीतिक, वैचारिक आदि पक्षको उद्घाटन गर्न सफल भएका छन् । दुवै उपन्यासमा किनारीकृत पात्रको प्रयोगप्रति अभिरूचि देखाइएको छ ।

### **४.३.९ विधा मिश्रण र भञ्जन**

गौतमद्वारा लिखित 'अप्रिय र 'सातौँ ऋतु' उपन्यासमा 'उत्तर आधुनिक मान्यताले अघि सारेको विधा मिश्रण र भञ्जनको प्रवृत्ति प्राप्त गर्न सकिन्छ । 'फुलको आतङ्क' र 'भीमसेन ४ को खोजी' उपन्यासमा जस्तो प्रस्ट रूपमा विधा भञ्जनको प्रवृत्ति यी उपन्यासमा नदेखिए पनि उपन्यास भनिएका यी कृति भित्रको अन्तर्सङ्गठनमा भने विधा भञ्जनको प्रवृत्ति पाउन सकिन्छ । उनका यी उपन्यासहरूमा निबन्ध, नाटक, कथा, कविता, जीवनी आदिजस्ता

साहित्यिक विधाका प्रवृत्तिहरू प्राप्त गर्न सकिन्छ । अप्रिय उपन्यासको सुरूमै उपन्यासकाले यस रचनालाई उपन्यास भन्न हिच्किचाएका छन् । उनले यस कृतिलाई कुनै विधा र कृतिका रूपमा मात्र लिएका छन् । यस तथ्यले परम्परागत मान्यताले अगि सारेको विधाको वर्गीकरणलाई यस उपन्यासमा अस्वीकार गरिएको छ । यसको पुष्टिका लागि तलको साक्ष्यलाई अगि सार्न सकिन्छः

*म यो कृति उपन्यास वा जुनसुकै विधा होस् त्यसको पात्र होइन (अप्रिय, पृ. १) ।*

माथिको साक्ष्यमा यस रचनालाई कृति वा विधा अनिश्चित विधाको रूपमा लिइएको यस रचनालाई उपन्यास नै हो भने दाबी गरिएको छैन । यसले परम्परागत साहित्यिक मान्यताले अपेक्षा गरेको साहित्यिक विधाप्रतिको मोहलाई भङ्ग गरेको छ । अबको साहित्य भनिएको कुनै रचना उपन्यास, निबन्ध, कथा, कविता जस्ता विधा विशेष हुन नसक्ने र ती केवल कृति मात्र हुने उत्तर आधुनिक मान्यतालाई यस उपन्यासले आत्मसात् गरेको छ । अप्रिय उपन्यासमा पनि औपन्यासिक गुणहरू कम छन् । साहित्यका अन्य विधाहरू पनि यस उपन्यासमा अन्तर्मिश्रित भएर आएका छन् । यस उपन्यासका कतै कतै काव्यात्मक अश्वाद प्राप्त गर्न सकिन्छ । कतै संवादका माध्यमबाट नाट्यात्मक स्वरूप प्राप्त गर्न सकिन्छ । त्यस्तै उपन्यासमा निबन्धात्मक विशेषता पनि पाउन सकिन्छ । कतै कथाको नवीन बान्की भेट्न सकिन्छ । यी सबै तथ्यहरूलाई अध्ययनबाट गर्दा यस उपन्यास निरपेक्ष रूपमा उपन्यास कृति हुन सकेको छैन । एकभन्दा बढी साहित्यिक विधाहरूको अन्तर्मिश्रणद्वारा विधा मिश्रणको प्रवृत्तिका साथमा परम्परागत औपन्यासिक मान्यताले अपेक्षा गरेका उपन्यासका संरचक अवयवमाथि अतिक्रमण गरिएकाले विधा भञ्जनको अवस्था सिर्जना भएको छ । यस उपन्यासमा निम्नानुसारका संवादहरू बढी मात्रामा प्रयोग भएकाले यस नाटकका गुणहरू प्राप्त गर्न सकिन्छ ।

*बढी गृहस्थ हुनु हुन्न र ? उसले भनी,*
*मलाई किनिदिनुपरेकोले त्यसो भनेको हो कि हजुरले ?*
*त्यो होइन ।*
*यसैलाई दुर्भाग्य भन्छन् ।*
*कसरी ? (पृ. ४६) ।*

*के मिलेन ?*

*म विलासी वा कामुक छैन ।*

*हुन नसक्ने त होइन नि ?*

*अफोर्ड गर्न नसक्ने हुन्छ म जस्तो मान्छे ।*

*स्पोन्सर गरायो भने नि ?*

*को स्पोन्सर ? (पृ. ५९)*

माथिको साक्ष्यले 'अप्रिय' उपन्यास भए पनि त्यसमा विधा मिश्रम भई नाटकीय पनको सिर्जना हुन पुगेको प्रस्ट हुन्छ । त्यस्तै तलका साक्ष्यले यस उपन्यासमा काव्यात्मक आस्वादन प्राप्त भई उपन्यासभित्र कविता अन्तर्मिश्रित भएको पुष्टि गर्न सकिन्छ :

*उच्च गन्थन तुच्छ जीवन (पृ. ५०)*

*म तिमीलाई फसाउँदिन म अब आफैं*

*फँसि सकें (सातौं ऋतु पृ. ६०) ।*

*यी सन्तानहरूलाई कसले बुझाउने ?*

*यी त हामीलाई नै बुझाई रहेका छन् ।*

*कमाइ रहेका छन् त्सले चुप लगाउँछ ।*

*म उस्तै छु यी भन्दा सम्पन्न भइ सकेर (अप्रिय, पृ. ६५) ।*

माथिका साक्ष्यहरूले 'सातौं ऋतु' र 'अप्रिय' उपन्यासमा विधा मिश्रणसँगै विधा भञ्जन पनि भएको पुष्टि हुन्छ । यी उपन्यासहरू पढ्दै जाँदा कहिले पाठकलाई कथा पढि रहेको अनुभव हुन्छ । कहिले पाठकलाई नाटक पढि रहेको अनुभव हुन्छ । त्यस्तै यी उपन्यासहरूमा निबन्धात्मक आस्वादन पनि प्राप्त गर्न सकिन्छ ।

*मुक्ति पनि मानिसले कति कुराबाट खोज्ने ? यो गणना गर्न सम्भव छैन । जीवन बाँच्नु व्यर्थ छ म पनि भन्दिनँ । तर जीवनभित्र के के अव्यर्थ छन् त भनेर पनि मैले त्यतिकै मौन बस्नु पर्ने बाध्यता छ (सातौं ऋतु. ६६) ।*

माथिको साक्ष्यले गौतमका उपन्यास भनिएका कृतिमा निबन्धको अनुभूति गर्न सकिन्छ । मीथको साक्ष्यमा आत्मपरक निबन्धको अनुभूति प्राप्त हुन्छ ।

'सातौँ ऋतु' उपन्यासमा अधि आख्यानात्मकता कारण उपन्यास भित्रका हरेक घटना र प्रसङ्गहरू निरपेक्ष रूपमा आएकाले ती स्वतन्त्र कथाहरू झै लाग्छन् । त्यसैले यो उपन्यास भनिएको कृति पढि रहँदा उपन्यास होइन कुनै कथा सङ्ग्रह पढि रहेको अनुभूति हुन्छ । यस उपन्यासमा आएका विभिन्न कथा प्रसङ्गहरू जस्तैः षडानन्द बाजेको कथानक, एउटा अनौठो मान्छेको कथानक, वासु पात्रसँग सम्बन्धित कथानक, ताडकसँग सम्बन्धित कथानक, सप्तकन्यासँग सम्बन्धित कथानक, सातौँ ऋतुसँग सम्बन्धित कथानका यी अलग अलग कथावस्तुले यस उपन्यासलाई उपन्यास विधाबाट मुक्त गरी केवल कृति मात्र वा विधा भञ्जन भई विधा मिश्रण भएको औपान्यासिक कृतिका रूपमा स्थापित गरेका छन् । 'सातौँ ऋतु' उपन्यासमा पनि संवादको आधिक्यताले नाटक समकक्षी विधाका रूपमा उपन्यासलाई पुऱ्याइ दिइएको छ ।

*बुहारी - म अन्याय सहन सक्दिन ।*

*सासु : आफ्नो घरमा न्यायालयजस्तो अन्याय खोजेर हुन्छ ?*

*बुहारी : संसारले जसरी देख्छ र पस्तुपर्छ । तर घरले अर्काकी छोरी पसेकी छ भनेर सहानुभूति गर्ने कि क्रूरता (पृ. १३९) ।*

त्यस्तो यस उपन्यासमा काव्यात्मक आस्वादन पनि गर्न सकिन्छ । तलका साक्ष्यले यस कुराको पुष्टि गर्दछ ।

*हजुरले मेरा आँखा उघारी दिनुभयो आफ्ना प्रिय वचनले । त्यसका लागि म कृतज्ञ छु । तर एउटा गुरू भएर पनि हजुरको ज्ञान चक्षु उघार्न सकिन (पृ. २०) ।*

*त्यसले के कस्तो प्रभाव उत्पन्न गर्छ, अज्ञान त्यो पनि । कसैलाई पागल, कसैलाई हत्यारा बनाइ दिन सक्थ्यो । कसैलाई आत्महत्यातर्फ उन्मुख गराई दिन्थ्यो, कसैलाई निस्पृह बनाइ दिन्थ्यो (पृ. १८) ।*

उल्लिखित साक्ष्यहरूले 'अप्रिय' र 'सातौँ ॠतु दुवै उपन्यासमा औपन्यासिक गुणहरू कम र अन्य विधाको चट्पटे स्वाद बढी मात्रामा पाइएको छ । यी उपन्यासहरूमा विशुद्ध औपन्यासिक गुणहरू पाइँदैन । यी उपन्यासमा विधालाई मिश्रण गरे वर्ण सङ्कर बनाइएको छ । त्यस्तै विधा भञ्जनको अवस्था पनि यी उपन्यास भनिएका कृतिमा पाउन सकिन्छ । अतः तुलनात्मक रूपले हेर्दा बढी मात्रमा विधा भञ्जनको अवस्था अप्रियमा भन्दा सातौँ ॠतुमा बढी देखिन्छ ।

## ४.४ निष्कर्ष

'अप्रिय' र 'सातौँ ॠतु' उपन्यास उत्तर आधुनिकतावादी चिन्तनका दृष्टिले निकै उत्कृष्ट उपन्यास हुन् । उत्तर आधुनिकतावादी मान्यताले साहित्यिक कृतिको विश्लेषणका लागि सारेका मान्यताहरूको प्रयोग गरी तिनको परीक्षण गर्दा दुवै उपन्यासमा यी मान्यताहरू स्पष्टसँग देखा परेका छन् । खासगरी साहित्यिक कृतिको विश्लेषणका क्रममा उत्तर आधुनिकतावादले अगि सारेका मान्यताहरू मध्ये यी उपन्यासहरूमा विधा मिश्रण र विधा भञ्जन भएको देखिन्छ । त्यस्तै यी दुवै उपन्यासमा केन्द्रवादको भङ्ग गरी विकेन्द्रीकरणको वा नवकेन्द्रको स्थापना भएको देखिन्छ । यी उपन्यासहरूले एकत्ववादी दृष्टिकोणको अन्त्य गरी बहुलवादी दृष्टिकोणलाई अवलम्बन गरिएको देखिन्छ । त्यस्तै यी उपन्यासमा परम्परागत महाआख्यानको अन्त्य भई प्रतिआख्यान वा आख्यानको सिर्जना भएको छ । यी उपन्यासहरूमा परम्परागत नायकत्व विस्थापित गरी अनायकत्वको स्थापना गरिएको छ । त्यस्तै उत्तर आधुनिक प्रवृत्तिका रूपमा रहेको साइबर संस्कृतिको प्रयोग पनि यी उपन्यासमा भएको छ । यी सबै आधारबाट हेर्दा उनका दुवै उपन्यासहरू उत्तर आधुनिक मान्यताको कसीमा सफल भएका छन् ।

तुलनात्मक रूपले हेर्दा अप्रिय उपन्यासमा साइबर संस्कृतिको प्रयोग, बहुनायकत्व, लेखकको मृत्यु, विधा मिश्रण जस्ता विशेषताको सघनता पाइन्छ भने सातौँ ॠतु उपन्यासमा बहुनायकत्व, प्रति आख्यानात्मकता, विधा मिश्रण, अनायकत्व जस्ता विशेषताको सघनता पाइन्छ । यति हुँदा हुँदै पनि यी दुई उपन्यासहरू आधुनिक नेपाली उपन्यास परम्परामा प्रयोगवादी नवीन मान्यता बोकेर आएका छन् । यस अर्थमा गौतम एक सफल उत्तर आधुनिक उपन्यासका रूपमा रहेका छन् ।

यसरी अप्रिय र सातौँ ऋतु उपन्यासलाई हेर्दा दुवै उपन्यासमा उत्तर आधुनिकताको प्रयोग भएको स्पष्ट रूपमा देखिन्छ । अप्रिय उपन्यासमा केही मात्रामा कथानकको शिलशिला पाइन्छ भने सातौँ ऋतुमा कथानक नै पाइँदैन । सातौँ ऋतुमा सामान्य कथानकलाई जोडेर उपन्यासको रचना भएको छ । यी उपन्यासहरूमा विशुद्ध औपन्यासिक गुणहरू पाइँदैन । यी उपन्यासमा विधालाई मिश्रण गरिएको छ । त्यस्तै विधा भञ्जनको अवस्था पनि यी उपन्यास भनिएका कृतिमा पाउन सकिन्छ । अतः तुलनात्मक रूपले हेर्दा बढी मात्रमा विधा भञ्जनको अवस्था अप्रियमा भन्दा सातौँ ऋतुमा बढी देखिन्छ । यसरी दुवै उपन्यासको तुलना गर्दा सातौँ ऋतुभन्दा उत्तर आधुनिक मान्यताका दृष्टिमा अप्रिय उपन्यास बलियो देखिन्छ ।

# पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा शोधको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश अन्तर्गत शोध परिच्छेदहरूको परिच्छेदगत सारांशलाई राखिएको छ भने निष्कर्ष अन्तर्गत प्रस्तुत शोधबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

## ५.२ सारांश

प्रस्तुत शोध पाँचवटा परिच्छेदहरूमा सङ्गठित छ । पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । शोध परिचय अन्तर्गत विषय परिचय, समस्या कथन, अध्ययनका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोध विधि तथा शोधको सङ्गठनात्मक रूपरेखा प्रस्तुत गरिएको छ । विषय परिचयमा प्रस्तुत शोधका शोध पक्षहरूलाई परिभाषित गरिएको छ । त्यस्तै समस्या कथनमा प्रस्तुत शोध अन्तर्गत तीनवटा समस्या राखिए पनि मुख्य समस्याको रूपमा उत्तर आधुनिक मान्यताका कसीमा अप्रिय र सातौं ऋतु उपन्यासको तुलनात्मक विश्लेषण कसरी गर्न सकिन्छ ? लाई लिइएको छ । शोध समस्यामा उल्लेख भएका कुराहरूलाई समाधान गर्नु यसको उद्देश्य बनेको छ । त्यस्तै पूर्व कार्यको समीक्षा अन्तर्गत प्रस्तुत शोधसँग सम्बद्ध भएर गरिएका पूर्व अध्ययनहरूलाई उल्लेख गरिएको छ । उनका अलग अलग उपन्यासको अलग अलग चर्चा भए पनि यिनको तुलनात्मक अध्ययन भएको पूर्व कार्य भने भेटिएको छैन । शोधपत्रको क्षेत्र र सीमा अन्तर्गत प्रस्तुत शोध के कस्ता सीमाभित्र बसेर सम्पन्न भएको छ भनी उल्लेख गरिएको छ । शोध विधि अन्तर्गत तुलनात्मक र विश्लेषणात्मक विधिको चर्चा गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा उत्तर आधुनिकतावादका आधारभूत मान्यताहरू प्रस्तुत गरिएको छ । उत्तर आधुनिकवादको परिचय दिँदै उत्तर आधुनिकतावादको पृष्टभूमिको सामान्य चर्चा गरिएको छ । उत्तर आधुनिकतावादले कृतिका विश्लेषणका लागि अघि सारेका

सैद्धान्तिक मान्यताहरूको चर्चा गरिएको छ । यस अन्तर्गत विकेन्द्रण, विधा मिश्रण, विधा भञ्जन, बहुलवाद, आख्यानको अन्त्य, अनायकत्व, साइबर संस्कृतिको प्रयोग, अन्त्यको धारणा आदि विशेषता/मान्यताहरूको चर्चा गरिएको छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा ध्रुवचन्द्र गौतमको सातौँ ऋतु पूर्वको उत्तर आधुनिक उपन्यास लेखन परम्परालाई प्रस्तुत गरिएको छ । यस अन्तर्गत आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियाको सामान्य चर्चा गरी तृतीय चरणका उतत्र आधुनिक उपन्यासहरूको केही विशिष्ट रूपमा चर्चा गरिएको छ । यसका साथै यस परिच्छेदमा उपन्यासकार गौतमको उपन्यास लेखनको समयलाई रेखाङ्कन गरी चरणबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा ध्रुवचन्द्र गौतमद्वारा लिखित अप्रिय सातौँ ऋतु उपन्यासमा निहीत उत्तर आधुनिकतावादी मान्यताका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । यस अन्तर्गत अप्रिय र सातौँ ऋतु उपन्यासको आख्यान सन्दर्भ देखाइ यी दुई उपन्यासमा उत्तर आधुनिकतावादी विशेषताको आधारमा तुलना गरिएको छ । यहाँ अनायकत्वगत मान्यता, अन्त्यको धारणा, साइबर संस्कृतिको प्रयोग, प्रतिआख्यानात्मकता, विकेन्द्रण, बहुलवाद, सीमान्तकृत पात्रको प्रयोग, विधा मिश्रण र भञ्जन आदि जस्ता मान्यताका आधारमा विश्लेषण र तुलना गरिएको छ । यसरी तुलनात्मक अध्ययन गर्दा यी दुवै उपन्यास महत्त्वका भए पनि अप्रियमा साइबर संस्कृतिको प्रयोग, बहु केन्द्रको स्थापना, अनायकत्वगत मान्यता, अन्त्यको धारणा जस्ता मान्यताहरू सघन रूपमा आएका छन् भने सातौँ ऋतु उपन्यासमा अनायकत्वगत मान्यता, प्रतिआख्यानात्मकता, विकेन्द्रण, विधा मिश्रण जस्ता मान्यताहरू सघन रूपमा आएका छन् । यसरी समग्र रूपमा हेर्दा विषय, प्रवृत्ति शिल्पका दृष्टिले सातौँ ऋतुभन्दा अप्रिय उपन्यास उत्तर आधुनिकतावादी कोणबाट सशक्त देखिएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधको पाँचौ परिच्छेदमा उपसंहारको रूपमा सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश अन्तर्गत परिच्छेदगत सारांशलाई प्रस्तुत गरिएको छ भने निष्कर्ष अन्तर्गत प्रस्तुत शोधबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । यसमा सारांशको रूपमा समग्र शोधपत्रलाई परिच्छेदगत रूपमा विभाजन गरी गरिएका कुराहरू समग्रमा प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

प्रस्तुत शोधका निष्कर्षहरूलाई निम्नानुसार बुँदामा उल्लेख गरिएको छ ।

५.३.१ ध्रुवचन्द्र गौतम आधुनिक नेपाली उपन्यास आधुनिकता उत्तर आधुनिकतावादी प्रवृत्ति सहित २०२४ सालपछि देखा परेका सशक्त उपन्यासकार हुन् ।

५.३.२ उनको आगमनले आधुनिक नेपाली उपन्यासले संरचना र रूपविन्यास दुवै तहमा नवीन स्वरूप र उचाइ प्राप्त गरेको छ ।

५.३.३ गौतमका उपन्यास सङ्ख्यात्मक रूपमा जति धेरै छन् गुणात्मक रूपमा पनि ती उच्च मूल्ययुक्त छन् । अतः गौतम सङ्ख्यात्मक र गुणात्मक दुवै रूपले आधुनिक नेपाली उपन्यास परम्पराको उल्लेख्य उपन्यासकार हुन् ।

५.३.४ 'अप्रिय' र 'सातौँ ऋतु' दुवै उपन्यासमा परम्परागत विषय र शिल्पका परित्याग गरी नवीन शिल्प र मौलिक निजात्मक अस्तितत्व कायम गर्न सफल भएका छन् । अतः यी दुवै उपन्यासमा परम्पराभिन्न नवीन उत्तर आधुनिक प्रवृत्ति पाइन्छ ।

५.३.५ यी उपन्यासहरूमा महाआख्यान र नायकत्वको अन्त्य गरी प्रतिआख्यानात्मकता र अनायकत्वको सिर्जना गरिएको छ । यस अर्थमा यी परम्परा विरोधी सफल उपन्यासहरू हुन् ।

५.३.६ यी दुवै उपन्यासमा साइबर संस्कृतिको प्रयोग भएको छ । वर्तमान समयमा बढ्दै गएको सूचना र सञ्चार प्रविधिको प्रयोग तथा तिनले निम्त्याएका विसङ्गति र समस्याहरूलाई पनि देखाउन यी उपन्यासहरू सफल भएका हुन् ।

५.३.७ यी दुवै उपन्यासमा विधा मिश्रणको उपस्थिति छ भने परम्परित विधा संरचनाको अतिक्रमण भएको हुँदा विधा भञ्जन पनि भएको छ । विधा मिश्रण अर्न्तगत उपन्यास भनिएका यी कृतिमा कविता, नाटक, कथा र निबन्धका गुणहरू प्राप्त गर्न सकिन्छ । यस अर्थमा यी दुवै विधा भञ्जन र विधा मिश्रणका दृष्टिले सफल उपन्यासहरू हुन् ।

५.३.८ यी दुवै उपन्यासहरूमा केन्द्र भङ्गको प्रवृत्ति पाइन्छ । यी उपन्यासमा एउटा केन्द्रको भङ्ग भई त्यसका सट्टामा अन्य बहु केन्द्रहरूको स्थापना भएको छ । अर्थात् यी उपन्यासमा नवकेन्द्रवादकको स्थापना भएको छ ।

५.३.९ यसरी तुलनात्मक अध्ययन गर्दा यी दुवै उपन्यास महत्त्वका भए पनि अप्रियमा साइबर संस्कृतिको प्रयोग, बहु केन्द्रको स्थापना, अनायकत्वगत मान्यता, अन्त्यको धारणा जस्ता मान्यताहरू सघन रूपमा आएका छन् भने सातौँ ऋतु उपन्यासमा अनायकत्वगत मान्यता, प्रतिआख्यानात्मकता, विकेन्द्रण, विधा मिश्रण जस्ता मान्यताहरू सघन रूपमा आएका छन् । यसरी समग्र रूपमा हेर्दा विषय, प्रवृत्ति शिल्पका दृष्टिले सातौँ ऋतुभन्दा अप्रिय उपन्यास उत्तर आधुनिकतावादी कोणबाट सशक्त देखिएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

५.३.१० यी सबै मान्यता र प्रवृत्तिका आधारमा हेर्दा यी दुई उपन्यासहरू आधुनिक नेपाली उपन्यास परम्परामै सशक्त उत्तर आधुनिक चेतनाको प्रयोग भएका कृतिहरू हुन् ।

**थप अध्ययनका लागि सम्भावित शोध शीर्षकहरू**

१. अप्रिय र सातौँ ऋतु उपन्यासको संरचनागत विश्लेषण

२. अप्रिय र सातौँ ऋतु उपन्यासको भाषिक प्रयुक्तिको अध्ययन

३. सातौँ ऋतु उपन्यासको विनिर्माणिक पठन आदि ।

## सन्दर्भ सामाग्री


अब्राम्स, एम.एच. (१९९६) *ग्लोसरी अफ लिटररी टर्म्स,* दिल्ली : प्रिज्म बुक प्रा.लि., ई. ।

उप्रेती, राजेन्द्र. (२०७२). *समकालीन नेपाली उपन्यास.* काठमाडौं : तन्नेरी प्रकाशन ।

उप्रेती, सञ्जीव. (२०६८)*सिद्धान्तका कुरा.* काठमाडौं : अक्षर क्रिएसन ।

काइँला, वैरागी.(२०६०). लीला, लीलात्व र लील लेखन : सरल भाषामा इन्द्र बहादुर राईको विचार. विराटनगर : वनिता प्रकाशन ।

गौतम, कृष्ण. (२०६४). *उत्तर आधुनिक जिज्ञासा.* काठमाडौं : भृकुटी पब्लिकेसन ।

गौतम, ध्रुवचन्द्र. (२०६७*). अप्रिय.* ललितपुर : साझा प्रकाशन, ।

___________.(२०६८). *सातौं ऋतु.* ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मण प्रसाद. सुवेदी, राजेन्द्र. (सम्पा.२०६८). *उत्तर आधुनिकतावाद, रत्न सैद्धान्तिक समालोचना.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, कौशिला. (२०७३). *मनिषा गौचनका उपन्यासहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग पृथ्वी नारायण क्याम्पस पोखरा ।

न्यौपाने, श्रीधर. (२०६९). *डायस्पोरा सहितका समालोचनाहरू.* कास्की : नेपाली लेखक संघ ।

पाबेल, जिम. ( ई.२००१). *पोस्टमोर्डनिज्म.* दिल्ली : ओरेन्टल लङमेन लिमिटेड ।

पौडेल, विष्णु प्रसाद. (२०६८). *उपन्यास समालोचना.* काठमाडौं : भुडी पुराण प्रकाशन ।

___________. (२०६९). *समकालीन नेपाली साहित्य चिन्तन र उपन्यास समालोचना.* पोखरा : आशीर्वाद पुस्तक पसल ।

___________.(२०६४). *साहित्यमा आधुनिकता.* प्रज्ञामञ्च (वर्ष २१, अङ्क १०, श्रावण) पृ. १३१-१३६ ।

प्रधान, कृष्ण चन्द्र सिंह .(२०४३). नेपाली उपन्यास परम्परा र पृष्ठ भूमि. दार्जिलिङ : दीपा प्रकाशन ।

__________. (२०६०). *ध्रुवचन्द्र गौतमको उपन्यासकारिता.* मधूलिका वर्ष १०, पूर्णाङ्क ९ ।

__________. (२०६१). *नेपाली उपन्यास र उपन्यासकारहरू .ललितपुर : साझा प्रकाशन ।*

प्रसाइँ, गणेश बहादुर. (२०६८). "भूमिका" *सातौँ ॠतु.* ललितपुर : साझा प्रकाशन ।

बराल, ॠषि राज. (२०६३). *उत्तर आधुनिकतावाद र समकालिन यथार्थ.* काठमाडौं : प्रगतिशील साहित्य अध्ययन केन्द्र ।

बस्ताकोटी, भूमि राज. (२०६५). *स्वैर कल्पनाका कोणबाट अग्तिदत्त + अग्निदत्त उपन्यासको विश्लेषण.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग पृथ्वी नारायण क्याम्पस पोखरा ।

भट्टराई, गोविन्द राज.(२०६४) *उत्तर आधुनिक विमर्श.* काठमाडौं : मोर्डन बुक हाउस ।

भट्टराई, रञ्जना. (२०७१). *सातौँ ॠतु उपन्यासको विधा तात्विक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

भण्डारी, जीवन चन्द्र. (२०६९). *उत्तर आधुनिकतावादी कोणबाट अप्रिय उपन्यासको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, पृथ्वी नारायण क्याम्यस पोखरा ।

रेग्मी, अनुपमा. "*ध्रुवचन्द्रका उपन्यासमा वस्तुप्रयोग र अप्रिय उपन्यासको विशिष्टता"* (मधुपर्क, २०६८, श्रावण) ।

वर्तमान, गोविन्द. *"एउटा अग्लो उपन्यास"* (नागरिक दैनिक, २०६९ वैशाख १) : १२ ।

शर्मा, मोहन राज. (२०६६ ). *समकालीन समालोचना, काठमाडौं* : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

__________. (२०६६). *आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना.* काठमाडौं : केवेस्ट पब्लिकेसन ।

शर्मा मोहन राज र लुइँटेल खगेन्द्र प्रसाद. (२०६१). *पूर्वीय पाश्चात्य सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

__________. (२०६३). *पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र. (२०६३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* ललितपुर : साझा प्रकाशन ।